सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ असार २०८०, बिहीबार (29 June 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ७७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ प्रधानमन्त्रीले संसद्मा सुनाए ६ महिनाका उपलब्धि

'कार्यसम्पादनमा डिस्टिङसन नै पाउनुपर्ने ठानेको छु'



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारको ६ महिनाको कार्यसम्पादन सन्तोषजनक रहेको बताएका छन्। बुधबार प्रतिनिधिसभामा सरकारको ६ महिने उपलब्धि, सोच र गन्तव्य सुनाउँदै उनले कामले डिस्टिङसन नै पाउनुपर्ने ठानेको सुनाए।

'नम्बर कति आउँछ भविष्यले देखाउँछ। पास मात्रै होइन, मेरिटमै पास भइन्छ भन्ने लागेको छ,' उनले भने, '६ महिनाको काममा मूलभूत रूपमा सन्तुष्ट भएकाले डिस्टिङसन नै पाउनुपर्ने ठानेको छु।'

प्रधानमन्त्री प्रचण्डले आगामी वर्षको बजेट कार्यान्वयनमार्फत उच्च आर्थिक वृद्धिको आधार तयार हुने विश्वास रहेको बताए। 'आगामी बजेटबाट उत्पादन र उत्पादकत्व वृद्धि, देशभित्रै आय र रोजगारीका अवसरहरूको प्रत्याभूतिमा सरकार प्रतिबद्ध छ,' उनले भने, 'आउँदो वर्ष आर्थिक र सामाजिक पूर्वाधार निर्माण भई उच्च आर्थिक वृद्धिको आधार तयार हुने विश्वास छ।'

■ **बजेटमा विपक्षीले गरायो सरकारको शक्ति परीक्षण**

पहिलोपटक मत विभाजन, बहुमतले पारित

विस्तृत पृष्ठ ११ मा

प्रधानमन्त्रीले सुशासन सरकारको उच्च प्राथमिकतामा रहेको बताए। उच्चपदस्थलाई समेत कारबाही गरेर सरकार सुशासनको पक्षमा दृढताका साथ उभिएको उनको भनाइ छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा इतिहासकै ठूलो अनुसन्धान र कारबाहीपछि हाई प्रोफाइल व्यक्तिहरू कानुनभन्दा माथि छन् भन्ने स्थापित निराशावादी आममनोविज्ञान भत्काएर कानुन र लोकतन्त्रको सर्वोच्चता स्थापित गरेको प्रधानमन्त्रीको दाबी छ।

असन्तोष र आक्रोशमा रहेका जनतामा भरोसा जगाएको, लोकतन्त्रको सर्भिसिङ र शुद्धीकरण सुरु भएको पनि प्रधानमन्त्रीले बताए। 'यो शुद्धीकरण अब रोकिनेछैन। प्रधानमन्त्रीनिवास नै निल्न खोज्ने ललितानिवास काण्डका अभियुक्त पक्राउ पर्न थालेका छन्। मिटरब्याजी र सहकारीका ठगहरूमाथि कारबाही सुरु भइसकेको छ। वर्षौंदेखिको विकृतिको डंगुर सफा गर्ने सुशासनको सर्वोच्चता स्थापित गरेको प्रधानमन्त्रीको दाबी छ।

» पृष्ठ ११ मा क्रमशः

प्रधानमन्त्रीले सदनमा भने-

- **लोकतन्त्रको सर्भिसिङ र शुद्धीकरण सुरु गरिएको छ। यो अब रोकिनेछैन। प्रधानमन्त्रीनिवास नै निल्न खोज्ने ललितानिवास काण्डका अभियुक्त पक्राउ पर्न थालेका छन्। मिटरब्याजी र सहकारीका ठगहरूमाथि कारबाही सुरु भइसकेको छ। वर्षौंदेखिको विकृतिको डंगुर सफा गर्ने सुशासनको यो लडाइँमा मलाई संसद् र जनताको थप समर्थन चाहिएको छ।**
- **भौतिक पूर्वाधार विकासमा उल्लेख्य प्रगति भएको छ। ४०८ मेगावाट विद्युत् उत्पादन क्षमता थपिएर थप तीन प्रतिशत जनसंख्यामा विद्युत्को पहुँच पुगेको छ। विद्युत्मा शतप्रतिशत जनताको पहुँच हुने सबै आधार तयार भएको छ।**
- **नेपाल र भारतबीच दश वर्षमा दश हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भयो। फुकोट कर्णाली ४८० मेगावाट र तल्लो अरुण ६६९ मेगावाट निर्माण गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर हुनुका साथै बुटवल-गोरखपुर प्रसारण लाइन (४०० केभी)को शिलान्यास भएको छ। बंगलादेशसहित त्रिपक्षीय विद्युत् बिक्री सम्झौताको वातावरण बनेको छ।**
- **यस आर्थिक वर्षमा साढे ७८ हजार मेट्रिकटन रासायनिक मलको आपूर्ति सुनिश्चित भएको छ। यसबाहेक एक लाख ९५ हजार नौ सय मेट्रिकटन रासायनिक मल आयात भई एक लाख ४५ हजार नौ सय मेट्रिकटन मल अनुदानित मूल्यमा वितरण नै भइसकेको छ। आगामी आर्थिक वर्षका लागि पनि समयमै रासायनिक मल व्यवस्थापन गर्न ३० अर्ब रकम विनियोजन गरिएको छ। देशमै मल कारखाना खोल्ने प्रक्रिया अघि बढेको छ।**
- **मेलम्ची खानेपानी आयोजनाका आवश्यक संरचनाको मर्मतसम्भार सम्पन्न भई बाह्रै महिना नियमित पानी वितरणको सुनिश्चितता गरिनुका साथै यस अवधिमा विभिन्न आयोजनामार्फत एक लाख ६६ हजार थप जनसंख्यालाई प्रशोधित खानेपानीको प्रत्याभूति गरिएको छ।**
- **हुम्लादेखि ताप्लेजुङसम्मका दुर्गम जिल्लाका सामुदायिक विद्यालयमा शैक्षिक सत्रअगावै पाठ्यपुस्तक पुऱ्याइएको छ। विद्यार्थीलाई नो अब्जेक्सन सर्टिफिकेट आफनै मोबाइलमा प्राप्त गर्ने व्यवस्था गरिएको छ।**

■ ललितानिवास जग्गा हिनामिना प्रकरण

दुई पूर्वमन्त्रीसहित अधिकृतमाथिका ३९ जना सिआइबीको 'हिट लिस्ट'मा



सिआइबी प्रमुख एआइजी किरण बज्राचार्य भन्छिन्-

सरकारी जग्गा व्यक्तिको नाममा लगिएको छ। यसका लागि कागजात किर्ते गरिएका छन्। यो धन्दामा सम्बन्धित निकायका 'मेजर पोस्ट'मा रहेकाहरूको खास संलग्नता देखिन्छ। अबको कारबाही उनीहरूविरुद्ध केन्द्रित हुनेछ। उनीहरूविरुद्ध पक्राउ पुर्जीसमेत जारी भइसकेको छ।

टेकराज थामी/नयाँ पत्रिका

बहुचर्चित ललितानिवास जग्गा हिनामिना प्रकरणका पक्राउ अभियुक्तविरुद्ध सात दिनको म्याद थप भएलगत्तै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई घटनाको थप अनुसन्धान गर्ने बाटो खुलेको छ। संलग्न अन्य अभियुक्तलाई पनि पक्राउ गर्ने तयारी छ। जग्गा हिनामिना गर्ने क्रममा सरकारको कार्यकारी तहमा रहेकाहरूलाई सिआइबीले 'हिट लिस्ट'मा राखेको छ, जसमा ३९ जनाभन्दा धेरै छन्। उनीहरू अधिकांशविरुद्ध पक्राउ पुर्जी जारी भइसकेको छ।

सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले ललितानिवासको जग्गा हिनामिना गर्दा त्यतिबेला सम्बन्धित सरकारी निकायको कार्यकारी तहमा रहेकाहरूविरुद्ध अबको 'अप्रेसन' केन्द्रित हुने बताइन्। 'सरकारी जग्गा व्यक्तिको नाममा गएको छ। यसका लागि कागजात किर्ते गरिएका छन्। यो धन्दामा

» पृष्ठ ११ मा क्रमशः

■ अख्तियारले मुद्दा दायर गरेका यी सिआइबीको पनि निसानामा



विजयकुमार गच्छदार
तत्कालीन भौतिकमन्त्री



डम्बर श्रेष्ठ
तत्कालीन भूमिसुधारमन्त्री



दीप बस्न्यात
तत्कालीन भौतिकसचिव



छविराज पन्त
तत्कालीन भूमिसचिव



दिनेश अधिकारी
तत्कालीन भूमिसचिव

- **रुद्रकुमार श्रेष्ठ** — **महानिर्देशक, भूमिसुधार तथा व्यवस्था विभाग**
- **अशोकनाथ उप्रेती** — **महानिर्देशक, सहरी विकास तथा भवन निर्माण विभाग**
- **रुद्रकुमार श्रेष्ठ** — **महानिर्देशक, भूमिसुधार तथा व्यवस्था विभाग**
- **पुष्पराज उपाध्याय** — **महानिर्देशक, भूमिसुधार तथा व्यवस्था विभाग**
- **तेजराज पाण्डे** — **सहसचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय**
- **जितबहादुर थापा** — **सहसचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय**
- **हरिकृष्ण तिमिल्सिना** — **प्रमुख, नापी कार्यालय, डिल्लीबजार**
- **विनोदकुमार गौतम** — **उपसचिव (कानुन), भौतिक योजना तथा निर्माण मन्त्रालय**
- **लक्ष्मीनारायण उप्रेती** — **उपसचिव, मालपोत कार्यालय, डिल्लीबजार**
- **सरोजराज राजभण्डारी** — **प्रमुख, भवन निर्माण तथा सम्भार डिभिजन**
- **पुष्पराज उपाध्याय** — **निर्देशक, भूमिसुधार तथा व्यवस्था विभाग**
- **राजेन्द्रमान श्रेष्ठ** — **इन्जिनियर, भवन निर्माण सम्भार डिभिजन कार्यालय**
- **बालकृष्ण श्रेष्ठ** — **इन्जिनियर, भवन निर्माण सम्भार डिभिजन कार्यालय**
- **इन्द्रप्रसाद ढुंगाना** — **शाखा अधिकृत, भूमिसुधार तथा व्यवस्था विभाग**
- **टीकाराम घिमिरे** — **अधिकृत, मालपोत कार्यालय, डिल्लीबजार**
- **सुरेन्द्र कपाली** — **अधिकृत, मालपोत कार्यालय, डिल्लीबजार**
- **धर्मप्रसाद गौतम** — **अधिकृत, मालपोत कार्यालय, डिल्लीबजार**
- **मोहम्मद साबिर हुसैन** — **अधिकृत, नापी कार्यालय, डिल्लीबजार**
- **कृष्ण पौडेल** — **अधिकृत नापी कार्यालय, डिल्लीबजार**
- **प्रेमबहादुर खापुङ** — **अधिकृत, नापी कार्यालय, डिल्लीबजार**
- **शंकरप्रसाद सुवेदी** — **अधिकृत, भूमिसुधार कार्यालय**
- **कमल घिमिरे** — **नापी कार्यालय, डिल्लीबजार**
- **देवबहादुर लामिछाने** — **सर्भेक्षक, नापी कार्यालय, डिल्लीबजार**
- **जनक भण्डारी** — **अधिकृत, नापी कार्यालय, डिल्लीबजार**
- **सेमन्तराज चापागाई** — **प्रशासक, गुठी संस्थान, प्रधान कार्यालय**

» बाँकी ११ मा क्रमशः

पक्राउ परेकाहरूको बयान आजदेखि हुन सक्ने

ललितानिवास जग्गा हिनामिना प्रकरणमा सिआइबीले मंगलबार मीनबहादुर गुरुङ र सुधीरकुमार शाहसहित मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख कलाधर देउजा, सोही कार्यालयका कर्मचारी सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, हुपेन्द्रमणि केसी र गोपाल कार्कीलाई पक्राउ गऱ्यो। जसमध्ये गुरुङ, शाह, गौतम र कार्कीलाई सिआइबीको हिरासत कक्षमा राखिएको छ। अदालतबाट पहिले नै 'स्टे अर्डर' जारी भएकाले केसी, देउजा र कपालीलाई भने हाजिर जमानीमा छाडिएको छ।

यद्यपि, सिआइबीले बयान भने सबै अभियुक्तसँग लिनेछ। सिआइबीका अनुसार बयान बिहीबारबाटै सुरु हुनेछ। थप अनुसन्धानका लागि सिआइबीले उनीहरूको बयानलाई मुख्य आधार बनाउनेछ। बयानमा पोलिएका र घटना पुष्टि गर्ने ठोस प्रमाणपछि सिआइबीले 'हिट लिस्ट'बाहेकका अन्य अभियुक्तलाई पनि पक्राउ गर्नेछ। सिआइबी प्रमुख एआइजी बज्राचार्यले पक्राउ अभियुक्तको बयानपछि अनुसन्धानले नयाँ मोड समाल्ने बताइन्। 'पक्राउ अभियुक्तसँग अब बयान हुनेछ। उनीहरूको बयानका आधारमा अनुसन्धानले निश्चित रूपमा नयाँ मोड लिनेछ। यसक्रममा उनीहरूले पोलेका व्यक्ति र प्रमाणले पुष्टि गरेको खण्डका अन्य व्यक्ति पनि पक्राउ पर्नेछन्,' उनले भनिन्।

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विपन्नका लागि सात सरकारी अस्पतालले छुट्याए २०२८ निःशुल्क बेड



अन्य अस्पतालमा रहेका क्रिटिकल केयर र क्याबिनबाहेकका बेड सर्वसाधारणका लागि निःशुल्क गर्ने स्वास्थ्य मन्त्रालयको तयारी

(विस्तृत पृष्ठ ३)

अघि बढ्यो नेपाल-भारत दीर्घकालीन ऊर्जा व्यापार र पेट्रोलियम पूर्वाधार निर्माण प्रक्रिया

भारतको मन्त्रिपरिषद्मा दीर्घकालीन ऊर्जा व्यापार प्रस्ताव

(विस्तृत पृष्ठ ९)

■ काठमाडौं महानगरका सहकारीमा गम्भीर समस्या

दश हजार बचतकर्ताको २० अर्ब हिनामिना गर्ने ६८ सहकारीमाथि कारबाही सिफारिस



महानगरका सहकारी विभाग प्रमुख बलराम त्रिपाठी भन्छन्-



हामीकहाँ रहेका सहकारीमध्ये धेरैले रकम हिनामिना गरेको पाइएको छ। सामान्य प्रमाण र बचतकर्ताको उजुरीका आधारमा कारबाहीका लागि हामीले ६८ सहकारीको विवरण नेपाल प्रहरीको सिआइबीलाई पठाएका छौं। धेरै सहकारी धराशयी छन्, उनीहरूले बचतकर्ताको अर्बौं रकम हिनामिना गरेका छन्, दुई पक्षलाई राखेर समन्वय गर्न नसकेपछि प्रहरीको जिम्मा लगाएका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले सर्वसाधारणको निक्षेप हिनामिना गरेका ८३ मध्ये ६८ सहकारीमाथि कारबाही प्रक्रिया अगाडि बढाउन नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई सिफारिस गरेको छ। उनीहरूले दश हजारभन्दा बढी बचतकर्ताको २० अर्बभन्दा बढी हिनामिना गरेको अनुमान छ।

एकपछि अर्को ठूला सहकारी समस्यामा परिरहेका वेला काठमाडौं महानगरपालिकाभित्रका दर्जनौं सहकारीले पनि सर्वसाधारणको निक्षेप हिनामिना गरेको पाइएको हो। सहकारीहरूले बचतकर्ताको ठूलो रकम हिनामिना गरेपछि महानगरको सहकारी विभागमा उजुरी दिनेको संख्या बढेको छ।

» पृष्ठ ११ मा क्रमशः

अभिमत सहकारीले ठग्यो दुई अर्ब

महानगरको क्षेत्राधिकारभित्र सञ्चालनमा रहेको सबैभन्दा ठूलो बचत तथा ऋण सहकारी संस्था अभिमत सहकारी हो। यो सहकारीले झन्डै दुई हजार बचतकर्ताको दुई अर्बभन्दा धेरै रकम हिनामिना गरेको पाइएको छ। बचतकर्ताले उजुरी दिएपछि महानगरले कारबाहीका लागि सिआइबीमा फाइल तथा निवेदन पठाएको छ। हाल यो सहकारीका सञ्चालक फरार रहेको महानगरले जनाएको छ। ठूलो रकम लिएर सञ्चालक भागेपछि बचतकर्ता तथा सदस्यले उजुरी दिएका थिए।

प्रतिवेदनको विवरण पेस गर्न ३० दिनको समय

काठमाडौं महानगरपालिकाले एक महिनाभित्र महानगरभित्र रहेका सहकारीलाई महानगरको सहकारी विभागमा संस्थाको साधारणसभा र लेखापरीक्षण प्रतिवेदन बुझाउन निर्देशन दिएको छ। 'कानुनी व्यवस्था हुँदाहुँदै केही सहकारी संस्थाले साधारणसभाको जानकारी, लेखापरीक्षण प्रतिवेदनलगायत तोकिएबमोजिमका विवरण समयमै पेस गर्ने गरेको नपाइएको हुँदा यो सूचना प्रकाशित गरिएको छ,' महानगरको सूचनामा छ।

बाँदरपीडित धादिङका किसानले हेटौंडा पुगेर प्रदेश सभाअगाडि गरे प्रदर्शन

हेटौंडामा **पोष्टराज अधिकारी**
धादिङमा **अर्जुन श्रेष्ठ**

■ निरन्तर आन्दोलनमा बाँदरपीडित किसान

■ ०७४ मै सर्वोच्चको आदेश- बाँदरबाट हुने क्षतिको क्षतिपूर्ति दिनू



अन्नबाली नष्ट गरेपछि बाँदर नियन्त्रण र क्षतिपूर्तिको मागसहित बुधबार बागमती प्रदेश सभा भवनअगाडि प्रदर्शनमा उत्रिएका किसान

अन्नबाली नष्ट गरेपछि बाँदर नियन्त्रण र क्षतिपूर्तिको मागसहित धादिङका किसानले बुधबार हेटौंडास्थित बागमती प्रदेश सभाअगाडि प्रदर्शन गरेका छन्। बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको गृहजिल्लासमेत रहेको धादिङका किसानले बाँदर नियन्त्रण गर्न नसके गाँजाखेती गर्न पाउनुपर्ने माग राखेका छन्।

बाँदरले अन्नबालीसँगै फलफूल नोक्सानी गरेपछि नीलकण्ठ नगरपालिका तथा सिद्धलेक र ज्वालामुखी गाउँपालिकाका कम्तीमा डेढ सय किसान हेटौंडा पुगेका थिए। 'किसान मार्न पाइँदैन, बाँदर पाल्न पाइँदैन', 'बाँदर आतंक बन्द गर', 'प्रदेश सरकार कहाँ छ ? बाँदरपीडित यहीं छ' लगायत नारा लगाउँदै उनीहरूले प्रदर्शन गरेका थिए।

केहीबेरको प्रदर्शनपछि मुख्यमन्त्री जम्कट्टेल र आर्थिक मामिलामन्त्री बहादुरसिंह लामासँग उनीहरूले छलफल गरेका थिए। तत्काल बाँदर नियन्त्रणको पहल गर्न उनीहरूको आग्रह थियो।

छलफलपछि मुख्यमन्त्री जम्कट्टेलले बाँदर नियन्त्रणका लागि सरकारले कुनै न कुनै उपाय अपनाउने बताए। उनले उपयुक्त समयमा उपयुक्त

» पृष्ठ ११ मा क्रमशः

नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०३/१४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०७९/१२/०२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **पर्सा बजार शाखा, चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

१ **ऋणी फर्मको नाम र ठेगानाको विवरण**

प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा, मितिः २०७७/०५/२४ मा दर्ता नं. ८७/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री शिव शक्ति ढुवानी सेवा ।**
ठेगानाः चितवन जिल्ला, खैरहनी नगरपालिका, वडा नं. ८, पवित्र भुमि, चितवन ।

ऋणी फर्मका प्रोप्राइटरको विवरण

साक्य बहादुर खड्काको नाति, राम भरत खड्काको छोरा, मकवानपुर जिल्ला, हैटौडा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ बस्ने नागरिकता नं.२७/२२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मितिः वि.सं. २०५३/१२/१४ भएको **श्री विनोद खड्का ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

बिर बहादुर सुबेदीकी छोरी, राम भरत खड्काकी बुहारी, विनोद खड्काकी श्रीमती, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ बस्ने नागरिकता नं. ३१३०२३/१६३७ख, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मितिः वि.सं. २०६३/११/१४ भएकी **श्री ललिता खड्का ।**

२ **ऋणी फर्मको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर चितवनमा, मितिः २०७५/०६/२२ मा प्रा.फ.र.नं. ४९५/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री ओपन डोर वाइन शप ।**
ठेगानाः चितवन जिल्ला, खैरहनी नगरपालिका, वडा नं. ८, पवित्र भुमि, चितवन ।

ऋणी फर्मका प्रोप्राइटरको विवरण

बिर बहादुर सुबेदीकी छोरी, राम भरत खड्काकी बुहारी, विनोद खड्काकी श्रीमती, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ बस्ने नागरिकता नं. ३१३०२३/१६३७ ख, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मितिः वि.सं. २०६३/११/१४ भएकी **श्री ललिता खड्का ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

साक्य बहादुर खड्काको नाति, राम भरत खड्काको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ बस्ने नागरिकता नं. २७/२२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मितिः वि.सं. २०५३/१२/१४ भएको **श्री विनोद खड्का ।**

संस्थागत जमानतकर्ताको विवरण

प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा, मितिः २०७७/०५/२४ मा दर्ता नं. ८७/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री शिव शक्ति ढुवानी सेवा ।**

३ **ऋणीको नाम र ठेगानाको विवरण**

साक्य बहादुर खड्काको नाति, राम भरत खड्काको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ बस्ने नागरिकता नं. २७/२२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मितिः वि.सं. २०५३/१२/१४ भएको **श्री विनोद खड्का ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

बिर बहादुर सुबेदीकी छोरी, राम भरत खड्काकी बुहारी, विनोद खड्काकी श्रीमती, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ बस्ने नागरिकता नं. ३१३०२३/१६३७ ख, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मितिः वि.सं. २०६३/११/१४ भएकी **श्रीमती ललिता खड्का ।**

संयुक्त धितोको विवरण

मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ बस्ने **श्रीमती ललिता खड्का**को नाममा दर्ता भई यस बैंकको पक्षमा **श्री शिव शक्ति ढुवानी सेवा, श्री ओपन डोर वाइन शप** र **श्री विनोद खड्का**को नाममा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सावित चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. १ हाल खैरहनी न.पा. वडा नं. ८ मा अवस्थित कि.नं. ३३२४ क्षेत्रफल ०-०-५.५-० विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **पर्सा बजार शाखा कार्यालय, चितवन**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मितिः २०८०/०३/२८ गते ५:०० बजे भित्र यस बैंकको **पर्सा बजार शाखा कार्यालय, चितवन**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०३/२९ गते ३:०० बजे बैंकको **पर्सा बजार शाखा कार्यालय, चितवन**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **पर्सा बजार शाखा कार्यालय, चितवन**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

उपत्यकामा बिआरटी बस चलाउन प्रधानमन्त्री कार्यालयले दियो स्वीकृति

पहिलो चरणमा सूर्यविनायकदेखि रत्नपार्कसम्म चलाइने, कार्ययोजना बनाउँदै यातायात व्यवस्था विभाग

शिवहरि घिमिरे/नयाँ पत्रिका

भनेको वेला सार्वजनिक यातायात नपाउने पाए पनि अत्यधिक जाम र भिडका कारण भक्तपुर-काठमाडौं यात्रा गर्ने सर्वसाधारणले वर्षौंदेखि सास्ती खेप्दै आइरहेका छन् । निर्धारित भाडा तिर्दा पनि गुणस्तरीय सेवा नपाउँदा यस क्षेत्रका यात्रुले समयको बर्बादी र स्वास्थ्यमा समेत असर परिरहेको गुनासो गरिरहेका थिए । अब यस रुटका यात्रुहरूलाई राहत मिल्ने गरी सरकारले सुधारिएको बस सेवा सञ्चालन गर्ने तयारी गरेको छ । भक्तपुरको सूर्यविनायकदेखि रत्नपार्कसम्म करिब १३ किलोमिटर दूरीमा सुधारिएको बस (बस च्यापिड ट्रान्जिट) सञ्चालन गर्न प्रधानमन्त्री कार्यालयले स्वीकृति दिएको छ । बिआरटी बस सञ्चालनपछि ३५ मिनेटमै यो गन्तव्य पार हुन्छ, हाल यो दूरी पार गर्न डेढ-दुई घन्टासम्म समय लाग्ने गर्छ ।

उपत्यकामा पहिलो चरणमा सूर्यविनायकदेखि रत्नपार्कसम्म सुधारिएको बस सेवा (बस च्यापिड ट्रान्जिट) सञ्चालन गर्न सकिने अध्ययनले देखाएको थियो । यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईको संयोजकत्वमा बनेको काठमाडौं उपत्यकामा डेडिकेटेड लेनमा ठूला बस सञ्चालन गर्नेसम्बन्धी अध्ययन कार्यदलले गरेको अध्ययनमा यस्तो देखिएको हो । सरकारले सुधारिएको बस सेवा सञ्चालनका लागि गत ११ वैशाखमा कार्यदल गठन गरेपछि २१ जेठदेखि ५ असारसम्म अध्ययन गरेको थियो । अध्ययनमा उपत्यकाको बढी यात्रुको चाप हुने क्षेत्रमा सुधारिएको बस सेवा सञ्चालन गर्न सकिने देखिएको विभागका महानिर्देशक भट्टराईले जानकारी दिए । उनका अनुसार ६ असारमा अध्ययन प्रतिवेदन प्रधानमन्त्री कार्यालयमा आयोजित बैठकमा पेस गरिएको थियो । बैठकले उक्त बस सेवा सञ्चालन गर्न सकिने निष्कर्ष निकालेको हो । 'अध्ययन सकेपछि प्रधानमन्त्री कार्यालयमा प्रतिवेदन पेस गरिसकेका थियौं,' महानिर्देशक भट्टराईले भने, 'कार्यालयबाट स्वीकृति पाएपछि विभागले थप गृहकार्य गरिरहेको छ ।' उनका अनुसार स्वीकृतिसहित विभागलाई गृहकार्य गर्न निर्देशन आएको छ । पत्रमा सुरुको चरणमा सूर्यविनायक-रत्नपार्क खण्डमा बस सञ्चालन गर्न अनुरोध गरेको छ ।

उक्त बस सेवा सञ्चालनपछि यात्रुहरू ट्राफिक जाममा नपर्ने, गन्तव्यमा छिटो पुग्ने र सार्वजनिक यातायातप्रति सर्वसाधारणको आकर्षण बढ्ने विश्वास छ । नेपालमा यस्तो सुविधासहितको बस सञ्चालन पहिलो हुनेछ । यसअघि सन् २०१८ मा पनि द्रुत बस सेवा सञ्चालनबारे लगानी बोर्डको टोलीले अध्ययन गरेको थियो । उक्त अध्ययन प्रतिवेदन प्रधानमन्त्री कार्यालय, तत्कालीन समयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागलगायतमा बुझाएको थियो । अध्ययनले द्रुत बस सञ्चालनको सम्भावना देखाए पनि सरकारले बेवास्ता गर्दै आएको थियो । तर, पछिल्लो समय यसबारे प्रधानमन्त्री कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागले प्राथमिकतामा राखेपछि बस सेवा सञ्चालनको सम्भावना बढेको हो ।



बिआरटी सब चलाउन प्रस्ताव गरिएको सूर्यविनायक-रत्नपार्क सडकको कोटेश्वर-सूर्यविनायक खण्ड । तस्बिर : नयाँ पत्रिका

के हो बिआरटी ?

सुधारिएको बस सेवा (बिआरटी) अन्तर्गतका बस चल्ने छुट्टै लेन, नियम, टाइमकार्ड, रुट हुन्छ । सरकारले बस च्यापिड ट्रान्जिटको नियम लागू गरेपछि यातायात व्यवस्था विभागबाट अनुमति लिएर निजी बस कम्पनीले सञ्चालन गर्न सक्नेछन् । यस नियमअनुसार 'प्रायोरिटी सिग्नलिङ सिस्टम'मा बस सञ्चालन गरिन्छ । यस्ता बसले पूर्ण रूपमा रोकिएर यात्रु कुर्न पाउँदैनन् । उनीहरूलाई स्टप तथा एक्जिट प्वाइन्टमा ६०-९० सेकेन्ड तोकिनेछ । यदि नियम उल्लंघन गरे कारबाही हुनेछ । यी बसको निगरानी भने ट्राफिक प्रहरीले गर्न सक्छन् ।



■ **नारायणप्रसाद भट्टराई,** महानिर्देशक, यातायात व्यवस्था विभाग

बिआरटी बस सञ्चालनसम्बन्धी अध्ययन प्रतिवेदन ६ असारमा प्रधानमन्त्री कार्यालयमा आयोजित बैठकमा पेस गरिएको थियो । बैठकले यो बस सेवा सञ्चालन गर्न सकिने निष्कर्षसमेत निकालेको छ । यसमा थप गृहकार्य गरिरहेका छौं ।



■ **आशिष गजुरेल,** यातायातविज्ञ

बिआरटी बस सेवा सञ्चालन हाउगुजी होइन, सुधारिएको आधुनिक बस सेवा हो । 'डेडिकेटेड लेन'बाट चलाइने यो सेवा सहरी क्षेत्रका लागि अपरिहार्य छ । यसलाई नेपालमा पनि सञ्चालन गर्न सकिन्छ, तर सोहीअनुसारको ट्राफिक नियम डिजाइन गर्नुपर्छ ।

■ सर्भिस लेनमा बिआरटी बस चलाउन सकिने

यो प्रणालीअन्तर्गत बस सञ्चालनका लागि अध्ययन कार्यदलले हालकै सर्भिस लेन प्रयोग गर्न सकिने सुझाव दिएको छ । प्रधानमन्त्री कार्यालयले अनुमति दिएपछि विभागले विज्ञसहितको टोलीलाई भाडा निर्धारण, बस संख्या र रुटको निर्क्योल, लेन मार्किङ, बसको मापदण्ड बनाउन जिम्मेवारी दिएको छ ।

यातायातविज्ञ आशिष गजुरेलले नेपालमा बिआरटी बस सेवा सञ्चालन हाउगुजी मात्रै नबनोस् भनेर कामना गरे । 'डेडिकेटेड लेनबाट चलाइने यस्तो बस सेवा सहरी क्षेत्रका लागि अपरिहार्य छ,' उनले भने, 'अन्य देशमा यस्तो अभ्यास छ र यसलाई नेपालमा पनि सञ्चालन गर्न सकिन्छ । त्यहीअनुसारको ट्राफिक नियम डिजाइन गर्न सकिन्छ ।' सूर्यविनायकदेखि रत्नपार्कसम्म पुग्न ३५ मिनेट लाग्ने कार्यदलले तयार पारेको प्रतिवेदनमा उल्लेख छ । विभागका अनुसार सुरुमा ५-१० वटा बस यो नियममा सञ्चालन गर्ने तयारी छ । यसको माग, प्रभावकारिता र सहजता देखिए बस थप गरिनेछ ।

■ भइरहेकै बसलाई मापदण्ड बनाएर सञ्चालन गरिने

यो सेवाका लागि सरकारले तत्काल नयाँ बस नकिन्ने र हाल सञ्चालनमै रहेका बसलाई यो नियमअनुसार चलाउने योजना अघि सारेको छ । विभागले पनि उपत्यकामा गुड्ने, सुविधायुक्त बस व्यवसायीहरूसँग छलफल गरिरहेको छ । साझा, महानगर, मयूरजस्ता बसलाई यो नियमअनुसार सञ्चालन गर्न सजिलो हुने विभागको अनुमान छ । ठूला बसहरूलाई यो नियममा हिँड्न प्रोत्साहन गरिनेछ । सडकमा फरक नियमसहित गुड्न पाउने भएकाले बस कम्पनीहरू यसमा आकर्षित हुने विभागको भनाइ छ । यस किसिमको बस सेवा सञ्चालनका लागि सडक तथा यातायात पूर्वाधार पनि फरक चाहिन्छ । बस पनि ठूला र दुवैतर्फ ढोका भएका आवश्यक हुन्छन् । तर, पहिलो चरणमा भइरहेकै सडकको लेन मार्किङ गरेर र भइरहेकै बसलाई प्रयोग गरेर यस्तो बस सेवा सञ्चालन गरिनेछ ।

NOTICE FOR EMPANNELMENT

Sealed request for Empanelment with the company profile is invited from the established and reputed forms for empanelment of providers/ Vendors for the following goods and services.

1. Advertisement/ Publicity and Media Management (Hoarding Board Flex Board, Glow Sign Board, Wall Painting, electronic media & Other Advertising Material Supply)
2. Digital Marketing
3. IT Hardware & Accessories, Data Connectivity, Internet, IT software & services supply,
4. Tours and Travel Service
5. Promotional/ Gift items supply
6. General Stationary Supply
7. Printing and Stationary supply
8. Courier Service
9. Furniture & Fixture supply and Maintenance
10. Office Interior work, Flooring and Furnishing
11. EPABX, Telephone sets/ Fire Extinguisher Supply and Maintenance
12. Electronic Goods Supply and Maintenance.
13. Air Conditioner & Electrical Goods Supply and Maintenance.
14. Manpower Service/ Security Service Provider/Outsourcing;
15. Office Keep Up (Cleaning Service)

The Firm/ Company should have met the following eligibility Criteria:

1. At least 3 years of Working Experience
2. Tax Clearance
3. Firms going on profitability
4. Having experience of supplying the good/ Service to some big and reputed organizations.

Empanelment Period will be for 3 years. However, a review exercise may be made periodically based on performance along with necessary information.
A sealed envelope containing the firm/company profile and proof of all 4 items mentioned above has to be submitted at the address given below within 15th July 2023. The selected firms only will be requested to participate in the bidding process during the need of aforementioned supply to this company. The Management of the company reserves the right to reject empanelment request to any/ all firms without any reasons.

Corporate Office
Life Insurance Corporation (Nepal) Ltd.
Star mall, 4th Floor, Putalisadak, Kathmandu
Ph No: 01-4012613, 01-4012614
Email- liccorporate@licnepal.com.np

बुधबार उपत्यकामा

रामशाहपथ : ट्राफिक प्रहरीले पछिल्लो २४ घन्टामा २५ सय १९ स सवारीसाधनलाई कारबाही गरेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमातहतबाट खटिएको प्रहरीले ट्राफिक नियमविपरित सवारी चलाउने चालहरूलाई कारबाही गरेको हो । कार्यालयका अनुसार मादक पदार्थ सेवन गरी सवारी चलाउने ९९ जना, लेन मिच्ने एक सय ३७ जना, रातो बत्तीमा पनि सवारी चलाउने ८७ जना, जथाभावी हर्न बजाउने २८ जना, नम्बरप्लेट नबुझ्किने २१ जनालाई कारबाही गरिएको हो । यस्तै, तीव्रगतिमा सवारी चलाउने तीन सय ४८ जना र अन्य १७ सय ९९ जनालाई कारबाही गरेको कार्यालयले जनाएको छ ।

घट्टेकुलो : मदन भण्डारी मेमोरियल कलेजले २२औं वार्षिकोत्सवका अवसरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । कलेजले १४ असारमा जननेता मदन भण्डारीको जन्मजयन्तीसँगै स्थापना दिवस मनाउँदै छ । मंगलबार सम्पन्न शिविर लायन्स क्लब अफ काठमाडौं र समाज डेन्टल हस्पिटलको सहकार्यमा भएको थियो । शिविरमा आँखा, दन्त तथा मधुमेहको निःशुल्क परीक्षण गरिएको थियो । यस्तै, सो अवसरमा सहभागीहरूले रक्तदान पनि गरेका थिए । शिविरमा एक सय ३८ जना दाँतका, एक सय ७९ जना आँखाका र २१ जना मधुमेहका बिरामीले लाभ लिएका थिए ।

६ सय वर्ष पुरानो मूर्ति फेला

काठमाडौं/ पुरातत्त्व विभागको टोलीले काभ्रेपलाञ्चोकको मण्डनदेउपुर-७ मा रहेको मनमती मन्दिर क्षेत्रको अवलोकन निरीक्षण र अध्ययन गरेको छ । नगरपालिकाले प्रशासनिक भवन निर्माण गर्ने क्रममा देवीको मन्दिर हटाएर पुरातात्त्विक वस्तुसमेत नष्ट गर्न खोजेको भन्ने गुनासो आएपछि विभागले पुरातत्त्वविद्सहितको टोली उक्त क्षेत्रमा पठाएको हो ।

हनुमानढोका हेरचाह समितिका कार्यकारी प्रमुख सन्दीप खनाल, विभागका पुरातत्त्वविद् विष्णु पाठकको टोलीले अध्ययनका क्रममा नगरपालिकाले भवन निर्माण गर्दा जबर्जस्ती मन्दिर हटाएको पाइएको छ । टोलीले मन्दिरको मूर्ति प्राचीन रहेको भन्दै हाललाई मन्दिरको मूर्ति यथास्थानमै राखेर संरक्षण गर्न निर्देशन दिएको छ । टोली अनुगमनमा पुगेकै वेला स्थानीयले करिब ६ सय वर्ष पुरानो देवीको मूर्तिसमेत फेला पारेका छन् । उक्त मूर्ति कश्पेश्वर महादेव मन्दिर परिसरमा भेटिएको हो ।

मण्डनदेउपुर नगरपालिकाले स्थानीयको विरोधको बाबजुद प्रशासनिक भवन बनाउन थालेपछि विभागलाई जानकारी गराएका थिए । मनमती देवीको मन्दिर नगरपालिकाका निर्माणाधीन भवनको उत्तरपट्टि छ । नगरपालिकाले मन्दिरबाहिर सार्ने भन्दै भत्काएको थियो । मन्दिर सार्दा प्रहरी प्रशासनले बलसमेत प्रयोग गरेको स्थानीय रामशरण भारतीले बताए । उनका अनुसार यो मन्दिर करिब ७० वर्ष पुरानो हो । मन्दिरमा स्थानीयवासीले पूजाआजा गर्दै आएका थिए । मण्डनदेउपुर नगरपालिका- ७ का वडाध्यक्ष विष्णु पौडेलले मन्दिर हटाउनेबारे आफ्नो भूमिका नरहेको बताए । 'मन्दिर हटाउनेबारे म वडाध्यक्ष बन्नुअघि नै निर्णय भएकोरहेछ,' उनले भने, 'तर स्थानीयले मलाई गाली गरिरहेका छन्, मन्दिर संरक्षणमा मैले पनि आवाज उठाइरहेको छु ।'

■ चलायमान भयो 'एक्सन रुम'

प्रधानमन्त्रीले गरे 'एक्सन रुम'बाट गौरवका दुई आयोजनाको निरीक्षण



नयाँ पत्रिका

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा लामो समयदेखि निष्क्रिय रहेको तत्काल समस्या समाधान कक्ष (एक्सन रुम)को सञ्चालन थालिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबार यहींबाट दुईवटा राष्ट्रिय गौरवका आयोजनाको अनुगमन गरे।

कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टका अनुसार प्रचण्डले एक्सन रुमबाट राष्ट्रिय गौरवका भेरी-बबई डाइभर्सन आयोजना र सुनकोसी-मरिण डाइभर्सन आयोजनाको अनुगमन गरेका हुन्। प्रधानमन्त्रीले अनुगमन गरेका आयोजनाको प्रगति र समस्याबारे जानकारी लिएका थिए। भेरी-बबई डाइभर्सनको सुरुङ निर्माण पूरा भए पनि बाँधस्थल, विद्युत्गृहलगायतको काम चलिरहेको छ।

०७७ मै आयोजनाको कुल १२.२ किलोमिटर लामो सुरुङ निर्माण सम्पन्न भए पनि अन्य काम भने अपेक्षित रूपमा अगाडि बढ्न सकेको छैन। सुर्खेत, बर्दिया र बाँके जिल्लालाई समेटेर ऊर्जा, सिँचाइ र जलाधार संरक्षणलाई एकसाथ अघि बढाउने उद्देश्यले ०६८/७९ देखि यो आयोजना सुरु गरिएको थियो। आयोजनाबाट भेरी नदीको पानी १२.२ किलोमिटर लामो सुरुङबाट बबई नदीमा स्थानान्तरण गरी बाँके र बर्दियाको करिब ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य छ। आयोजनाबाट ४६ मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यसमेत छ। यो नेपालको पहिलो बहुउद्देश्यीय तथा अन्तरजलाधार स्थानान्तरण आयोजना हो। चालू आवमै सक्ने भनिए पनि आयोजनाको काम अझै बाँकी छ।

अनुगमनका क्रममा आयोजना प्रमुख दिनेश भट्टले आयोजनाको विद्यमान अवस्थाबारे प्रधानमन्त्रीलाई जानकारी गराए। कोभिडको असर र परामर्शदाता कम्पनीको अभावलगायतका कारण काममा असहज भएको उनले बताए। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजनाको सुरुङ निर्माण तोकिएको समयभन्दा अगावै सम्पन्न भए पनि अन्य काममा ढिलाइ हुँदा समस्या देखिएको बताए।

एक्सन रुमबाटै प्रधानमन्त्री प्रचण्डले सुनकोसी-मरिण डाइभर्सन आयोजनाको पनि अनुगमन गरे। आर्थिक वर्ष ०७६/७७ को बजेटमार्फत राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत यो आयोजनाबाट तराई मधेसका एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य छ। सिँचाइका अतिरिक्त २८.६२ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पनि छ।

आयोजना प्रमुख मित्र बरालले सुरुङ निर्माणमा अपेक्षित प्रगति भएको र हालसम्मको भौतिक प्रगति ५३ प्रतिशत पुगेको बताए। आयोजनामा १३ किलोमिटर लामो सुरुङ हुनेछ।

टिबिएमको प्रयोग गरेर दैनिक तीन सत्रमा निर्माण जारी रहेको भन्दै आयोजना प्रमुख बरालले विद्युत्गृह र बाँध तथा प्रसारण लाइन निर्माणको काम चलिरहेको बताए। तोकिएको समयभन्दा अगावै सुरुङ निर्माण सकिने दाबी उनले गरे। ऊर्जामन्त्री बस्नेतले यस आयोजनामा भुक्तानीको समस्या देखिएकाले तत्काल समाधान गरिदिन प्रधानमन्त्री प्रचण्डसँग आग्रह गरे। चालू आवको सबै बजेट भुक्तानी भइसकेको र तत्काल थप बजेट उपलब्ध गराउन पहल गरिदिन उनले प्रधानमन्त्रीसँग आग्रह गरे।



■ नारायणप्रसाद भट्ट,
प्रवक्ता, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्रीज्यूले अब अन्य राष्ट्रिय गौरवका आयोजनाको पनि एक्सन रुमबाट अनुगमन गर्ने बताउनुभएको छ

■ एक्सन रुमबाट नियमित अनुगमन गर्ने प्रतिबद्धता

बुधबार एक्सन रुमबाट प्रधानमन्त्री प्रचण्डले करिब डेढ घन्टा आयोजनाको अनुगमन गरेका थिए। एक्सन रुमबाट हुने अनुगमनलाई नियमित गराउने प्रधानमन्त्रीले बताएका कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले बताए। 'प्रधानमन्त्रीज्यूले अब अन्य राष्ट्रिय गौरवका आयोजनाको पनि एक्सन रुमबाट अनुगमन गर्ने बताउनुभएको छ,' उनले भने। तोकिएको लक्ष्य र माइलस्टोनअनुसार समयमै आयोजना सम्पन्न गर्न प्रधानमन्त्रीले मन्त्री, सचिव र आयोजना प्रमुखहरूलाई निर्देशन दिएका थिए। स्रोतसाधन, जनशक्ति, उपकरण, प्रविधि इत्यादिको अभाव भए त्यसका लागि सरकारले पहल गर्ने प्रतिबद्धता पनि प्रधानमन्त्रीले जनाएका थिए।

अनुगमनका क्रममा मुख्यसचिव डा. वैकुण्ठ अर्यालले राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका आयोजनाको नियमित रूपमा एक्सन रुमबाटै भए पनि अनुमगन, निरीक्षण तथा आवश्यक निर्देशन दिने तथा समस्या समाधान गर्ने बताए। तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा चार करोड ९० लाख रुपैयाँ लागतमा कार्यालयमा 'एक्सन रुम' संरचना बनेको थियो। ठूलो लगानीमा संरचना बने पनि यसको नियमित उपयोग भने हुन सकेको छैन। एक्सन रुमबाट साढे तीन वर्षयता कुनै पनि विकास आयोजनाको अनुगमन भएको छैन भने ०७८ चैतयता डिजिटल कन्फ्रेन्स पनि भएका छैनन्।

विपन्नका लागि सात सरकारी अस्पतालले छुट्याए २०२८ निःशुल्क बेड

अन्य अस्पतालमा रहेका क्रिटिकल केयर र क्याबिनबाहेकका बेड सर्वसाधारणका लागि निःशुल्क गर्ने स्वास्थ्य मन्त्रालयको तयारी

स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत भन्छन्-



विपन्न, असहाय र बेवारिसे बिरामीको उपचार निःशुल्क गर्ने अभियानअन्तर्गत केन्द्रीयस्तरका अस्पतालमा सेवा निःशुल्क गर्न लागेका हौं। बिस्तारै देशभरिका केन्द्रीय अस्पतालहरूमा पनि विपन्नका लागि निःशुल्क शय्या थप्दै जाने योजनामा छौं। शय्या निःशुल्क गरेपछि अस्पतालहरूमाथि पर्ने आर्थिक भार कम गर्न मन्त्रालयले सहयोग गर्छ। स्वास्थ्य उपचार पाउनु जनताको संवैधानिक अधिकार भएकाले बजेट अभाव भयो भनेर सरकार पन्छिन मिलेन। बिस्तारै यो निर्णय सबै अस्पतालमा कार्यान्वयन गराएरै छाड्छौं।





वीर र कोसीमा जनरल शय्या सबै निःशुल्क

वीर अस्पतालमा ९६६ र कोसी अस्पतालमा करिब चार सय शय्या छन्। क्याबिन, क्रिटिकल केयर, गाइनोबाहेक वीर अस्पतालले ७०० जनरल शय्या सर्वसाधारणका लागि निःशुल्क गरेको छ। विपन्नका लागि भने सबै स्वास्थ्य सेवा निःशुल्क छ। कोसी अस्पतालले भने चार सयमध्ये तीन सय ३० जनरल शय्या निःशुल्क गरेको छ।

मञ्जु टेलर/नयाँ पत्रिका

सातवटा ठूला सरकारी अस्पतालले विपन्नका लागि निःशुल्क जनरल बेड छुट्याएका छन्। स्वास्थ्य मन्त्रालयको समन्वयमा अस्पतालहरूले विपन्नका लागि दुई हजार २८ बेड छुट्याएका हुन्।

बिहीबारदेखि सेवा सञ्चालनमा ल्याउने गरी कान्ति बाल अस्पतालले ६०, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले चार सय ५०, ट्रमा सेन्टरले एक सय ५० र सहिद गंगालाल हृदयरोग केन्द्रले ९० शय्या छुट्याएका हुन्। यसअघि वीर अस्पतालले सात सय र कोसी अस्पतालले तीन सय ३० शय्यामार्फत निःशुल्क सेवा सुरु गरिसकेका छन्।

अन्य अस्पतालमा रहेका क्रिटिकल केयर र क्याबिनबाहेकका बेड सर्वसाधारणका लागि निःशुल्क गर्ने तयारी गरिएको स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले जानकारी दिए। स्वास्थ्य सेवामा विपन्नको पहुँच बढाउन बिस्तारै देशभरिका केन्द्रीय अस्पतालमा पनि विपन्नका लागि निःशुल्क शय्या थप्दै जाने उनको भनाइ छ। अस्पतालमा रहेका जनरल बेड निःशुल्क गर्दा पर्ने आर्थिक भार अस्पतालको निजी स्रोत र स्वास्थ्य मन्त्रालयले व्यहोर्ने भएको छ। तर वीर, कोसी, ट्रमा सेन्टर, टेकु अस्पताल, प्रसूतिगृहजस्ता अस्पतालले सञ्चालनमा रहेका सबै जनरल बेड निःशुल्क गरेकाले सम्पूर्ण खर्च मन्त्रालयले व्यहोर्ने गरी छलफल भएको जानकारी दिएका छन्।

यसअधिदेखि नै सञ्चालनमा रहेका शय्याको १० प्रतिशत निःशुल्क सेवा दिइरहेको र यसको खर्च जनरल बेडबाट आउने स्रोतबाट जुटाइरहेका कारण सम्पूर्ण खर्च मन्त्रालयले व्यहोर्ने छलफल भइरहेको वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले बताए।

साना तथा मझौला व्यापार सम्वृद्धिको आधार, सोच अनुसार रोजे बैंक सपना हुन्छ साकार!
EVEREST SME LOAN
एभरेष्ट बैंक

'जनरल बेड मात्रै नभई विपन्नलाई सम्पूर्ण सेवा निःशुल्क दिँदै आएका थियौं। जसको खर्च जनरल बेडबाट उठ्ने स्रोतबाट हुन्थ्यो। वीर अस्पतालको निजी आयस्रोत नभएकाले यसको खर्च मन्त्रालयले व्यहोर्ने छलफल भएको हो,' उनले भने।

विपन्न नागरिक उपचार कोषमार्फत चालू आर्थिक वर्षका लागी वीर अस्पताललाई एक करोड बजेट दिइएको थियो। तर, जेठ अन्तिमसम्मको तथ्यांकअनुसार विपन्नको उपचारमा ६ करोड खर्च भइसकेको पौडेलले बताए।। 'बाँकी पाँच करोड जनरल बेडलगायतबाट व्यवस्थापन गरिरहेका थियौं। जनरल बेडसमेत निःशुल्क गरे पनि प्रत्येक महिना निःशुल्कको उपचारका लागि कम्तीमा पाँच करोड बजेट आवश्यक हुन्छ,' उनले भने। सरकारी अस्पतालमा सेवा निःशुल्क भइसकेपछि भिड बढ्ने अनुमान गरिएकाले सेवाको अवधिसमेत लम्ब्याउने तयारी गरिरहेको पौडेलको भनाइ छ।

यस्तै, परोपकार प्रसूतिगृहमा पनि सबै जनरल बेड निःशुल्क गरिएको छ। प्रसूतिमा गाइनोको बेड शुल्कबाहेक सबै सेवा निःशुल्क छ। तर, हाल सञ्चालनमा रहेका चार सय ८५ बेडमध्ये आइसियू, क्याबिन र गाइनोका बेड पहिलेदेखि नै निःशुल्क रहेको अस्पतालका प्रवक्ता डा. सन्देश पौडेलले बताए। 'हाल सञ्चालनमा रहेको ६५ वडा गाइनो बेडबाहेक सबै निःशुल्क थिए। अब सम्पूर्ण बेड निःशुल्क गरिने र आवश्यक खर्च स्वास्थ्य मन्त्रालयले समन्वय गर्ने निर्णय भएको छ,' उनले भने। यसबाहेकका अन्य पाँचवटा अस्पतालमा पनि विपन्नका लागि छुट्याइएका १० प्रतिशत बेडमा सम्पूर्ण सेवा निःशुल्क गरिने र जनरल बेड सबैका लागि निःशुल्क गरिएको हो।

निजी अस्पतालमा पनि विपन्नका लागि बेड छुट्याउनुपर्ने नियम कडाइका साथ लागू गरिएको मन्त्रालयले जनाएको छ। विभिन्न निजी अस्पतालमा अनुगमन गरेर सञ्चालनमा रहेका कुल शय्याको १० प्रतिशत बेड विपन्नका लागि छुट्याएको मन्त्रालयको भनाइ छ।

यसअघि स्वास्थ्य मन्त्रालयले विपन्न, असहाय र बेवारिसेलाई अनिवार्य कुल शय्याको १० प्रतिशत छुट्याएर सेवा दिन सबै अस्पतालहरूलाई निर्देशन दिएको थियो। वडाको सिफारिस वा पूर्वनेपाल सरकारबाट जारी भएको गरिब पचियपत्रको आधारमा सेवा दिन पुनः निर्देशन दिएको हो। मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ मा भएको व्यवस्थाबमोजिम सरकारले तयार गरेको स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड २०७७ को 'घ' मा भएको व्यवस्थाको कार्यान्वयन गर्न खोजेको जनाएको छ। यसका साथै, १० प्रतिशत निःशुल्क शय्याका विषयमा बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय र काठमाडौं महानगरपालिकाले यसअघि नै कार्यान्वयनमा ल्याउनुपर्ने र सेवा नदिने अस्पतालहरूलाई कारबाहीको दायरामा ल्याइने बताइसकेका छन्। काठमाडौं महानगरका मेयर बालेन्द्र साहले विपन्नलाई सबै स्वास्थ्य संस्थामा १० प्रतिशत बेड निःशुल्क गर्न निर्देशन दिएका थिए।

मालीमा शान्ति मिसन बन्द हुने

१७७ सैनिक फर्कने, सशस्त्र प्रहरीको एफपियू रोकियो

काठमाडौं/ द्वन्द्वग्रस्त अफ्रिकी देश मालीस्थित राष्ट्रसंघीय शान्ति मिसन (मिनुस्मा) बन्द हुने भएको छ। जसबाट मालीमा कार्यरत नेपाली सुरक्षाकर्मी फर्किने भएका छन् भने माली जान लागेको सशस्त्र प्रहरीको एफपियू मिसन तत्कालका लागि स्थगित भएको छ।

माली सरकारकै निरन्तर दबाबपछि मिनुस्मा मिसन बन्द हुन लागेको हो। राष्ट्रसंघको सुरक्षा परिषद्ले पनि मालीबाट शान्ति मिसन बन्द गर्ने निर्णय गरेको छ। मालीमा नेपाली सेनाका एक सय ७७ जना कार्यरत छन्। स्टाफ अफिसरमा सेक्सन कमान्डरसहित २१ तथा एक सय ५६ जनाको इन्जिनियरिङ टिम कार्यरत छ। अब मिसन बन्द हुने निर्णयसँगै उनीहरू फर्कने नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले बताए।

त्यस्तै, मालीमा सशस्त्र प्रहरी बलबाट फर्म्ड पुलिस युनिट (एफपियू) खटाउने निर्णय भइसकेको छ। सशस्त्र प्रहरी केही महिनादेखि तयारी अवस्थामा भए पनि अब मिसन नै बन्द भएसँगै माली मिसनमा जाने सम्भावना छैन। सो एफपियूलाई अन्य देशमा पठाउने गरी छलफल अघि बढेको सशस्त्र प्रहरीका प्रवक्ता राजेन्द्र खड्का बताउँछन्। नेपाल भ्रमणमा रहेका राष्ट्रसंघका उपमहासचिव जिन पिरी लाक्रोइस र सशस्त्र प्रहरी बलका आइजिपी राजु अर्यालबीचको भेटमा पनि त्यस विषयमा छलफल भएको थियो। भेटमा सशस्त्रको एफपियू छिट्टै तैनाथ हुनेमा उनले सकारात्मक जवाफ दिएको सशस्त्र प्रहरी बलले जनाएको छ।



नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघका उपमहासचिव जिन पिरी लाक्रोइसको सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्यालसँग भेट।

सुरक्षाको दृष्टिकोणले माली मिसन सबैभन्दा जोखिमपूर्ण मिसन बनेको थियो। जहाँको सेनासँग समेत राष्ट्रसंघको सम्बन्ध सुमधुर हुन सकेन। शान्ति स्थापनाका कार्यमा त्यहाँको सेना र सरकारले असहयोग गरी आफ्नो देशबाट हट्न दबाब दिँदै आएको थियो। सन् २०१३ मा उत्तरी मालीमा एक समूहले हिंसात्मक संघर्ष सुरु गरेपछि राष्ट्रसंघीय शान्ति मिसन स्थापना भएको हो। यो मिसनमा एक सय ७० भन्दा धेरै शान्ति सैनिकले ज्यान गुमाइसकेका छन्।

महेन्द्रनगरका व्यवसायीले सडकमै रोपे धान

सडक निर्माणमा लामो समयदेखि बेवास्ता हुँदा सास्ती खेप्दै आएका व्यवसायी र स्थानीयले पानी जमेको सडकमा धान रोपेर जनाए विरोध

कञ्चनपुरमा **मोहन विष्ट**

बर्खा सुरु भएसँगै कञ्चनपुरको भीमदत्त नगरपालिका-४ महेन्द्रनगर बजार हिलाम्मे हुन्छ। ठाउँठाउँमा परेका खाडलले यात्रुलाई सास्ती दिलाउँछ। स्थानीयले सडक निर्माणका लागि स्थानीयवासी र बजार क्षेत्रका व्यवसायीले सरोकारवाला निकायको ध्यानाकर्षण गराएका धेरै भयो। तर, सडक अझै उस्तै छ। आजित भएका उनीहरूले बुधबार सडकमै धान रोपेर विरोध जनाए।

बसपार्क-चम्मनचोक-क्याम्पस रोड सडकअन्तर्गत खानेपानी कार्यालय पश्चिमतर्फ रहेका व्यवसायीले सडकमै रोपाइँ गरेका हुन्। व्यवसायी रवीन्द्र ओझाले नगरपालिकाले सडक नबनाएपछि सास्ती भोग्दै आएकाले विरोधस्वरूप धान रोपेको बताए। 'नगरपालिकाले सडक नबनाउँदा सडकछेउछाउमा खाल्डैखाल्डा छन्। घाम लाग्दा धुलाम्मे हुन्छ, अब बर्खाभरि हिलाम्मे हुन्छ। त्यसैले धान रोपेर ध्यानाकर्षण गराउन खोजेका हौं,' उनले भने। उनीहरूले धान रोपेको स्थानमा भीमदत्त नगरपालिकाका प्रमुख पदम बोगटी, उपप्रमुख सुशीला लेखक र ४ का वडाध्यक्ष सुशीलकुमार भट्टको फोटोसमेत टाँसेका छन्।

क्षेत्रीय सहरी विकास परियोजना (आरयुडिपी) अन्तर्गत महेन्द्रनगर सडक निर्माण अघि बढेको थियो। उक्त स्थानमा विवाद भएपछि पालिकाले सडक निर्माण कार्य रोकेको छ। भीमदत्त नगरका प्रवक्ता महेन्द्र खड्काले उक्त क्षेत्रमा सडक विस्तारका क्रममा नगर विकास समितिको २२ सटरमा व्यवसाय गर्दै आएका व्यवसायीको वैकल्पिक व्यवस्था नहुँदासम्म सडक निर्माणदाता एडिबीले काम अघि नबढाएपछि काम रोकिएको बताए।



कालोपत्रे नभएपछि विरोधमा सडकमा नै रोपाइँ गर्दै स्थानीय

'एडिबीको आफ्नै अन्तर्राष्ट्रिय मूल्य-मान्यता छ,' उनले भने, 'सोहीअनुरूप सो क्षेत्रमा सडक बन्न ढिलाइ भएको हो। वडा नम्बर ४ का अध्यक्षको अध्यक्षतामा कार्यदल बनेको छ, जीविकोपार्जन गर्दै आएका व्यवसायीको वैकल्पिक व्यवस्था भएपछि उक्त घर भत्काएर सडक निर्माण अघि बढ्छ।'

एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा भीमदत्त नगरपालिकाको महेन्द्रनगरमा पाँच गल्लीसहितको सडक स्तरोन्नति भइरहेको छ। १० देखि १५ मिटर चौडाइका १४ किलोमिटर सडक निर्माणका लागि ८८ करोड रुपैयाँमा निर्माण सम्झौता भएको थियो। क्षेत्रीय सहरी विकास आयोजना कार्यान्वयन इकाइ धनगढीले निर्माण कम्पनी निर्माण कम्पनी जेडआईसिसी लामा जेभीसँग ३१ जेठ ०७९ मा काम सक्नुपर्ने गरी ३ असार ०७७ मा सम्झौता गरेको थियो। पहिलोपटक म्याद सकिएर दोस्रोपटक ६ महिनाका लागि थप गरे पनि ठेकेदारले अझै काम सम्पन्न गर्न सकेको छैन। पहिलोपटक थपिएको समय ०७९ पुसमा सकिइसकेको छ। दोस्रोपटकका लागि म्याद थप माग गरेको ठेकेदार कम्पनीले काममा भने ढिलासुस्ती गरिरहेको छ।

■ समाचार सार्वजनिक भएपछि अस्थायी समाधान

सडक नबनेको विरोधमा सडकमै धान रोपेको समाचार नयाँ पत्रिकाको अनलाइन संस्करणमा आएपछि बुधबारै भीमदत्त नगरपालिकाले अस्थायी समाधान खोजेको छ। नगरपालिकाले उक्त क्षेत्रमा अस्थायी मर्मत गराएको छ। भीमदत्त- १८ का वडासदस्य हेमबहादुर बस्नेतले निर्माण कम्पनीलाई ताकेता गरेर खाडल भएको सडक अस्थायी रूपमा मर्मत गरिएको बताए। 'समाचार आउनेबित्तिकै मेयरसापको ध्यानाकर्षण भयो,' उनले भने, 'हामीले ठेकेदार कम्पनीसँग भनेर तत्कालका लागि सडक मर्मत गराएका छौं। अब केही दिनमै सडक पनि कालोपत्रे हुन्छ।'

समाजवादी मोर्चा सुस्त, बैठकसमेत बस्न सकेन

नयाँ पत्रिका

सडक, सदन र सरकार तीनै तहबाट आफ्ना मुद्दा स्थापित र कार्यान्वयन गर्ने रणनीतिसहित संसद्भित्र र बाहिरका चार दल मिलेर बनेको समाजवादी मोर्चा सुस्त देखिएको छ। गत ४ असारमा माओवादी, एकीकृत समाजवादी, जसपा र नेकपाले मोर्चा घोषणा गरेयता बैठकसमेत बस्न सकेको छैन।

मोर्चाको नीतिगत निर्णय गर्न सदस्य दलहरूको अध्यक्षसहित तोकिएका प्रतिनिधि रहेको संयोजन समिति र चार सदस्यीय सचिवालय गठन गर्ने निर्णय पनि कार्यान्वयनमा आएको छैन। मोर्चाले तय गरेको नीति, योजना र कार्यक्रमको कार्यान्वयन र अनुगमनका साथै दैनिक कार्य सञ्चालनका लागि सचिवालय गठन गर्ने मोर्चामा सहमति छ।

मोर्चामा साझा नीति तथा कार्यक्रम, आचारसंहिता र आवश्यकताअनुसार कार्यविधि बनाउने र समयसापेक्ष परिमार्जन गर्ने प्रतिबद्धता थियो। मोर्चाले घटक सदस्यहरूबीच सहकार्यको संस्कृति विकास गर्दै केन्द्रदेखि स्थानीयस्तरसम्म प्रचारप्रसार, अन्तर्क्रिया, आमसभा तथा आवश्यकतानुसार संयुक्त संघर्षका कार्यक्रम सञ्चालन गर्ने भनिएको छ। तर, बैठक नै बस्न नसकेका कारण मोर्चाको काम प्रभावित भएको छ।

पार्टी बैठक र बजेटका कारण मोर्चाको काम अघि बढ्न नसकेको जसपा वरिष्ठ नेता राजेन्द्र श्रेष्ठले बताए। उनले भने, 'तीन दिन विधान सम्मेलन, एक दिन केन्द्रीय समिति र अर्को एक दिन केन्द्रीय कार्याकारिणी समितिको बैठक भयो। बजेट पारित गर्ने कार्यसूचीले पनि मोर्चाको बैठक बस्न केही ढिलाइ भएको हो।' उनले केही दिनमै बैठक बसेर मोर्चाको काम अघि बढ्ने उनले बताए।

चार दलले संघीयता, लोकतन्त्र, सुशासन, समृद्धि र सामाजिक-आर्थिक न्यायसहितको नेपाली विशेषताको समाजवाद स्थापना प्रमुख उद्देश्य राखेर १५ बुँदे वैचारिक-राजनीतिक प्रतिबद्धतासहित मोर्चा घोषणा गरेका थिए।

मोर्चाको नेतृत्व शीर्ष नेताहरूले आलोपालो गर्ने सहमति छ। मोर्चाको निर्णय प्रक्रिया सहमति र सहकार्यको मान्यताअनुरूप गर्ने सहमति छ। मोर्चाका सदस्यहरूले साझा नीति, कार्यक्रम र उद्देश्यका आधारमा काम कारबाही गर्ने प्रतिबद्धता नेताहरूको छ।

विषाक्त च्याउ खाँदा नौजना बिरामी

पाँचथर/ विषाक्त च्याउ खाँदा पाँचथरमा नौजना बिरामी परेका छन् । कुम्मायक गाउँपालिका र फिदिम नगरपालिकामा उनीहरू बिरामी परेका हुन् । कुम्मायक गाउँपालिका- १ मा चारजना र फिदिममा पाँचजना बिरामी परेका हुन् । कुम्मायक- १ भदौरेका लीला थापा, हेमन्ता थापा, इन्द्रमाया नेपाली र हर्कबहादुर दर्जीले जंगलबाट ल्याएको च्याउ पकाएर खाएका थिए । त्यसपछि बिरामी परेका उनीहरूलाई जिल्ला अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि झापाको बिर्तासिटी अस्पताल पुऱ्याइएको छ । यस्तै, फिदिम नगरपालिका- ११ लक्सीबोटेमा विषाक्त च्याउ खाँदा बिरामी भएका पाँचजना पनि एउटै परिवारका हुन् । उनीहरूको जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८०/०३/१४ गतको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

ईटहरी बी शाखा, सुनसरी

ऋणीको विवरण

नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. : २०६/०६३/६४ अन्तर्गत मिति २०६४/०१/१३ मा दर्ता कायम भएको **नमन ट्रेडर्स**
फर्म दर्ता ठेगाना : ईटहरी -१, सुनसरी
स्थायी लेखा नं. ३०२५६६१०९, मिति २०६४/०१/१३
प्रोप्राइटर : गंगा चरण साह तेली
ना.प्र.नं. २०९८/११९ जारी मिति २०४६/०३/१९, जि.प्र.का. सुनसरी
बाबुको नाम : शिव बचन साहु तेली
बाजेको नाम : सहदेव साह तेली
स्थायी ठेगाना : ईटहरी -८, सुनसरी
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

शोभा साह ना.प्र.नं. ८९९५ जारी मिति २०७२/०५/१६, जि.प्र.का. सुनसरी बाबुको नाम : गोपाल प्रसाद साह पतिको नाम : गंगा चरण साह तेली ससुराको नाम : शिव बचन साहु तेली स्थायी ठेगाना : ईटहरी -८, सुनसरी	**शिव बचन साहु तेली** ना.प्र.नं. १०० जारी मिति २०३०/०४/१९, जि.प्र.का. सुनसरी बाबुको नाम : सहदेव साह तेली बाजेको नाम : गोपि साह तेली स्थायी ठेगाना : ईटहरी -८, सुनसरी

धितोको विवरण

जग्गाको विवरण

गोपी साह तेलीको नाती, सहदेव साह तेलीको छोरा, शिव बचन साहु तेलीको नाममा मालपोत कार्यालय, इनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको
क) सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ७ क स्थित कित्ता नं. २०२१ को क्षेत्रफल ०-०-५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
ख) सुनसरी जिल्ला, एकम्वा न.पा./गा.वि.स. वडा नं. ९ ग स्थित कित्ता नं. ४४६ र ४४४ को क्षेत्रफल क्रमशः ०-१०-१७.५०-० र ०-५-२-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

नारायणगढ शाखा, चितवन

ऋणीको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं. १८७१३/०५९/६० अन्तर्गत मिति २०६०/०२/०९ मा दर्ता कायम भएको **एस. के. सप्लायर्स** फर्म दर्ता ठेगाना : भरतपुर म.न.पा. वडा नं. ०३, चितवन स्थायी लेखा नं. ३०१२३५९४१ मिति २०५६/०६/०४ **प्रोप्राइटर : ईश्वरी प्रसाद खराल** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	२) नेपाल सरकार, उद्योग वणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. २३१०३/०६२/६३ अन्तर्गत मिति २०६२/०४/०५ मा दर्ता कायम भएको **न्यू सुनिल ट्रेडर्स** फर्म दर्ता ठेगाना : भरतपुर वडा नं. ०५, चितवन स्थायी लेखा नं. ३०१८६१३३५ मिति २०६२/०४/०१ **प्रोप्राइटर : विष्णु माया खराल** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**
३) **ईश्वरी प्रसाद खराल** **कर्जा शिर्षक : आवधिक कर्जा**	४) **विष्णु माया खराल** **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

ईश्वरी प्रसाद खराल ना.प्र.नं. ३३२८ जारी मिति २०४४/११/२४, जि.प्र.का. चितवन बाबुको नाम : उमाकान्त खराल बाजेको नाम : भ्यामानन्द खराल स्थायी ठेगाना : भरतपुर वडा नं. ५, चितवन	**विष्णु माया खराल** ना.प्र.नं. ३२७६ जारी मिति २०४४/११/२३, जि.प्र.का. चितवन बाबुको नाम : कोपिला मणी जैसी पतिको नाम : ईश्वरी प्रसाद खराल ससुराको नाम : उमाकान्त खराल स्थायी ठेगाना : भरतपुर म.न.पा. वडा नं. ५, चितवन

धितोको विवरण

जग्गाको विवरण

१) भ्यामा नन्द खरालको नाती, उमाकान्त खरालको छोरा, ईश्वरी प्रसाद खरालको नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ६ ख स्थित कित्ता नं. १८३५ को क्षेत्रफल ०-०-८.५०-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) भ्यामा नन्द खरालको नाती, उमाकान्त खरालको छोरा, ईश्वरी प्रसाद खरालको नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ८ ख स्थित कित्ता नं. १५४१ को क्षेत्रफल १७३९.५२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेरलाबेरलै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदातालै नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदातालै जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०३/२८ (कार्यालय समयभित्र)
बोलपत्र खोलिने मिति : २०८०/०३/२९
समय : दिउँसो ३:०० बजे
स्थान : सम्बन्धित शाखामा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

अवहेलना मुद्दामा कोसीका मन्त्री राजभण्डारीलाई सर्वोच्चले बोलायो

कर्तव्यबाट विचलन भई अदालती प्रक्रियामा गम्भीर प्रकृतिको मनोवैज्ञानिक हस्तक्षेप हुने गरी वक्तव्य दिएको ठहर, एक वर्षसम्म कैद र १० हजार जरिवाना हुन सक्ने

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले कोसी प्रदेशका सामाजिक विकासमन्त्री बुद्धिकुमार राजभण्डारीलाई बयानका लागि बोलाएको छ । मन्त्रीको अभिव्यक्तिले अदालतको अवहेलना भएको भन्दै सर्वोच्चको एकल इजलासले उनलाई कारबाही किन नगर्ने भनी बयानका लागि बोलाएको हो ।

न्यायाधीश हरिप्रसाद फुँयालले मन्त्री राजभण्डारीलाई न्याय प्रशासन ऐनको दफा १७ बमोजिम कारबाही गर्नुपर्ने प्रकृतिको देखिएको निष्कर्ष निकाल्दै २१ असार १० बजेको समय दिई उपस्थित हुन आदेश दिएका हुन् । 'निज सो मितिमा उपस्थित नभए पेसी तोकी यसै आदेश र प्रतिवेदनका आधारमा कारबाही अघि बढाउनू,' आदेशमा छ ।

उच्च अदालत विराटनगरका रजिस्ट्रार जितेन्द्रबाबु थपलियाले १२ असारमा मुख्य रजिस्ट्रारसमक्ष मन्त्रीउपर कारबाहीका लागि प्रतिवेदन पेस गरेपछि सर्वोच्चले त्यसमाथि सुनुवाइ गरेको हो । उच्च अदालत विराटनगरमा चलिरहेको एक मुद्दाका सन्दर्भमा मन्त्री राजभण्डारीले दिएको अभिव्यक्तिको विराटनगर उच्च अदालत बारले पनि विरोध गर्दै विज्ञप्ति निकालेको थियो ।

'प्रस्तुत प्रतिवेदनमा उठाइएको विषयवस्तुमा प्रदेश सरकारको माननीय मन्त्रीजस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले अदालतबाट भएको अन्तरिम आदेशमा चित्त नबुझे माथिल्लो अदालतमा निवेदन गर्ने तथा न्यायाधीशहरूको आचारसंहिताविपरीत कुनै कार्य भए-गरेको भए तथा न्यायाधीशहरूमा गम्भीर प्रकृतिको विचलन भएमा संविधानले व्यवस्था गरेको न्यायपरिषद्मा उजुरी गर्ने व्यवस्था भएकोमा त्यस्तो वैधानिक प्रक्रिया नअपनाई माननीय न्यायाधीशहरूलाई आफ्नो कर्तव्यबाट विचलन हुने गरी अदालती प्रक्रियामा गम्भीर प्रकारको मनोवैज्ञानिक हस्तक्षेप हुने गरी दिएको वक्तव्यलाई यस अदालतले गम्भीर रूपमा लिनुपर्ने देखियो,' आदेशमा छ ।

मन्त्री राजभण्डारीलाई न्याय प्रशासन ऐनको दफा १७(४) बमोजिमको कसुरमा कारबाही अघि बढाउने तयारी सर्वोच्चको छ । उक्त ऐनको दफा १७ मा अदालतको अवहेलनामा कारबाही चलाउने विषय उल्लेख छ । जसअनुसार सर्वोच्चलाई आफू वा आफ्नामातहतका अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश तथा फैसलाको अवज्ञा गरेमा कारबाही चलाउन सक्ने अधिकार दिइएको छ ।

उपदफा (४) मा भने अदालतको अवहेलना गरेको ठहरेमा एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना हुने उल्लेख छ । साथै दुवै सजाय वा अन्य उपयुक्त सजाय गर्न सक्ने कानुनी व्यवस्था छ ।

मन्त्री राजभण्डारीले प्रदेश खेलकुद बोर्डका सदस्यसचिवले पैसा दिएको भरमा अदालतबाट अन्तरिम आदेश भएको बताएका थिए । न्यायाधीशका लागि उनले फटाहा र कलंकजस्ता शब्दसमेत प्रयोग गरेका थिए । मन्त्री राजभण्डारीले न्यायाधीशले घुस खाएर आदेश गरेको भन्दै एक कार्यक्रममा आक्रोश व्यक्त गरेका थिए ।

त्यसपछि उच्च अदालत विराटनगरमा समेत अवहेलना मुद्दा दायर भएको थियो । बुधबार सर्वोच्चले उक्त मुद्दाको सक्कल फाइल भिकाई त्यहाँबाट लगत कट्टा गर्न आदेश दिएको छ । साथै त्यहीं चलिरहेको र मन्त्रीले जुन मुद्दाका विषयमा अभिव्यक्ति दिएका थिए त्यसको समेत निवेदनको मिसिल सर्वोच्चले झिकाउने आदेश गरेको छ ।

प्रदेश सरकारले ३ जेठमा बोर्डका सदस्यसचिव हंसराज वाग्लेलाई बर्खास्त गर्ने निर्णय गरेको थियो । उच्च अदालत पुगेका वाग्लेको पक्षमा अन्तरिम आदेश भएको थियो । उच्चका न्यायाधीश कृष्णकमल अधिकारीले सरकारको उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न ५ जेठमा आदेश दिएका थिए ।

'कार्यकारी निकायमा काम गर्ने जिम्मेवार व्यक्तिहरूले दिने यस्ता अभिव्यक्ति न्यायिक विचलन गराउने मात्र नभई समग्रमा अराजकता सिर्जना गराउने प्रकृतिका देखिन्छन् । यस्ता विषयलाई अदालतले सामान्य रूपमा लिन सक्ने देखिँदैन,' आदेशमा भनिएको छ ।

रास्वपा सभापति लामिछानेविरुद्धको रिट संवैधानिक इजलासबाट खारेज



काठमाडौं/ संवैधानिक इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष, पूर्वगृहमन्त्री एवं सांसद रवि लामिछानेविरुद्धको रिट खारेज गरेको छ । बुधबार सर्वोच्चको संवैधानिक इजलासले उक्त रिटको मागदाबी पूरा हुन नसक्ने भन्दै खारेज गरेको हो ।

युवराज पौडेल सफलले १० जेठमा लामिछानेका साथै निर्वाचन आयोगलगायतलाई विपक्षी बनाउँदै दायर गरेको रिट प्रधानन्यायाधीश हरिकृष्ण कार्की तथा न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, आनन्दमोहन भट्टराई, प्रकाशमानसिंह राउत र सपना प्रधान मल्लको इजलासबाट खारेज भएको हो । सामान्यतया इजलासले रिटहरूमा विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गरी मात्र रिट जारी वा खारेज गर्ने निर्णय गर्दछ । तर, सुनुवाइसमेत गर्नु नपर्ने रिट आएमा चाहिँ पहिलो सुनुवाइमै खारेज गर्ने गरेको छ ।

रिट दर्ता भएको दुई महिनामा पाँचौं पेसीमै जवाफसमेत नमागी सर्वोच्चले रिट खारेज हुने फैसला गरेको हो । रिटमा सफलले लामिछाने पुनः सांसद बनेकोमा उक्त कार्य अवैधानिक रहेको दाबी गरेका थिए । अमेरिकी राहदानी त्यागेर नेपाली नागरिकता लिएको तीन महिनापछि मात्र सांसद बन्न पाइने कानुन रहे पनि त्यसअघि नै निर्वाचनमा भाग लिई सांसद बनेको तथा लामिछानेले अमेरिकी नागरिकता त्यागेको निस्सा पेस गर्न नसकेको रिटमा उल्लेख थियो । निर्वाचन आयोगले समेत उनको उम्मेदवारी रद्द नगरेको र निर्वाचनमा प्रतिस्पर्धा गर्न दिएको भन्दै आयोगलाई समेत विपक्षी बनाइएको थियो ।

सर्वोच्चले यसअघि सफलले नै दायर गरेको रिटमाथि १३ माघ ०७९ मा फैसला गर्दै लामिछानेको नागरिकता निष्क्रिय भएको ठहर गरेको थियो । उनले उक्त नागरिकता प्रयोग गरी निर्वाचनमा भाग लिएको र विजयीसमेत भएकोमा पुनः नागरिकता नलिएकाले नागरिकता प्रयोग गरी भए गरेका सबै कामकारबाही बदर गरेको थियो । जसपछि उनी उपप्रधानमन्त्री एवं गृहमन्त्री, सांसद र राष्ट्रिय स्वतन्त्र पार्टीको अध्यक्ष पदबाट स्वतः हटेका थिए ।

समलैंगिक विवाह दर्ता गर्न सरकारलाई सर्वोच्चको आदेश



न्यायाधीश तिलप्रसाद श्रेष्ठ
सर्वोच्च अदालत



... सबै नागरिक कानुनको दृष्टिमा समान हुने व्यवस्था भइरहेको देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा लगाउँदाका बखत अन्यथा हुने ठहरेमा सोहीबमोजिम हुने गरी हाललाई प्रस्तुत रिट निवेदनका निवेदकहरू र निवेदकसरहका जोडीहरूले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नू-गराउनू

काठमाडौं/ सर्वोच्च अदालतले समलैंगिक विवाह दर्ता गरी विवाहको अस्थायी अभिलेख राख्न अन्तरिम आदेश जारी गरेको छ । पिंकी गुरुङ भनिने सञ्जीव गुरुङको रिटमाथि आदेश दिँदै न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले बुधबार यस्तो आदेश दिएको हो ।

'... सबै नागरिक कानुनको दृष्टिमा समान हुने व्यवस्था भइरहेको देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा लगाउँदाका बखत अन्यथा हुने ठहरेमा सोहीबमोजिम हुने गरी हाललाई प्रस्तुत रिट निवेदनका निवेदकहरू र निवेदकसरहका जोडीहरूले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नू-गराउनू,' न्यायाधीश तिलप्रसाद श्रेष्ठको आदेशमा भनिएको छ ।

समलैंगिक विवाह दर्ता नगर्नुको कारणसहित १५ दिनभित्र लिखित जवाफ पेस गर्न विपक्षीका नाममा कारण देखाऊ आदेश

आदेशमा विपक्षीहरूका नाममा कारण देखाऊ आदेशसमेत जारी भएको छ । विपक्षीहरूले १५ दिनभित्र लिखित जवाफ पेस गर्नुपर्नेछ । नेपालको संविधानको धारा १२ मा लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था छ । साथै, मुलुकी देवानी संहितामा प्रत्येक व्यक्तिलाई विवाह गर्न पाउने अधिकार र स्वतन्त्रता दिइएको छ । यी व्यवस्थामा टेक्दै सर्वोच्चले यस्तो अन्तरिम आदेश जारी गरेको हो । रिट निवेदक गुरुङका तर्फबाट आफूजस्ता समलिंगीको विवाह दर्ता गराई अभिलेख राख्न माग गर्दै सर्वोच्चमा रिट दायर भएको थियो ।

अन्तरप्रदेश मुख्यमन्त्री बैठक शुक्रबारबाट

संघीयता कार्यान्वयनका जटिलता बैठकको मुख्य एजेन्डा

कास्कीमा **रोहितराज पराजुली**

अन्तरप्रदेश मुख्यमन्त्री बैठक आउँदो शुक्रबारबाट पोखरामा हुने भएको छ । यसअघि १० र ११ जेठका लागि तय भएको बैठक तयारी पूरा भएपछि अन्तिम समयममा रोकिएको थियो । सोही बैठक १५ र १६ असारमा हुन लागेको हो ।

संघीय सरकारको केन्द्रीकृत कार्यशैलीका कारण प्रदेश सरकारहरूले संघीयताको मर्मअनुसार काम गर्न नपाएको गुनासो बढिरहेका वेला प्रधानमन्त्री र सातवटै प्रदेशका मुख्यमन्त्री सहभागी हुने बैठकलाई अर्थपूर्ण मानिएको छ । प्रधानमन्त्री प्रमुख अतिथि रहने बैठकमा सात प्रदेशका मुख्यमन्त्रीसँगै प्रदेशका प्रमुख सचिव पनि सहभागी हुने गण्डकी प्रदेश सरकारका प्रवक्ता सरस्वती अर्याल तिवारीले जानकारी दिइन् । अन्तरप्रदेश परिषद्मा प्रधानमन्त्री अध्यक्ष र मुख्यमन्त्रीहरू सदस्य रहने व्यवस्था छ ।

बैठकमा मुख्यमन्त्रीहरूले आफ्ना अनुभव साटासाटसँगै आवश्यक कानुनको अभाव र अन्य कारण कार्यसम्पादनमा भएको समस्याबारे छलफल गर्दै साझा धारणा तयार पार्ने तिवारीले बताइन् । प्रधानमन्त्री अध्यक्ष र मुख्यमन्त्रीहरू सदस्य रहने व्यवस्था छ । बैठकमा संघीयताको कार्यान्वयन, कर्मचारी व्यवस्थापन, संगठन संरचना, प्राकृतिक स्रोतहरूको न्यायोचित वितरण र विकास आयोजनाको वर्गीकरण, विकास सहायता र कूटनीतिक सम्पर्क, नयाँ कानुनका निर्माण र केही कानुनको संशोधनबारे छलफल हुने बताइएको छ । यस्तै, बैठकमा भावी योजना र रणनीति, प्रदेशका ठूला योजना, तिनका कार्यान्वयनका समस्या, जग्गा प्राप्तिको अप्ठेरो, आयोजनामा दोहोरोपना, एकल तथा साझा अधिकारका सूचीको कार्यान्वयनको अवस्था, अनुदान तथा राजस्व बाँडफाँट, प्रहरी ऐन, सवारीचालक अनुमतिपत्रलगायत विषयमा गहन छलफल हुनेछ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बैठकमा विशेष गरी संविधानले दिएका अधिकारकै विषयमा छलफल हुने जानकारी दिए । उनले पाँच वर्षअघि मुख्यमन्त्रीको भेलाले गरेका निर्णय अझै कार्यान्वयन नभएको अवस्था रहेको भन्दै तिनको समीक्षा र अब कार्यान्वयनकै लागि आवश्यक वातावरण निर्माणमा विशेष जोड रहने बताए । यसअघि २१ भदौ ०७५ मा गण्डकी सरकारले पोखरामा प्रदेशका मुख्यमन्त्रीहरूको भेला आयोजना गरेको थियो । भेलाले विभिन्न आठ निर्णय गरेको थियो ।

ड्याम भत्किएर ढुंगा लाग्दा बालकको मृत्यु

दैलेख/ दैलेखको आठबिस नगरपालिका- ५ मा गोठालो गएका बालकको ढुंगा लागेर मृत्यु भएको छ । सिँचाइ कुलोका लागि निर्माण गरिएको ड्यामबाट खसेको ढुंगा लागेर आठबिस नगरपालिका- ५ का बिर्खबहादुर थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दैलेखले जनाएको छ । वडा नम्बर ५ का अध्यक्ष बजिरसिंह विकका अनुसार भित्रिखोला सिँचाइ योजनामा पानी भरिएर ड्याम फुटेका वेला त्यहीँको ढुंगा लागेर बालकको मृत्यु भएको हो ।

बिर्खसँगै अन्य सात बालबालिका पनि गोठालो गएका थिए । उनीहरूमध्ये १३ वर्षका एक बालक गम्भीर घाइते भएका छन् । घटना आठबिस नगरपालिकाको दुर्गम स्थान रहेकार लगातार पानी परिरहेकाले घटनास्थल जान कठिनाइ भएको दैलेखका प्रहरी प्रमुख किशोर लम्सालले जानकारी दिए । नगर प्रमुख तर्कबहादुर बडुवालले ४ र ५ नम्बर वडामा पर्ने पीपलकोट, सिङगौडीको बीचमा घटना भएको जानकारी आफूले पाएको बताए । उनले सडक नपुगेको कारण आफू घटनास्थल पुग्न नसकेको बताउँदै गम्भीर घाइते बालकलाई उपचारका लागि जिल्लाबाहिर पठाउने प्रयास भइरहेको बताए ।

क्याप्टेन मिलरमा धनुष



धनुषको मुख्य भूमिका रहेको फिल्म 'क्याप्टेन मिलर'को निर्माणकार्य अन्तिम चरणमा पुगेको छ। यस फिल्मको फर्स्ट लुक ३० जुनमा सार्वजनिक गर्ने निर्माण पक्षको तयारी छ। अरुन माथेश्वरमले निर्देशन गरेको यस फिल्ममा सुदीप किसन र काली बैंकट पनि मुख्य भूमिकामा छन्।

बम्जनको 'तामाङकी छोरी' बजारमा



गायिका रेश्मा बम्जन तामाङको नयाँ गीत 'तामाङकी छोरी' बजारमा आएको छ। गीतमा गायिका बम्जनलाई गायक बुद्ध लामाले साथ दिएका छन्। संगीत पनि बुद्ध लामाकै छ। यस गीतलाई तीर्थ बस्ताकोटीले लेखेका हुन्।

गर्मी छल्न 'हिल स्टेसन'

चिसो हावाको मज्जा लिँदै परसम्मका सुन्दर फाँट, बस्ती र हिमालहरूको अवलोकन गर्न सकिने भएकाले पनि हिल स्टेसन जानेहरूको संख्या गर्मीमा बढ्छ


नगरकोट



चन्द्रागिरि


जिरी


सैलुङ


लाँकुरी भञ्ज्याङ


ककनी


बन्दीपुर

पछिल्लो समय नेपालीमाझ घुम्ने संस्कृति गज्जबसँग मौलाएको छ। गर्मी छल्नका लागि मानिसहरू नजिकका पहाडी गन्तव्य पुग्न चाहन्छन्। चिसो हावाको मज्जा लिँदै परसम्मका सुन्दर फाँट, बस्ती र हिमालहरूको अवलोकन गर्न सकिने भएकाले पनि हिल स्टेसन जानेहरूको संख्या यस मौसममा बढ्छ। काठमाडौंनजिक पनि धेरै हिल स्टेसन छन्, जहाँ पुग्न धेरै खर्च र समय लाग्दैन।

■ नगरकोट

काठमाडौंबाट नजिक र घुम्नका लागि उपयुक्त हिल स्टेसन हो, नगरकोट। यहाँ पुग्न लामो यात्रा गर्नुपर्दैन। प्राकृतिक सुन्दरताले भरिपूर्ण नगरकोट काठमाडौंबाट २८ किलोमिटर उत्तरपूर्वमा र भक्तपुर दरबार स्क्वायरबाट १२.५ किलोमिटर टाढा छ। नगरकोट समुद्री सतहबाट दुई हजार ७५ मिटर उचाइमा रहेकाले यो मौसममा शीतल अनुभव हुन्छ। आँखैअगाडि देखिने सगरमाथा, धौलागिरि, कञ्चनजंघा, मनास्लु, गणेश, लाङटाङ, गौरीशंकर, ल्होत्से, मकालुजस्ता हिमाल र थुप्रै हिमशृंखलाले थप शीतलता प्रदान गर्छ। पथप्रदर्शक दीपेन्द्र थापा भन्छन्, 'काठमाडौंबाट बिहानै नगरकोट गएर बेलुकी फर्कन सकिन्छ, एक रात वास बसेर भोलिपल्ट बिहान सूर्योदय हेर्दै घुमफिर गरेर फर्किन सकिन्छ।'

■ लाँकुरी भञ्ज्याङ

नजिकका गन्तव्यमध्ये लाँकुरी भञ्ज्याङ पनि एक हो। यहाँबाट काठमाडौं उपत्यका पूरै देख्न सकिन्छ। सामान्य होटेलहरू पनि छन्। महँगो बस्छु भन्नेलाई रिसोर्टहरू पनि छन्। बिहान गएर बेलुकी फर्कन सकिन्छ।

■ ककनी

ककनी काठमाडौंनजिक अर्को उपयुक्त गन्तव्य हुन सक्छ। नुवाकोट जिल्लामा पर्ने यो ठाउँ पुग्न काठमाडौंबाट करिब २० किलोमिटर दूरी छिचोले पुग्छ। यहाँ चिसो हावाको मज्जा लिँदै लमजुङ, मनास्लु, गणेश, लाङटाङलगायतका हिमशृंखला अवलोकन गर्न सकिन्छ। ग्रामीण परिवेश र वेला-वेला लाग्ने हुस्सुले पनि पर्यटकलाई लोभ्याउँछ। मनोरम हिमाली भेगदेखि समतल नदीका फाँटसम्म अवलोकन गर्न पाइने भएकाले पनि यहाँ पर्यटकहरू आकर्षित हुन्छन्।

■ दामन

काठमाडौंनजिकको अर्को हिल स्टेसन हो, दामन। यहाँ एक-दुई दिनमा घुमेर आउन सकिन्छ। थानकोट, नौबीसे हुँदै तीन-चार घन्टामै दामन पुग्न सकिन्छ।

■ चन्द्रागिरि

काठमाडौंबाट नजिकको गन्तव्य चन्द्रागिरि पनि धेरैको रोजाइमा पर्छ। थानकोटबाट केबुलकार चढेर छोटो समयमै यहाँ पुग्न सकिन्छ। त्यसैले पनि बिहान गएर बेलुकी फर्कन चाहनेहरूका लागि यो राम्रो गन्तव्य हुन सक्छ। यहाँ भालेश्वर मन्दिरको दर्शन गर्न पाइन्छ। बालबालिकाका लागि यहाँ फनपार्कको व्यवस्थासमेत छ। यहाँबाट काठमाडौं सहरको राम्रो भ्यु देख्न पाइन्छ। त्यस्तै, विभिन्न हिमशृंखलाको दृश्य नियाल्न सकिन्छ। यहाँ सवारीसाधनमार्फत जानेहरूको संख्या पनि ठूलो छ। त्यस्तै, कतिपय युवायुवती हाइकिङ जान्छन्। चन्द्रागिरि घुमेपछि ओरालो झर्दै चित्लाङ पुगेर वास बस्न पनि सकिन्छ। चित्लाङमा एक रात बिताएर मनोरम प्राकृतिक दृश्य र स्थानीय परिकारको मज्जा लिएपछि भोलिपल्ट मार्खु हुँदै काठमाडौं फर्कन पनि सकिन्छ।

■ जिरी

जिरीलाई नेपालको स्विट्जरल्यान्ड पनि भनिन्छ। किनकि, यहाँको भौगोलिक बनावट स्विट्जरल्यान्डको ज्युरिच सहरसँग मिल्दोजुल्दो छ। दोलखाका स्थानीय पर्यटन अभियन्ता लीलाराम खड्का गर्मी मौसममा जिरी भ्रमणका लागि उपयुक्त समय रहेको बताउँछन्। 'यहाँ झरना, गुफा, पोखरी, खोलानाला, कोणधारी हरिया वनजंगलका साथै अग्ला डाँडाकाँडा छन्। स्थानीय जिरेल, शेर्पा, तामाङ, सुनुवारहरूको पृथक् कला संस्कृति, भेषभूषा अवलोकन गर्न र स्थानीय परिकारहरूको स्वाद लिन सकिन्छ,' उनी भन्छन्, 'जिरी सगरमाथाको प्रवेशद्वार पनि हो। यहाँ ट्रेकिङ रुट पनि थुप्रै छन्। हिजोआज हरियालीले ढाकिएको हुन्छ, जसले जिरीको सौन्दर्यलाई थप बढाएको छ।' जिरी त्यस्तो खर्चिलो ठाउँ पनि होइन। काठमाडौंबाट गाडी, जिप, बाइकमा सजिलै पुग्न सकिन्छ। काठमाडौंबाट घुमेर फर्कनका लागि तीन दिनको समय छुट्याउनु राम्रो हुने अभियन्ता खड्काले बताए। 'यहाँ दुई रात बस्दा धेरै ठाउँ घुम्न सकिन्छ, यसका लागि ६ हजारजति खर्च छुट्याए पुग्छ,' उनले भने।

■ सैलुङ

घुम्नका लागि अर्को उपयुक्त स्थान सैलुङ पनि हो। यहाँ पनि बिहान गएर बेलुकी वास बसेर भोलिपल्ट फर्कन सकिन्छ। उच्च ठाउँ भएकाले यहाँ सधैं शीतल महसुस हुन्छ। एक रात बिताएर भोलिपल्ट फर्कनका लागि अर्को राम्रो गन्तव्य कालिञ्चोक पनि हो। कालिञ्चोक माईको दर्शन गर्नका लागि यहाँ ठूलो संख्यामा तीर्थालुहरू जाने गर्छन्। यहाँबाट विभिन्न हिमशृंखलाको अवलोकन पनि गर्न सकिन्छ। खरिदुंगा हुँदै कालिञ्चोक पुगिन्छ। खरिदुंगा बाह्रै महिना शीतल हुने स्थान हो।

■ बन्दीपुर

एक वा दुई रात बिताउने गरी घुम्न जान मिल्ने अर्को राम्रो गन्तव्य बन्दिपुर हो। तनहुँ जिल्लामा पर्ने बन्दीपुर कास्की, लमजुङ र गोरखाको जक्सन पनि हो। बन्दीपुरमा नेवारी रहनसहनसँग साक्षात्कार गर्न सकिन्छ। 'आँखैअगाडि देखिने हिमशृंखलाले जोकोहीको मन लोभ्याउँछ। मुग्लिनबाट आधा घन्टाको दूरी छिचोलेपछि डुम्रे बजार पुगिन्छ। त्यहाँबाट पिप्ले हुँदै बन्दीपुर पुग्न सकिन्छ,' पथप्रदर्शक थापाले भने।

फरेस्ट गम्पबाट प्रभावित ज्याक मा



चिनियाँ धनाढ्य ज्याक मा यतिबेला नेपाल भ्रमणमा छन्। उनले कैयौं युवालाई आफ्ना सोच, विचार र अनुभवले प्रेरित गर्ने काम गरेका छन्।

ज्याक मा 'फरेस्ट गम्प' उपन्यासका पात्र 'फरेस्ट गम्प' बाट आफू प्रभावित रहेको बताउँछन्। बच्चाजस्तै स्वभाव भएका फरेस्ट गम्पलाई उनकी आमाले जीवनमा चाहेको कुरा रोज्ने छुट दिएकी हुन्छिन्। उनी सेनामा प्रवेश गर्छन्, नयाँ साथीहरू बनाउँछन्, मेडल जित्छन्, टेबलटेनिस खेल्छन्, जगिङ गर्न अरूलाई प्रेरित गर्छन् र खुसीयाली साट्छन्। गम्पलाई जुन कामका लागि अरूले योग्य ठानेका हुँदैनन्, उनले ती काम गरेर देखाउँछन्।



ज्याक मा आफ्नो जीवनमा धेरैपटक अस्वीकृत भएका थिए। 'म प्राथमिक विद्यालयमा दुईपटक फेल भएको थिएँ, त्यसैगरी माध्यमिकस्तरमा पुगेपछि दुईपटक फेल भएँ,' केही समयअघि उनले भनेका थिए, 'हार्वर्ड विश्वविद्यालयमा आवेदन दिँदा १० पटक अस्वीकृत भएँ।' अन्ततः उनले हाङ्झोउ टिचर्स इन्स्टिच्युटबाट अंग्रेजी भाषामा ग्र्याजुएट गरेका थिए। त्यसपछि जागिरका लागि विभिन्न ठाउँमा आवेदन दिँदा उनी ३० पटक अस्वीकृत भए। 'पक्कै पनि मानिसहरूले अस्वीकार गर्दा तपाईंलाई खुसी लाग्दैन। तर, राम्रोसँग निदाउनुस्, उठ्नुस् र फेरि प्रयास गर्नुस्,' केही समयअघि ज्याक माले पेरिसमा आयोजित एक कार्यक्रममा भनेका थिए, 'म फरेस्ट गम्पलाई माया गर्छु। स्पष्ट छ, कहिल्यै हार नमान्नुस्।' १९८६ मा प्रकाशित 'फरेस्ट गम्प' विस्टन ग्रुमले लेखेका हुन्। १९९४ मा यही उपन्यासमा आधारित रहेर हलिउड फिल्म 'फरेस्ट गम्प' बनेको थियो।

स्लिम देखिन

स्लिम देखिने रहर धेरैलाई हुन्छ। व्यवस्थित जीवनशैली, नियमित व्यायाम र स्वस्थ खानपानले तपाईंको फिटनेस कायम राख्न मद्दत गर्छ। तपाईंले आफ्नो ज्यानलाई फिट देखाउन ड्रेसअपमा पनि उत्तिकै ध्यान दिनुपर्छ।

- आफ्नो शरीरमा धेरै टाइट पनि नहुने र धेरै लुज पनि नहुने कपडा छान्नु राम्रो हुन्छ।
- भर्टिकल लाइन भएका कपडाले तपाईंलाई स्लिम देखाउँछ। कालो, नेभी ब्लुलगायत कलरका कपडाले पनि स्लिम देखाउँछन्।
- कम्मर पातलो देखिनका लागि सकेसम्म 'अफ द टप ड्रेस' लगाउनु राम्रो हुन्छ।
- कतिपयले शरीर मोटो छ भनेर पूरै ढाक्ने पहिरन लगाएको देखिन्छ। शरीर पूरै ढाक्ने पहिरन लगाउनु हुँदैन। त्यसले तपाईंलाई झन् भद्दा देखाउँछ।
- सकेसम्म तलदेखि माथिसम्मको ड्रेसअप उस्तै रङको लगाउँदा राम्रो हुन्छ।
- तपाईंले गाउन लगाउँदै हुनुहुन्छ भने कम्मर र चेस्टको भागलाई फिटिङ गर्दा राम्रो हुन्छ।
- हेयर स्टाइल, जुत्ता वा हिलमा ख्याल गर्नुपर्ने हुन्छ। फ्याट स्यान्डल लगाउँदा होचो देखिनुका साथै केही मोटो पनि देखिन्छ। त्यसैले हाई हिल नलगाएर प्लेटफर्म हिल लगाउँदा राम्रो हुन्छ।



यसरी बढाउनुस् समस्या समाधानको खुबी

मानिसहरू आफ्नो करिअरप्रति निकै सचेत हुन्छन्। तर, त्यसका बाबजुद पनि अफिसमा स-साना समस्याले मानिसलाई चिन्तित बनाइरहेका हुन्छन्। घरायसी समस्याका कारण पनि मानिसले करिअरमा राम्रो गर्न सकिरहेका हुँदैनन्। चाहे अफिस होस् वा घर, समस्याको सामना गर्ने र त्यसको समाधान गर्ने खुबीको विकास गर्न सक्नुपर्छ। यसले नै मानिसमा नेतृत्व विकास गर्छन्। ठूला समस्या आउँदा पनि कसरी सामना गर्ने ? आउनुस् केही सरल उपायबारे चर्चा गरौं :



- पहिले समस्याबारे मज्जाले बुझ्नुस्। समस्यालाई बुझेपछि मात्रै समाधानतर्फ कदम बढाउन सकिन्छ।
- यसपछि शान्तसँग बसेर समस्या समाधान गर्ने उपायबारे सोच्नुस्। कहिलेकाहीं सहजै उपाय निस्कँदैन। त्यस्तो वेलामा सम्बन्धित क्षेत्रसँग जोडिएका विज्ञ वा सिनियर मानिससँग कुराकानी गर्न सक्नुहुन्छ। निजी जीवनसँग सम्बन्धित समस्याबारे आफूसँग नजिकका मानिससँग सल्लाह लिनुस्। करिअरसँग सम्बन्धित समस्याका लागि विज्ञसँग परामर्श गर्नुस्।

कतै तपाईंको समस्या समाधान गर्ने उपायले अन्यलाई त समस्यामा पार्दैन ? यस विषयबारे पनि सोच्नुपर्छ।

- एकै दिन समस्या समाधानको खुबी विकास हुन सक्दैन। बिस्तारै यसरी समाधानका विषय सोच्न थाल्नुस्। समस्याहरू आइरहन्छन्, तर तपाईं समाधानका लागि तयार रहनुस्। पुराना अनुभवबाट सिक्नुस्। बिस्तारै तपाईंमा समस्या समाधान गर्ने खुबी विकास भएर जान्छ। यसले नेतृत्व विकासको क्षमता बढाउँछ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन: ०१- ४५२३२१५/५४

को

शाखा कार्यालय: महाबौद्ध, काठमाण्डौ,
फोन: ०१- ४२६८९४०

शाखा कार्यालय महाबौद्ध, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०३/१४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय महाबौद्ध, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/१२/०७ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा तथा धितोमा रहेको सम्पतिको लिलाम विक्रि सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना मिति २०८०/०१/१४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०९/२५ मा दर्ता नं. १८१५४९/०७४/०७५ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४, इन्द्रचोक स्थित **सुर्या ट्रेड मार्क प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. जित बहादुर श्रेष्ठको नाति, दान बहादुर श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, दोलालघाट गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **बाल कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. ३०-०१-०६७-५०६५/२०५, काभ्रेपलाञ्चोक)**
२. दान बहादुर श्रेष्ठको नाति, बाल कृष्ण श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, दोलालघाट गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **राधा कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. ६८१३५, काभ्रेपलाञ्चोक)**
३. दान बहादुर श्रेष्ठको बुहारी, बाल कृष्ण श्रेष्ठको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, दोलालघाट गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **सुर्यकुमारी श्रेष्ठ (ना.प्र.प.नं. ३/२७७, काभ्रेपलाञ्चोक)**

धितोमा रहेको सम्पतिको विवरण

बाल कृष्ण श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. ३९९ को क्षेत्रफल ०-३-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिज लगापात समेत ।

२. ऋणीको विवरण

जित बहादुर श्रेष्ठको नाति, दान बहादुर श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, दोलालघाट गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **बाल कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. ३०-०१-०६७-५०६५/२०५, काभ्रेपलाञ्चोक)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दान बहादुर श्रेष्ठको नाति, बाल कृष्ण श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, दोलालघाट गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **राधा कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. ६८१३५, काभ्रेपलाञ्चोक)**
२. दान बहादुर श्रेष्ठको बुहारी, बाल कृष्ण श्रेष्ठको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, दोलालघाट गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **सुर्यकुमारी श्रेष्ठ (ना.प्र.प.नं. ३/२७७, काभ्रेपलाञ्चोक)**

धितोमा रहेको सम्पतिको विवरण

१. **बाल कृष्ण श्रेष्ठको** नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, दोलालघाट गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ४९ को क्षेत्रफल १-१५-३-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिज लगापात समेत ।
२. साबिक कैलाश विकास बैंक लिमिटेड हाल यस बैंकको नाममा यातायात व्यवस्था कार्यालय, बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :

सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
Tata Motors 1512 TC/42-2016	61H63541519	MAT412049G1R21457	बा ५ च ५६३०

नोट : माथि उल्लेखित ऋणी नं. २ को धितो नं. १ मा रहेको सम्पति ऋणी नं. १ को लागि समेत धितोमा रहेको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०३/१४ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय महाबौद्ध, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२० गते बुधबार कार्यालय समय भित्र यस यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२१ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय महाबौद्ध, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

भूराजनीतिको 'उखरमाउलो गर्मी'

पछिल्लो डेढ दशकयता वासिंटनको नेपाल नीतिमा एकाएक बदलाव मात्रै आएको छैन, चाँडो-चाँडो 'रिभिजन' नै हुने गरेको छ



● सुरेश प्राञ्जली


अग्रलेख

फेब्रुअरी ६ मा 'युएस इन्टेलिजेन्स कम्युनिटी'ले त्यहाँको संसद्मा पेस गरेको 'एनुवल थ्रेट असेसमेन्ट' प्रतिवेदनमा विश्वव्यापी रूपमा बढ्दै गएको चिनियाँ प्रभाव र उसको सामरिक दबदबा, रुसको बढ्दो आक्रामकता तथा इरानको आणविक महत्त्वाकांक्षाको उकासिँदो पारोलाई अमेरिकी राष्ट्रिय सुरक्षाका अन्तर्राष्ट्रिय कारक भएको औंल्याइएको छ। विभिन्न नयाँ र जटिल स्वरूप धारण गर्दै गएको वैश्विक संगठित अन्तर्राष्ट्रिय आतंकवाद र अपराध पनि अमेरिकाका लागि सुरक्षा खतरा रहेको प्रतिवेदनमा जिकिर गरिएको छ। प्रतिवेदनको सारमा अमेरिकाको राष्ट्रिय सुरक्षाका निम्ति चीनलाई प्रमुख चुनौतीका रूपमा अर्थ्याउँदै चीनको कोखैको दक्षिण एसियालाई 'रणनीतिक क्षेत्र'का रूपमा इंगित गरिएको छ।

पछिल्ला वर्षमा दक्षिण एसियामा ह्वात्तै बढेको अमेरिकी चासोले पनि यस क्षेत्रमा उसको कुन तहको 'रणनीतिक मोह' विकास हुँदै छ भन्ने अड्कल काट्न त्यति हम्मे पर्दैन। उसको पछिल्लो बुझाइ भनेको यस क्षेत्रमा चीनको बढ्दो उपस्थिति नै यहाँको बहुपक्षीय सामरिक मामिला गिजोलिनु र क्षेत्रीय तथा वैश्विक शक्ति-ज्यामितिमा जटिलता थपिँदै जानु हो। यसैको परिणाम होला, चीनसँग सहज सम्बन्धको विकास गर्दै गरेको नेपाल मामिलामा अमेरिकी चासो बढ्नु र यहाँको राजनीतिक-शासकीयताले अलि बढ्तै असहज मान्ने गरी अमेरिकाले सक्रियता बढाउनु। दृष्टान्त नै हेरौँ न, गत वर्ष अमेरिकी वैदेशिक सहयतासम्बद्ध 'मिलिनियम च्यालेन्ज कर्पोरेसन' (एमसिसी) को संसदीय अनुमोदनको सवाल र त्यसकै वरिपरिका सरोकारमा उसको सक्रियता यहाँ सतहमै देखिन पुग्यो। नेपालको 'आन्तरिक राजनीतिक बदलाव' वा कुनै पनि 'सामान्य आन्तरिक' चासोमै पनि 'रिजर्भेसन'को भारी बोकेर ०७९ पुसदेखि फागुन पहिलो सातासम्म मात्रै अमेरिकाबाट 'नेपालजस्तो मुलुक'को 'भ्रमण गर्न' तीन-तीनजना उच्च अधिकारी 'ब्याक टु ब्याक' आए। २०७९ को १५-१६ माघमा राजनीतिक मामिला हेर्ने अमेरिकी उपविदेशमन्त्री भिक्टोरिया नुल्यान्डले भ्रमण गरिन्। लगत्तै मन्त्रीस्तरीय हैसियतकी युएसएडकी प्रशासक समान्था पावरले २४-२५ माघमा र दक्षिण तथा मध्य एसियाली मामिला हेर्ने ब्युरोकी उपसहायक विदेशमन्त्री अफ्रिन अख्तरले चाहिँ १-२ फागुनमा नेपाल भ्रमण गरिन्। त्यही मेसोमा अमेरिकी जासुसी संस्था 'सिआइए' (सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी) प्रमुख विलियम्स जोसेफ बर्न्ससमेत नेपाल आउन 'गोडा उचालिसकेका' थिए! फागुन ३ र ४ मा उनले गर्ने भनिएको नेपाल भ्रमण भने अन्तिम समयमा स्थगित भयो। उल्लिखित सबै भ्रमण सद्भावना कम, दबाबमूलक बढ्ता थिए!

सन् १९४७ अप्रिल २५ मा नेपाल-अमेरिका कूटनीतिक सम्बन्ध स्थापित भएयता झन्डै पछिल्ला दुई दशकसम्म अमेरिकाका निम्ति नेपाल कुनै पनि हिसाबले प्राथमिकताको क्षेत्रभित्र पर्ने गरेको थिएन। उसले नेपाललाई हेर्ने, बुझ्ने र बनाउने राजनीतिक, कूटनीतिक धारणाको 'टोन' एक दशकअघिसम्म त झन्डै दिल्लीकै 'रिभाइज्ड भर्सन'जस्तो सुनिन्थ्यो! नेपाल मामिलामा अमेरिकाले उस्तो चाख देखाउँदैनथ्यो। तर, पछिल्लो डेढ दशकजति यता वासिंटनको नेपाल नीतिमा एकाएक बदलाव मात्रै आएको छैन, चाँडो-चाँडो 'रिभिजन' नै हुने गरेको देखिन्छ। उसको दक्षिण एसिया हेर्ने नीतिभित्र पनि नेपाल नीति खास प्राथमिकताको घेरोमा पर्ने गरेको छ। अर्थात्, वासिंटनको रणनीतिक प्राथमिकताको 'हाइलाइटेड जोन'मा काठमाडौंको 'स्केच' पनि समावेश भएको बुझिन्छ। त्यसो त 'नवशक्तिकेन्द्रको निर्माण'सँगै पछिल्लो समय विश्व अर्थ-राजनीतिक व्यवस्थाका आयामलाई भूराजनीतिक पक्षले निर्देशित गर्ने गरेको छ र 'बहुध्रुवीयता'को विकाससँगै बहुआयामिक बन्दै गइरहेको शक्ति संरचनाको पुनः सन्तुलन र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको समीकरणलाई मिलाउनकै लागि पनि वासिंटनलाई आफ्नो सामरिक सरोकार बढी गाँसिएको यस क्षेत्रमा उपस्थिति बढाउनु एकखाले रणनीतिक अपरिहार्यता जस्तै हुन सक्छ।

त्यसो त, यतिखेरको विश्व व्यवस्थाको राजनीतिक-सामरिक चासोको केन्द्र मानिएको चीन आर्थिक, सैन्यशक्तिको बलमा उकासिँदै गर्दा आडैको दक्षिण एसियाले चर्चेको समग्र क्षेत्रको रणनीतिक महत्त्व बढ्नु पनि स्वाभाविक भइहाल्यो। सन् २००१ मा अमेरिकाले व्यहोरेको आतंकवादी हमलापश्चात् उसका 'आँखीभौँ' दक्षिण एसियातिर धारिलो गरी उचालिनु पनि त्यति अस्वाभाविक भएन। सन् २००८ देखि २०१६ को अन्त्यसम्म बाराक ओबामा कालमा कूटनीतिक तनावको तुलनात्मक न्यूनीकरण भएको देखिने बेइजिङ-वासिंटन सम्बन्ध डोनाल्ड ट्रम्प कार्यकालमा भने झन्डै टकरावको उत्कर्षमा पुग्यो। कोभिड-१९ महामारीका वेला त यी दुई मुलुक 'व्यापार युद्ध'कै चरणमा होमिए। द्विपक्षीय संवादको दैलो बन्दप्रायः रह्यो। तर, जो बाइडेन अमेरिकी राष्ट्रपति चुनिएपछि चाहिँ यी दुई शक्तिराष्ट्रबीच संवादको दैलोमा लाग्दै आएको तालाचाबी भने उघारियो। यतिखेर दक्षिण एसिया र दक्षिण एसियामा पनि सबैभन्दा बढ्ता नेपालमा अमेरिकी चासोको 'जरा गड्नु'को कारण अमेरिकाले नेपाललाई दिएको प्राथमिकताभन्दा बेइजिङ-वासिंटन टकरावपूर्ण सम्बन्ध नै बढ्ता हो।



वासिंटनले आफ्नो सुरक्षा चुनौतीका रूपमा 'अलकायदा' फस्टाएको अफगान-पाक सिमानालाई औंल्याएको छ नै, सिनो-पाक निकटता र भारत-पाक बढ्दो तनावसँगै यी मुलुकसित रहेको आणविक हतियार प्रयोगमा यी दुई मुलुक उद्यत् भइहाल्छन् कि भन्नेमा अमेरिकाको बढ्दो चासो रहेको बुझिन्छ। सँगै, यस क्षेत्रलाई सांगठनिक आधारस्थल बनाएका आतंकवादी जत्थाको पहुँचमा ती आणविक हतियार नपुगून् र तिनको प्रयोगसम्बन्धी ज्ञानको प्रसार पनि यस क्षेत्रका अन्य मुलुकमा नहोस् भन्नेमा अमेरिका चनाखो देखिन्छ। त्यसो त चीनले हिन्द महासागर र चिनियाँ सागरउपर बढाउँदै लगेको आफ्नो सघन उपस्थितिलाई 'प्रतिसन्तुलन' गर्ने रणनीतिका निम्ति एउटा भरपर्दो साझेदारको खोजीमा अमेरिका रहेको देखिन्छ। किनभने, आफ्नो पुरानो 'मित्र' पाकिस्तानलाई चीनले आफ्नो प्रभावमा पारिसकेको निर्क्योल गरेको अमेरिकाले चीनलाई टक्कर दिन सक्ने र क्षेत्रीय प्रभावसमेत आर्जन गर्दै गरेको भारतलाई भरपर्दो रणनीतिक पात्रका रूपमा चुन्नु अस्वाभाविक भएन।

झन्डै दुई दशक लामो अफगान युद्धमा 'पराजयसहित हात झिकेको' अमेरिकाका निम्ति दक्षिण एसियाको दिगो शान्ति र स्थायित्वसहित क्षेत्रीय पुनः सन्तुलन चासोको विषय त पक्कै पनि हो। सँगै, अमेरिकी आणविक उत्पादनको तन्किँदो बजार भारत हुन सक्ने सन्दर्भ र क्षेत्रीय शक्ति सन्तुलनमा ऊसँग लाभयुक्त रणनीतिक सहकार्य हुन सक्ने ठहर वासिंटनको हो। तसर्थ, भारतसँगको सहकार्यमा वासिंटनले आर्थिक गतिविधि चलायमान तुल्याई खिन्याउरिँदै गएको आफ्नो अर्थतन्त्रलाई पूर्ववत् अवस्थामा कायम राख्न सघाउने 'रणनीतिक बुटी' साबित हुने ठहर गरेको देखिन्छ। लामो समय मूलधारको सामरिक चासोबाट झन्डै बहिष्करणमा परेको दक्षिण एसिया बढ्दो भू-राजनीतिक महत्त्वकै कारण यसको आवश्यकता वासिंटनलाई महसुस भएको पक्कै पनि हो। दक्षिण एसियालाई हेर्ने तटस्थतासहितको स्थिर नीति वासिंटनले नअपनाए पनि पछिल्लो समय बाइडेन प्रशासन वासिंटन-दिल्ली सम्बन्धलाई एकखाले उचाइ थप्न सफल भने भएको छ। त्यसका लागि आणविक, सैन्य वा आर्थिक-प्राविधिक सहकार्यलाई 'हुक' बनाएर अमेरिकाले अपनाएको भारतसँगको सम्बन्ध विकासको नीति आर्थिक-व्यापारिकभन्दा बढी यस क्षेत्रमै आफ्नो सामरिक उपस्थिति र प्रभाव विस्तारको रणनीतिका रूपमा अर्थ्याउन सकिन्छ।

> यतिखेर दक्षिण एसिया र दक्षिण एसियामा पनि सबैभन्दा बढ्ता नेपालमा अमेरिकी चासोको 'जरा गड्नु'को कारण अमेरिकाले नेपाललाई दिएको प्राथमिकताभन्दा बेइजिङ-वासिंटन टकरावपूर्ण सम्बन्ध नै बढ्ता जिम्मेवार छ

शीतयुद्धको मैदारो होउन्जेल दिल्ली वासिंटनको विदेश नीतिमा खासै अर्थ राख्दैनथ्यो। पाकिस्तानले चाहिँ दक्षिण एसियामा वासिंटनको सम्बन्ध विस्तारको सेतुको रूपमा प्रकार्य गर्थ्यो। सन् २००० को सेप्टेम्बरमा तत्कालीन भारतीय प्रधानमन्त्री अटल विहारी बाजपेयीको अमेरिका भ्रमणपछि 'पाकिस्तानको भूमिका'लाई क्रमशः दिल्लीले प्रतिस्थापन गर्ने कामयाबी हासिल गरेको देखिन्छ। अझ, बुस प्रशासन र मनमोहन सिंहले सन् २००५ मा गरेको 'आणविक सम्झौता'ले यी दुई मुलुकबीचको सम्बन्धलाई आधारभूत तहमै मजबुत तुल्यायो। पछिल्ला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यकालसम्म आइपुग्दा आफूलाई 'सबैभन्दा पुराना लोकतन्त्र' ठान्ने भारत-अमेरिका सम्बन्ध एकखाले 'उचाइ'मा पुगेको देख्न सकिन्छ! हालै, अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेन चीन पुगेर उच्चस्तरको राजनीतिक 'भेटघाट' गरेर फर्किएलगत्तै मोदीलाई अमेरिकाले आफ्नो संयुक्त संसद्मा दोस्रोपटक सम्बोधन गर्न निम्त्याउँदै राजकीय आतिथ्य गऱ्यो। यसले सम्प्रेषण गर्ने सन्देशमा भारत अमेरिकाका निम्ति कुन हदको 'रणनीतिक पात्र' हो भन्ने प्रस्ट्याउँछ। सँगै, दिल्लीको क्षेत्रीय हैसियत र उसले आर्जिँदै गरेको आर्थिक-भूराजनीतिक शक्तिको नाप र आयतनमा अमेरिकी चाखको अन्तर्य पनि खुलाउँछ! उता, रुस-युक्रेन युद्धको तार्किक अवतरणमा चीनले खेलिरहेको 'प्रोएक्टिभ' भूमिकालाई चासोसाथ नियालिरहेको 'ह्वाइट हाउस'को खास चाहना भनेको त्यसको 'क्रेडिट' चीनको भागमा नपरोस् भन्ने हो। त्यसका निम्ति मोदीको अमेरिका भ्रमणको क्रममा अमेरिकी राष्ट्रपति जो बाइडेनले दिल्लीलाई अघि सर्न हौस्याएनन् होला भनेर ठोकुवा गर्न सकिँदैन! किनभने, वैश्विक मामिलामा दक्षिण एसियाको निकटतम छिमेकी चीनको भूमिका जति सक्रिय बन्दै जान्छ, अमेरिकाले यस क्षेत्रका निम्ति 'रणनीतिक गुरु' वरण गरेको भारतको भूमिका त्यही अनुपातमा शिथिलोन्मुख हुने बुझाइ वासिंटनको रहेको अड्कल काट्न सकिन्छ।

पछिल्लो समय नेपाललाई केन्द्रमा राखेर दक्षिण एसियालाई हेर्ने हो भने राजनीतिकसहित सामाजिक-आर्थिक बदलाव आत्मसात् गर्दै गरेको नेपालको शासकीय अभ्यासमा चिनियाँ 'उपस्थिति'को बढोत्तरीले यस क्षेत्रमै चीन रबाफिलो बन्दै गरेको ठहर वासिंटन र दिल्लीको हो। त्यसकारण पनि चीनलाई 'नेपालको शासकीय भान्साको डाडुपन्यु समात्न'बाट हच्काउनुपर्ने सामूहिक टुंगोमा अमेरिका र भारत पुगेको बुझ्न सकिन्छ, जसको असर ढिलोचाँडो दक्षिण एसियाको समग्र क्षेत्रीय राजनीति, सुरक्षा, पारस्परिक सम्बन्ध र शक्ति सन्तुलनमा पर्ने हो। निष्कर्षात्मक रूपमा के टिप्पणी गर्न सकिन्छ भने चीन-भारतबीच बढ्दो सीमा विवाद र कटुताले यस क्षेत्रलाई भूराजनीतिक रापमा सेकाउँदै गर्दा भारत-पाक 'पानी बाराबारको सम्बन्ध'ले सामरिक-राजनीतिक रूपमा थप तरल बनाउँदै लगेको छ। चीनसँग नजिकिँदो भुटानको भारतसितको सम्बन्ध बिग्रँदै जानु अनि यता 'मधुरै भए पनि' नेपालले आफ्नो सीमा अतिक्रमण सम्बन्धमा विमति दर्ज गर्न भारतविरुद्ध 'तोते बोली' बोल्न थाल्नुको मेहेरोमा अमेरिकी चासोसमेत मिसिँदा यस क्षेत्र भूराजनीतिक रूपले अति संवेदनशील बन्दै गएको प्रस्ट हुन्छ। यस हिसाबले अन्ततोगत्वा दक्षिण एसियामा 'भूराजनीतिक टकरावको गर्मी' बढ्ने र त्यसको सबैभन्दा बढ्ता नोक्सानी क्षेत्रीय तहमै शासकीय क्षमता, कूटनीतिक सीप र सहअस्तित्वपूर्ण हैसियत विकास गर्न नसकेको नेपालले नै व्यहोर्नुपर्ने अवश्यंभावी छ।

---

३ प्रश्न

ललितानिवास छानबिन समितिका संयोजक **शारदाप्रसाद त्रितालल**ाई



ललितानिवास जग्गा हिनामिना प्रकरणमा प्रहरीले मुद्दा दायरको तयारी गर्नुलाई के भन्नुहुन्छ ?

ढिलै भए पनि बालुवाटारस्थित ललितानिवास क्याम्पको जग्गा हिनामिनाको घटनामा प्रतिवादीहरू पक्राउ गरेर अनुसन्धान प्रक्रियालाई अघि बढाइनु सकारात्मक छ। हामीले अख्तियार र सिआइबीबाट अनुसन्धान गर्न सिफारिस गरेका थियौँ। अख्तियारले मुद्दा दायर गरिसकेको छ। सिआइबीले पनि विस्तृत अनुसन्धान गरेर मुद्दा दायर गर्नुपर्छ।

सिआइबीले किर्तेसम्बन्धी कसुरमा मुद्दा चलाउने तयारी गरेको छ, यसमा कसरी किर्ते भएको थियो ?

जग्गा हिनामिनाका लागि धेरै कागजात किर्ते भएका छन्। सक्कली कागपत्र हटाउने र नक्कली राख्ने काम भएको छ। हुँदै नभएका मोही कायम गरिएका छन्। कुत बुझाएका नक्कली रसिद तयार गरिएका छन्। सार्वजनिक जग्गालाई व्यक्तिको भन्नु पनि एउटा किर्ते काम नै हो।

यसमा राजनीतिक नेतृत्वको संलग्नता कसरी भएको छ ?

यसमा उच्च तहसम्मको राजनीतिक नेतृत्वको 'कनेक्सन' छ। तत्कालीन प्रधानमन्त्रीहरूसम्म यसमा जोडिएका छन्। पहिला पनि प्रहरीले मुद्दा प्रक्रिया अघि बढाएकामा महान्यायाधिवक्ताले रोकेका थिए। मैले बुझेअनुसार सिआइबीले पहिले नै यसमा विस्तृत अनुसन्धान गरिसकेको छ। अब, कसरी अभियोजन गर्छन् भन्ने नै मुख्य विषय हो। गहन अनुसन्धान हुन सकेमा यस प्रकरणमा धेरै विषय बाहिर आउँछन्। भूमाफिया, कर्मचारी र नेताको त्रिपक्षीय सञ्जालबाट भएको अपराध हो यो। त्यसकारण अहिलेको अनुसन्धानले राजनीतिक नेतृत्व तथा कर्मचारीको संलग्नताको पर्दाफास गर्नेछ भन्ने विश्वास छ।

प्रेरक प्रसंग

खाना खाएर जाऊ

परापूर्वकालमा गोदावरी कुण्डनजिकै एक सन्तको कुटी थियो। उनी काम, क्रोध, लोभ र मोहबाट मुक्त थिए। उनको महानताको चर्चा टाढा-टाढासम्म हुने गर्थ्यो। उनलाई सहयोग गर्न चाहने दाताको कमी थिएन। तर, सन्त उनीहरूको कुनै भेट स्विकार्दैनथे। सन्तको दर्शनका लागि टाढा-टाढाबाट भक्तजन आउँथे। उनका अमृतवचन सुनेर फर्किन्थे। कैयौँ त आजीवन उनकै आश्रममा बस्ने गर्थे। त्यही गाउँका कतिपय मानिसलाई भने उनका कुरा मन पर्दैनथे। उनीहरू जहिल्यै सन्तको अपमान गर्ने उपाय खोजिरहन्थे। सन्तको आश्रमदेखि अलि परको एउटा चौतारामा बसेर उनका विरोधी सन्तको अपमान गर्ने र टाढा-टाढाबाट आउने भक्तजनलाई भड्काउने उपाय खोजिरहन्थे।

एक दिन सन्तका विरोधीहरू चौतारामा जम्मा भएर उनको अपमान गर्ने उपायबारे सल्लाह गरिरहेका थिए। त्यसै समयमा सोही बाटो हुँदै एक गरिब बटुवा कतै जाँदै थिए। सन्तका विरोधीले उनलाई सोधे- तिमी कता जाँदै छौ ? बटुवाले जवाफ दिए- गरिबीले सताएकाले केही काम पाइन्छ कि भनेर छिमेकी देशतिर जाँदै छु। गरिबको कुरा सुनेर सन्तका विरोधीमध्ये एकले भने- ठिकै छ, हामी तिमीलाई एउटा काम दिन्छौँ। त्यो काम गर्न सक्यौँ भने हामी तिमीलाई धन दिनेछौँ। उनले बटुवाको कानमा मुख लगाएर खासखुस गरे र भने- तिमीले यत्ति गर्न सक्यौ भने पुग्छ। सम्पत्ति पाउने लोभमा बटुवा सन्तको आश्रममा पुगे। त्यतिखेर सन्त ध्यानमा लीन थिए। बटुवाले भन्नु-नभन्नु भनेर सन्तको अपमान गरे। तर, सन्तले वास्तै गरेनन्। उनी ध्यानमै मग्न भए। बटुवा झन्-झन् चर्को-चर्को सन्तलाई गाली गर्न थाले। एकछिनपछि सन्तले आँखा खोले र मुसुक्क मुस्कुराउँदै भने- बन्धु, तपाईं भोकाउनुभएको होला, आश्रमको भान्छामा गएर पेटभरि खाना खाएर मात्र जानुस् है! सन्तले यसरी प्रसन्न मनले खाना खाएर जाने प्रस्ताव गर्लान् भनेर बटुवाले सोचेका पनि थिएनन्। सन्तको यस्तो क्षमाशील व्यक्तित्व देख्दा बटुवाको मन द्रवीभूत भयो। उनले सन्तसित माफी माग्दै आफ्नो गल्तीको प्रायश्चित्त गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बेथिति रोक्ने हो भने

समाजमा विद्यमान बेथिति रोक्ने हो भने निम्न बुँदामा सबैले ध्यान दिनु जरुरी छ : १. आर्थिक घोटलामाथि छानबिन र कारबाही स्वागतयोग्य छ। २. उजुरी परेको यति समयभित्र अनुसन्धान टुंग्याउने र कारबाही प्रक्रियामा जाने भनेर समयसीमा तोकिनु आवश्यक छ। ३. गिरफ्तार गर्नुअघि सूचना चुहाउने व्यक्ति पनि कारबाहीको दायरामा आउनुपर्छ। ४. उच्च तहसम्म छानबिन नपुगेर बीचमै अनुसन्धान तुहाउने कार्य रोकिनुपर्छ। ५. विभिन्न काण्ड र पार्टीसँग नाम जोडिएका अख्तियार प्रमुख र आयुक्त पदबाट नहटेसम्म अनुसन्धान निष्पक्ष हुँदैन। ६. न्यायालयलाई पनि निष्कलंक राख्नुपर्छ। ७. न्यायाधीश नियुक्तिमा कोटा प्रणाली हटाउनुपर्छ। ८. माननीयहरू संसद्मा गम्भीर रूपले प्रस्तुत हुनुपर्छ र ९. आफूले उठाएका विषयवस्तु किनार लागे-नलागेको आफैँले फलोअप गर्नुपर्छ।

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

दाइजो माग्नेलाई कारबाही गर

विवाहमण्डपमै ५० लाख दाइजो माग्ने बेहुला अनुराज रौनियार र उनको परिवारका सदस्यमाथि सरकारले कडा कारबाही गरोस्। देशको संघीय राजधानीजस्तो ठाउँमा विवाहमण्डपमै यसरी खुलेआम दाइजो माग्न सक्ने बेहुला र परिवार दण्डित भएनन् भने भोलिका दिनमा थप बेहुला र तिनको परिवारले पनि यसैगरी लाखौँ दाइजो माग्नेछन्। कानुनी कारबाहीसँगै यस्ता बहुला र यिनको परिवारलाई सामाजिक बहिष्कार नगरेसम्म समाजबाट दाइजोरुपी भाइरसको अन्त्य हुन सम्भव छैन।

● **सुमिना सुब्बा**
विशालनगर, काठमाडौं

प्रतिवादीहरू कोही पनि नछुटून् ?

१३ अर्बको सरकारी जग्गा हिनामिना गरिएको विषयमा सिआइबीले पुनः फाइल खोलेको र चार सय ६ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरिएको समाचार पढ्दा खुसी लाग्यो। बालुवाटारजस्तो देशकै महँगो क्षेत्रको झन्डै १४३ रोपनी जग्गा हिनामिना गर्ने गिरोहविरुद्ध कराबाही प्रक्रिया अघि बढाउनु सकारात्मक छ। यो प्रकरण पटक-पटक तात्दै र सेलाउँदै आएको छ। त्यसैले, यसपटक पनि त्यसैगरी सेलाउने खतरा छ। यसलाई सेलाउन नदेऊ।

● **सुजन ओली**
गठ्ठाघर, भक्तपुर

सांस्कृतिक विवादमा बोल्ने कसले ?

न्यायालयले न्याय प्रशासन र कानुनको व्याख्या गर्ने हो, धर्म र संस्कृतिको होइन। धर्म र संस्कृतिका आधिकारिक व्याख्याता धर्मगुरु वा संस्कृतिविद् नै हुन्। जसरी चिकित्सा क्षेत्रको विषयमा इन्जिनियरले र इन्जिनियरिङ क्षेत्रको विषयमा चिकित्सकले व्याख्या गर्न या बोल्न मिल्दैन, उसैगरी धर्म र संस्कृतिबारे पनि अदालतले बोल्न सुहाउँदैन। जानकी भारतको चेली हो कि नेपालको भन्ने अदालतले होइन, धर्मगुरु, संस्कृतिविद् या इतिहासकारले मात्र बोल्ने विषय हो। र, आधिकारिक पनि त्यही हुन्छ।

हाम्रा न्यायालयहरू जे विषयमा पनि आफैँ बाठा हुन खोज्छन्। विशेषज्ञको कुरा सुन्दैनन्। किन ? यसैगरी सरकारको पनि एउटा राजधर्म हुन्छ। त्यो हो राष्ट्र र राष्ट्रियताप्रति कुनै प्रश्न उठे तत्कालै राष्ट्रको हितमा बोल्ने। राष्ट्रप्रतिको बफादारी दर्साउन नसक्ने हो भने त्यो सरकारले आफ्नो राजधर्म ननिभाएको ठहर्छ। अहिले आमनेपाली नागरिकले वर्तमान सरकारले आफ्नो राजधर्म ननिभाएको महसुस गरेका छन्। सरकार विदेशीको इसारामा नाचिरहेको महसुस गरेका छन्। अन्यथा, भारतीय चलचित्र आदिपुरुषमा सीतामातालाई भारतकी चेली भनेकामा गम्भीर प्रतिवाद भइसक्ने थियो। अनि, भारतको नयाँ संसद्मा लुम्बिनी र कपिलवस्तुलाई समेत समेटेर राखिएको नक्साका विषयमा कूटनीतिक नोट पठाइसक्थ्यो। तर, यस्तो गम्भीर विषयमा पनि वर्तमान सरकारले चासो नदिएको देख्दा सरकारको राष्ट्रवादमाथि गम्भीर प्रश्न उठेको छ।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

योगका नाममा हिन्दू सर्वोच्चतावादमाथि ढाकछोप

मोदी र उनका आध्यात्मिक सहयोगीले योगलाई हिन्दू राष्ट्रवाद र दक्षिणपन्थी नीति फैलाउने प्रोपगान्डाका रूपमा दुरुपयोग गर्दै आएका छन्



देश/विदेश

● सिना सुद

सन् २०१४ मा जब भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी राष्ट्र संघको महासभालाई पहिलोपटक सम्बोधन गर्न आए, तब उनले एक उद्देश्य बोकेका थिए। उनले २१ जुनलाई अन्तर्राष्ट्रिय योग दिवस र भारतलाई योगको आध्यात्मिक जन्मस्थलका रूपमा मान्यता दिनुपर्ने प्रस्ताव गरेका थिए। करिब दुई सय राजनीतिक नेतामाझ मोदीले उत्साहपूर्वक '(भारतको) पुरातन परम्पराको अमूल्य उपहार' भन्दै योगको चित्रण गरेका थिए। उनले योगलाई सम्मान गर्दा विश्व शान्ति, जलवायु परिवर्तनको असर न्यूनीकरण र विद्यमान सशस्त्र हिंसाविरुद्ध लड्न मद्दत पुग्ने सुझाब दिएका थिए। लगत्तै अर्को वर्ष विश्वले पहिलोपटक योग दिवस मनायो।

अघिल्लो बुधबार (२१ जुन) राष्ट्र संघले यस वर्षको योग दिवसको नेतृत्व गर्न मोदीलाई आफ्नो मुख्यालयमा स्वागत गरेको छ। प्रश्न उठ्छ, मोदीले भारतको कुन संस्करणलाई संसारमा व्यक्त गरे ? स्वभावतः मोदीले मूलधारकै भारतीय संस्करणको प्रतिनिधित्व गरेका छन्। उनले भारत विश्वकै सबैभन्दा ठूलो धर्मनिरपेक्ष लोकतन्त्र भएको र यसको अर्थतन्त्र द्रुत गतिमा अगाडि बढिरहेको बताएका थिए। अर्थात् बढ्दो अधिनायकवाद, हिन्दू राष्ट्रवाद र जात-आधारित सर्वोच्चतावादले तहसनहस भइरहेको लोकतान्त्रिक भारतको उच्चारण भएन।

भाजपाका नेता बनेदेखि मोदी र उनका आध्यात्मिक सहयोगीले योगलाई हिन्दू राष्ट्रवाद र दक्षिणपन्थी नीति फैलाउने प्रोपगान्डाका रूपमा दुरुपयोग गर्दै आएका छन्। सरल भाषामा भन्ने हो भने योगलाई मोदीले उत्पीडित अल्पसंख्यकमाथि गरिएको राजनीतिक एवं संरचनागत हिंसा छोप्ने संयन्त्र बनाएका छन्। योग दिवसमा मोदीले विश्वका नेता र योगका अनुयायीसामु आफूले गरेका अत्याचारलाई लुकाएका हुन्।

यो ढाकछोपयुक्त तमासालाई म जातीय-राष्ट्रवादी राज्यको हिंसालाई ॐको प्रयोग गरेर लिपपोत गर्ने राजनीति अर्थात् 'ॐ वासिङ' भन्न रुचाउँछु। तर, यसलाई विश्वमा योगलाई वास्तविक रूपमै न्याय, एकता र मुक्तिका लागि प्रयोग गर्ने अठोट लिनेहरूमाथिको आक्षेपका रूपमा भने लिनु हुँदैन भन्ने आग्रह गर्छु।

विश्वशान्तिको ढोंग : प्राचीन भारतीय संस्कृति 'वसुधैव कुटुम्बकम्' हो भन्दै मोदी बारम्बार उल्लिखित यौगिक दर्शनलाई भारतभित्र र विश्व साझेदारमाझ लोकतन्त्रको प्रोत्साहनका लागि मार्गदर्शनका रूपमा लिनुपर्ने बताउँछन्। तर, भारतमै लोकतन्त्र ओरालो लाग्ने क्रममा छ।

मोदी सत्तामा आएदेखि नै मुलुकमा मुसलमान, इसाई, दलित र अन्य उत्पीडित अल्पसंख्यकमाथि हुने राज्य-प्रायोजित र भिजलान्ते आक्रमण तीव्र बढेको छ। मोदीले हिन्दू राष्ट्रवादीलाई सीमान्तकृत जनतामाथि आक्रमण गर्ने वैधानिकता मात्रै दिएका छैनन्, उनको सरकारले न्यायपालिकालगायत भारतीय लोकतन्त्रका स्वतन्त्र संस्थालाई पनि कमजोर बनाएको छ। विश्वव्यापी रूपमा मोदी सरकारले इजरायल, फ्रान्स र अमेरिकाजस्ता राज्यसँगको सैन्य साझेदारीलाई बलियो बनाएको छ। स्मरण रहोस्, यी राज्य विश्वस्तरमा हुने इस्लामद्वेष र युद्ध राजनीतिमा लगानी गर्ने राज्य हुन्।

जलवायु परिवर्तन रोक्ने कसरी ? : मोदीले योगलाई विश्व तापमान वृद्धिलाई रोक्ने र वातावरणीय दिगोपनालाई प्रोत्साहन गर्ने जन-अभियानको संज्ञा दिँदै सन् २०७० भित्र भारतमा शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता जनाएका छन्, सँगसँगै जलवायु योगीलाई आफ्नो व्यवहार परिवर्तन गर्दै योगदान दिन आग्रह गरेका छन्। निश्चय नै योगलाई जलवायु परिवर्तनको प्रतिरोध गर्न प्रयोग गर्न सकिन्छ। तर, मोदीले जीवाश्म-इन्धन उद्योगमा लगानी जारी राख्नु र सैन्यक्षेत्रबाट हुने उत्सर्जनलाई उत्सर्जनका रूपमा सन्धि-सम्झौतामा नमानिने अवस्थामा सेनामा पनि लगानी गर्नुले मोदीको वाचा झुटो हो भन्ने देखिन्छ। जलवायु वैज्ञानिक र वातावरणीय अभियन्ताले जलवायु कहरबाट जोगिन उपभोक्तावादमा आधारित पुँजीवादी अर्थव्यवस्थामा आमूल रूपमा विनिवेश आवश्यक हुने तर्क गर्छन्। तर, मोदी व्यक्तिवादी समाधानका लागि प्रतिबद्ध छन्। अर्थात्, उनी अर्थतन्त्रको संरचनामा आमूल परिवर्तन नगर्ने र ग्रहलाई सक्रिय रूपमा तहसनहस पार्ने कार्यक्रमलाई अगाडि बढाउँदै तथाकथित हरित नीतिलाई समर्थन गरेजस्तो गर्ने आफ्नो एजेन्डालाई पोसिरहेका छन्।



तस्बिर : भारतको प्रेस सूचना ब्युरो/रोयटर्स

आतंकवादविरुद्धको लडाइँ : सन् २०१४ को राष्ट्र संघ भाषणमा मोदीले विश्व नेताले एक ठाउँ आएर 'आतंकवाद र उग्रवाद'विरुद्ध लड्नुपर्ने बताएका थिए। यद्यपि, मोदी राज्य-अनुमोदित सैन्यवादलाई अदृश्य बनाउने गरी 'वार अन टेरर'को इस्लामद्वेषी संकथनको प्रयोग गर्छन्। अगस्ट २०१९ मा मोदी सरकारले सन् १९४७ पछिको नयाँ भारतको एक मात्र मुसलमानबहुल राज्य जम्मू-कस्मिरको अर्ध-स्वायत्त हैसियतलाई खारेज गरेको थियो। तत्पश्चात् सो क्षेत्रमा तीव्र राजनीतिक दमन भएको थियो, जहाँ राजनीतिक गतिविधिमा प्रतिबन्ध लाग्यो, नेता नजरबन्दमा राखिए, इन्टरनेट अवरुद्ध गरियो र पहिलेदेखि नै अत्यधिक सैन्य परिचालन भएको यस क्षेत्रमा थप सेना तैनाथ गरियो।

भारतीय सेनाले योगाभ्यास गरिरहेको जवानका तस्बिर सामाजिक सञ्जालमा साझा गरिरहँदा भारतीय सेनाले कस्मिरमा गरेको मानवअधिकार उल्लंघनमाथि लिपपोत भइरहेको थियो। अर्थात्, मोदी र उनका साझेदारले कस्मिरमाथि भारतको कीर्तिमानी नृशंस अत्याचारलाई चोख्याउँदै ॐ वासिङ गरिरहेको प्रस्ट छ।

टाइम्स स्क्वायर र सामाजिक सञ्जालका मञ्चमा योग दिवसका दिन मोदीको प्रदर्शन प्रत्यक्ष प्रसारण भइरहँदा राजनीतिक रूपमा तटस्थ हजारौँ सहभागी यसमा सामेल हुन सक्छन् भन्ने मलाई लाग्छ। आखिर मोदीसँग योग गर्दा के नै क्षति हुन्छ र ? सहभागिता जनाउँदैमा मोदीको राजनीतिक एजेन्डालाई समर्थन गऱ्यो भन्ने हुँदैन, तर म सहभागीलाई यस्ता कार्यक्रममा सहभागी हुनु भनेको हिन्दू सर्वोच्चतावादी विचारलाई लिपपोत गर्ने मोदीको ॐ वासिङलाई प्रोत्साहन पुग्छ कि भनेर सचेत हुन आग्रह गर्छु।

(सुद समाजशास्त्री, शिक्षक एवं योग प्रशिक्षक हुन्)
अलजजिराबाट

युक्रेन युद्धमा पुटिनले मात्र होइन बाइडेनले पनि गरेका छन् गम्भीर गल्ती

रुस-युक्रेन युद्ध उत्तर र दक्षिण कोरियाबीचको ७० वर्ष लामो अघोषित युद्धविरामजस्तै गतिरोध र शत्रुताको दीर्घकालीन अवस्थामा पुग्न सक्छ





• मारवन बिसारा

रुसले युक्रेनमा पूर्णस्तरको आक्रमण थालेपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको गलत आकलनबारे धेरै कुरा भए। गत अक्टोबरमा मैले पुटिनको मैमत्ता र अहंकारबारे लेखेको थिएँ। अहंकार र मैमत्ताका कारण उनले रुसको सैन्य क्षमतालाई ज्यादा र युक्रेनी प्रतिरोधी क्षमतालाई कम आँके। नेटोको एकता र अमेरिकाको रणनीतिक दृढताबारे उनको हिसाब गलत रह्यो।

तर, विनाशकारी दुष्परिणाम युक्रेन र बाहिरसम्म विस्तारित गरेको यस खराब निर्णयका दोषी रुसी राष्ट्रपति पुटिन एक्लै मात्रै भने होइनन्। युद्ध अन्तहीन ढंगले जारी रहिरहेको परिप्रेक्ष्यमा युक्रेनलाई लिएर अमेरिकी राष्ट्रपति जो बाइडेन र उनका पश्चिमा सहयोगीको गलत आकलनको चर्चा गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। यी परिणतिले रुसको असफलतालाई प्रतिबिम्बित त गर्छन् नै, यी दुवै नेता साम्राज्यवादी अभिमानको परिणाम के हुन्छ भनेर सिक्न पनि असमर्थ साबित भएका छन्।

सुरुदेखि नै युक्रेन युद्धलाई लोकतन्त्र र निरंकुशताबीचको विश्वव्यापी द्वन्द्व र अन्तर्राष्ट्रिय कानुन एवं राष्ट्रिय सार्वभौमसत्ताको सम्मानका निम्ति रुसी आक्रामकतालाई अभिशापका रूपमा चित्रित गर्दै बाइडेनले आफ्नो नैतिक धरातललाई उच्च राखे। उनले एकातर्फ यस धर्मयुद्धमा सामेल हुन विश्वका तानाशाहलाई आह्वान गर्दै रहे भने अर्कातिर अमेरिकाले चलाइरहेका अवैध युद्धहरूलाई भने बेवास्ता गरिरहे।

बाइडेनले रुसी राष्ट्रवादको शक्तिलाई कम आकलन गरे भने रुसी सीमातर्फ नेटोको विस्ताररप्रति रुसी साम्राज्यवादको आधारहीन बहानाबाजीका रूपमा मस्कोको भयलाई अस्वीकार गरे। युद्धका सुरुवाती महिनामा बाइडेनले दोनबास क्षेत्रमा द्वन्द्व अन्त्य गर्न सन् २०१४ र सन् २०१५ मा हस्ताक्षरित मिन्स्क सम्झौता कार्यान्वयनको प्रयासलाई कमजोर बनाउने काम गरे। उक्त सम्झौता पूर्वी युक्रेनमा दुई स्वायत्त रुसी क्षेत्रहरू खडा गर्न र युक्रेनमा रुसी हस्तक्षेपको विस्तारलाई रोक्न गरिएका थिए।

यी सम्झौतामा युक्रेन र रुस दुवैले हस्ताक्षर गरेका थिए, तर तिनलाई परिमार्जन गर्न र निष्कर्षमा पुऱ्याउन सहयोग गरेका फ्रान्स र जर्मनीले कार्यान्वयनका लागि भने पर्याप्त प्रयास गर्न सकेनन्। यो विनाशकारी युद्धबाट युरोपले धेरै गुमाउनुपरेको छ, तर युरोपेली शक्तिले यो युद्ध रोक्न कत्ति पहल गरेनन्।

बाइडेनले पनि रुसको सैन्य सहनशीलतालाई कम आँके। अफगानिस्तानीहरूले अमेरिकी सहयोगमा सोभियत संघलाई पराजित गरेजस्तै युक्रेनीहरूले पनि उसलाई पराजित गर्ने अनुमान गरे। तर, साझा इतिहास र भौगोलिक निकटतालाई हेर्दा मस्कोका लागि युक्रेन अफगानिस्तानभन्दा धेरै महत्त्वपूर्ण र रणनीतिक छ। पुटिनको दृष्टिबाट युक्रेन रुसको राष्ट्रिय सुरक्षा र उनको शासनको निम्ति महत्त्वपूर्ण छ। उनले युक्रेनलाई पश्चिमी गठबन्धनमा सामेल भएको हेर्नभन्दा ध्वस्त बनाउन चाहे।

> बाइडेनले पनि रुसको सैन्य सहनशीलतालाई कम आँके। अफगानिस्तानीहरूले अमेरिकी सहयोगमा सोभियत संघलाई पराजित गरेजस्तै युक्रेनीहरूले पनि उसलाई पराजित गर्ने अनुमान गरे। तर, साझा इतिहास र भौगोलिक निकटतालाई हेर्दा मस्कोका लागि युक्रेन अफगानिस्तानभन्दा धेरै महत्त्वपूर्ण र रणनीतिक छ।

युद्धको पहिलो वर्षको अवधिमा रुसी सेनाको किभदेखि खार्किभसम्मको असफलताले युक्रेनको संकल्प र प्रतिरोधको क्षमतालाई उजागर गर्छ। तर, यो वर्षबाट युद्धको लहरमा परिवर्तन हुन थालेको छ। महिनौंको लडाइँपछि बख्मुतमा रुसी कब्जाले ऊ पनि यो युद्ध जित्न कम दृढ संकल्पित छैन भन्ने देखाउँछ। यसले विनाशकारी गतिरोध मात्रै निम्त्याउनेछ। बाइडेनले युक्रेनको युद्ध क्षमतालाई पनि बढी नै आकलन गरे। यद्यपि, युद्ध अहिलेसम्म युक्रेनी भूमिमा परम्परागत तरिकाले नै लडिएको छ, जसका कारण ठूलो रुसी सैन्य क्षमता युक्रेनको सानो सेनालाई पराजित गर्न र उसको अधिकांश अर्थतन्त्रलाई ध्वस्त बनाउन समर्थ भएको छ।

तर, यी असफलताले पनि अमेरिका र उसका सहयोगीलाई युक्रेनको सहयोगलाई थप सघन बनाउन रोकेको छैन।

१९ मेमा हिरोसिमामा आयोजित जी-७ देशहरूको बैठकले 'जहिलेसम्म युक्रेनलाई वित्तीय, मानवीय, सैन्य तथा कूटनीतिक सहयोग चाहिन्छ, तबसम्म उपलब्ध गराइरहने प्रतिबद्धता' नवीकरण गर्ने वचनबद्धता गरेको छ। यो अमेरिका र यसका सहयोगीले सैन्य अभियानको उद्देश्यमा परिवर्तन गर्न लागेको अर्को संकेत हो। युक्रेनमा गोलाबारुद पठाएर सुरु भएको सैन्य सहयोग अमेरिकी तथा जर्मन ट्यांक हुँदै प्रतिरक्षा प्रणाली र ड्रोनहरू आपूर्तिमा विस्तार भएको छ, जसले युक्रेनलाई रुसी भूभागसम्म पुग्न सक्ने बनाएको छ। हालैमा अमेरिका रुसको हवाई क्षमतालाई टक्कर दिन युक्रेनलाई एफ-१६ लडाकु विमान दिन पनि सहमत भएको छ। रुसले किभलाई यो विमान उपलब्ध गराए असहय हुने चेतावनी दिएको छ भने विज्ञहरूले पनि तत्काल यसको उपयोगितामाथि प्रश्न उठाएका छन्।

युद्धमोर्चाको कुनै पनि जित निकै महँगो हुनेछ। प्रतीक्षित युक्रेनी प्रत्याक्रमणले नाटकीय विजय निकाल्न सफल भयो भने त्यसले रुसलाई आणविक हतियारको प्रयोगतर्फ धकेल्न सक्छ, जसले युक्रेन र बाँकी युरोपमा विनाशलीला मच्चाउन सक्छ। मस्कोले रणनीतिक आणविक हतियार प्रयोगको धम्की दिइरहेकै छ। तर, रुसको आणविक धम्कीलाई थप पश्चिमा हस्तक्षेप रोक्ने प्रपञ्च मात्रै हो भन्ने अमेरिकी प्रशासनको ठम्याइ छ।

क्रेमलिनले सन् २००० यता आणविक हतियार प्रयोगको थ्रेसहोल्ड घटाएको छ। उसले मुलुकको अस्थित्व खतरामा परेको अवस्थामा मात्र होइन, 'युद्धको संकट समाधान गर्ने अन्य सबै माध्यम सकिएको वा प्रभावहीन भएको अवस्थामा पनि आणविक हतियार प्रयोग गर्न सकिने' गरी सीमा घटाएको छ।

युक्रेन युद्धमा पश्चिमी एकतालाई जसरी पुटिनले कम आकलन गरे, बाइडेनले पनि लम्बिँदो यो युद्धलाई युरोपको समस्याका रूपमा लिने बाँकी विश्वको उदासीनतालाई नजरअन्दाज गरेका छन्। बाँकी विश्वले रुससँग बन्द व्यापार जारी राख्दा पश्चिमा प्रतिबन्धहरू मस्कोको हिसाब बदल्न असफल छन्। संक्षेपमा, रुस र पश्चिम दुवैले युद्धलाई जसरी पछ्याएका छन्, उसरी नै उद्देश्यपूर्ण र कटिबद्धताका साथ कूटनीतिलाई पछ्याउन असफल भएका छन्।

दुवै पक्ष हातहतियार थुपार्दै, आणविक विनाशको त्रास देखाउँदै र यस युद्धलाई 'जित या मर'को स्थितिका रूपमा प्रस्तुत गरिरहेका छन्। रुस र पश्चिमबीचको कट्टर मतभेदलाई हेर्दा यो युद्ध निकट भविष्यमै शान्ति सम्झौतामा बदलिने सम्भवना देखिँदैन।

अन्ततोगत्वा यो युद्ध उत्तर र दक्षिण कोरियाबीचको ७० वर्ष लामो अघोषित युद्धविरामजस्तै गतिरोध र शत्रुताको दीर्घकालीन अवस्थामा पुग्न सक्छ। त्यस अवस्थामा रुसले उत्तरमा खार्किभदेखि दक्षिणमा खेरसनसम्मलाई असैन्यकरण क्षेत्रको रूपमा विकास गर्न जोड दिन सक्छ। यसैबीच, युद्धले रुसी र पश्चिमाको सुरक्षा र स्थिरता नासिरहँदा चीन भने निर्धक्क उदाइरहेको छ। र, अमेरिकाको टाउको दुखाउँदै ऊ पहिलेभन्दा थप बलशाली र विश्वसनीय बन्दै गइरहेको छ।

(बिसारा अलजजिराका वरिष्ठ राजनीतिक विश्लेषक हुन्)

इतिहासमा आज



सन् २००७ : एप्पलद्वारा पहिलो आइफोन सार्वजनिक। आइफोनले स्मार्टफोन उद्योगमा क्रान्ति ल्यायो र केही समयका लागि एप्पललाई विश्वको सबैभन्दा मूल्यवान् कम्पनीमध्ये एक बनायो।

सन् १६१३ : लन्डनको ग्लोबल थियटरमा आगजनी। विलियम सेक्सपियरको हेनरी आठौं प्रदर्शनका क्रममा अचानक आगलागी हुँदा नाट्यशाला ध्वस्त भएको थियो। नाट्यशालाको प्रवेशद्वारमा तोपबाट आगो सल्किएको थियो।

सन् १९४५ : श्रीलंकाकी पूर्वराष्ट्रपति चन्द्रिका बन्दरानायके कुमारातुंगाको जन्मदिन। बन्दरानायके सन् १९९४ को नोभेम्बर १२ देखि सन् २००५ को नोभेम्बर १९ सम्म देशको राष्ट्रपति बनेकी थिइन्।

सन् १९६६ : अमेरिकी हवाई फौजले उत्तरी भियतनामको इन्धन भण्डारण स्थलमा विस्फोट गराएको थियो।

सन् १९८२ : इजरायलद्वारा लेबनानमाथि हमला। आक्रमण लेवनानमा शरण लिईरहेका प्याले स्टिाइनीमाथि लक्षित थियो।

नेपाल राष्ट्र बैंक
नेपालगञ्ज कार्यालय

मौजुदा सूची दर्ता गराउनेबारेको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०८०/०३/१४ गते)

यस कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा फुटकर रूपमा खरीद गर्ने विभिन्न वस्तु तथा सेवा आपूर्तिकर्ताहरूको सूची तयार गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त रजिस्टर्ड फर्म तथा कम्पनीहरूले आवेदन फाराममा उल्लिखित योग्यतासहितका कागजातहरू समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (Standing List) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली- २०७१ (संशोधनसहित) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फाराम यस कार्यालयको आन्तरिक प्रशासन फाँट र बैंकको Website: www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ। आवेदन पेश गर्दा आवेदन फाराममा उल्लिखित विवरण भरी सहीछाप गरी तोकिएका कागजातहरूका साथ पेश गर्नु पर्ने छ। आवेदन फाराममा उल्लिखित विवरण तथा योग्यताका कागजातहरू पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन। आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। अन्य आवश्यक कुरा बुझ्न परेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँट (फोन नं. ०८१-५९०१७२) मा सम्पर्क राख्न सकिने छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) को धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०३/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०१/२७ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिस्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७३/१०/०४ मा दर्ता नं. ३२८/७४१२/०७३ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुरमा मिति २०६३/१०/११ मा स्थायी लेखा नम्बर (PAN) ६०५६६९३२१ अन्तर्गत दर्ता कायम भएको **लौखानी खाजा घर एण्ड रेष्टुरेन्ट**।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. तुला राम थारुको नाती, सिखाराम थारुको छोरा, नवलपरासी जिल्ला, पिठौली गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १३ बस्ने **नोत बहादुर थारु** (ना.प्र.नं. ५४५८२, जारी मिति २०६३/०५/०१, जि.प्र.का. नवलपरासी)।	२. तुला राम थारुको बुहारी, सिखाराम थारुको पत्नी, नवलपरासी जिल्ला, पिठौली गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १३ बस्ने **मन्जन कुमारी थरुनी** (ना.प्र.नं. ४५६५, जारी मिति २०५३/११/१९, जि.प्र.का. नवलपरासी)।
३. सिखा राम थारुको बुहारी, नोत बहादुर थारुको पत्नी, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १३ बस्ने **खेम कुमारी थारु** (ना.प्र.नं. ३६२०१६/६२४८, जारी मिति २०७२/१२/०४, जि.प्र.का. नवलपरासी)।	
धितोको विवरण	

१. तुला राम थारुको बुहारी, सिखाराम थारुको पत्नी, नवलपरासी जिल्ला, पिठौली गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १३ बस्ने मन्जन कुमारी थरुनी (ना.प्र.नं. ४५६५, जारी मिति २०५३/११/१९, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, पिठौली गा.वि.स./न.पा. वडा नं. २ ख हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १३ स्थित कित्ता नं. ४७१ को जग्गा क्षेत्रफल ०-७-१२.७५ (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिस्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७३/१०/०४ मा दर्ता नं. ३२८/७४१२/०७३ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुरमा मिति २०६३/१०/११ मा स्थायी लेखा नम्बर (PAN) ६०५६६९३२१ अन्तर्गत दर्ता कायम भएको लौखानी खाजा घर एण्ड रेष्टुरेन्टको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignments of Receivable) उपर हाइपोथिकेशन सुरक्षण।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०३/२८ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०३/२९ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.)मा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : कावाशोती, नवलपरासी (ब.सु.पू.)
फोन नं. ०७८-५४११३३
Website : www.siddharthabank.com

विश्व संक्षेप

हजारौं अफगान आप्रवासी स्वदेश फर्किए

काबुल/ गत महिना ७४ हजारभन्दा बढी अफगान आप्रवासी इरानबाट स्वदेश फर्किएका छन्। अफगानिस्तानको पश्चिमी प्रान्त निमरोजका शरणार्थी र स्वदेश फिर्ती विभागका तालिबानी प्रान्तीय अधिकारीले सो जानकारी दिएको अफगान अनलाइन न्युज पोर्टल खामा प्रेसले जनाएको छ। निमरोज प्रान्तको शरणार्थी र स्वदेश फिर्ती विभागका प्रमुख मौलावी अब्दुल्लाह रियाजले विगत दुई हप्तामा इरानबाट एक हजार १०६ परिवार र ६९ हजार २५९ व्यक्तिसहित कम्तीमा ७४ हजार ३६० मानिस स्वदेश फर्किएको जानकारी दिएका छन्। दुई वर्षअघि अगस्ट २०२१ मा पश्चिम समर्थित अफगान सरकारको पतनपछि हजारौं अफगान परिवार तालिबानको घरले छिमेकी देश इरान र पाकिस्तानमा भागेका थिए। तर, तालिबानको शासनसँगै देशमा दशकौंदेखि चलेको गृहयुद्ध अन्त्यपछि हिंसा घटेकाले छिमेकी मुलुकमा रहदै आएका अफगान शरणार्थीहरू स्वदेश फर्किन थालेका छन्।

रुसी मिसाइल प्रहारबाट १० को मृत्यु

किभ/ पूर्वी युक्रेनको क्रामाटोर्स्कको मध्य भागमा रुसी क्षेप्यास्त्र प्रहार हुँदा मंगलबार साँझ तीन बालबालिकासहित कम्तीमा दशजनाको मृत्यु भएको छ। घटनामा कम्तीमा ६१ जना घाइते भएका छन्। डोनेत्स्क क्षेत्रका सैन्य प्रशासन प्रमुख पाभ्लो किरिलेन्कोका अनुसार आक्रमण मंगलबार साँझ करिब ७:३० बजे भएको थियो। आक्रमण क्रामाटोर्क सहरको केन्द्रमा अवस्थित सैनिक, पत्रकार र सहायताकर्मीबीच लोकप्रिय रिया पिज्जा रेस्टुरेन्टमा भएको थियो, जसमा रेस्टुरेन्ट पूर्ण ध्वस्त भएको छ। अधिकारीहरूले पहिलो आक्रमण सहरको केन्द्रमा र त्यसपछि पनि दोस्रो मिसाइल सहरको बाहिरी भागस्थित एक गाउँमा भएको बताएका छन्।

हज यात्रीको संख्या महामारीपछिको उच्च

रियाद/ यस वर्षको वार्षिक हज तीर्थयात्रामा १८ लाखभन्दा बढी भक्तजन सहभागी भएको साउदी अरबको तथ्यांक कार्यालयले मंगलबार जनाएको छ। विश्वको सबैभन्दा ठूलो धार्मिक जमघटमध्येको एक हज तीर्थयात्रामा यस वर्ष २५ लाखभन्दा बढी तीर्थयात्री आउने अनुमान साउदी अधिकारीले गरेका थिए। तर, सरकारी समाचार च्यानल 'अल इखबरिया टिभी'ले सार्वजनिक गरेको आधिकारिक तथ्यांकअनुसार यो वर्ष तीर्थालुको संख्या अपेक्षा गरेभन्दा अझै कम रह्यो। 'यो वर्ष हजयात्रीको कुल संख्या महिला-पुरुष जोडेर कुल १८ लाख ४५ हजार ४५ रह्यो,' तथ्यांक कार्यालयले जनाएको छ। तथापि यो वर्ष तीर्थयात्रीको संख्या कोभिड-१९ को महामारी सुरु भएपछिको सबैभन्दा धेरै हो। अघिल्लो वर्ष १० लाखजनाले हजयात्रा गरेका थिए।

अडियो प्रकरण चुनावी हतकण्डा भएको ट्रम्पको दाबी

वाशिंटन डिसी/ अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले गोप्य दस्ताबेजबारे अनधिकृत व्यक्ति वा पक्षसँग छलफल गरेको श्रव्य सामग्री सार्वजनिक भएको भनी आएको चर्चामा कुनै सत्यता नरहेको बताएका छन्। विभिन्न सञ्चार माध्यममा रेकर्डिङ सार्वजनिक भएपछि पूर्वराष्ट्रपति ट्रम्पले उनकै स्वामित्वमा रहेको सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मा अडियोलाई बनावटी 'विक्षिप्त' कथा भनी खण्डन गरेका छन्। अभियोजनकर्ताले न्याय मन्त्रालय र एफबिआईसँग मिलेर 'अवैध रूपमा' अडियो बनाई अफवाह फैलाउन खोजेको ट्रम्पले आरोप लगाएका छन्। 'यो निर्वाचन प्रभावित पार्ने खेल मात्र हो,' ट्रम्पले भने। अमेरिकी प्रसारण संस्था सिएनएनले सोमबार राति प्रसारण गरेको अडियो फाइलमा ट्रम्पले पेन्टागनको 'इरानमाथि आक्रमण गर्नेसम्बन्धी गोप्य योजना'बारे अनधिकृत व्यक्तिसँग कुरा गरिरहेको सुनिन्छ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
क्षेत्रीय सहरी विकास आयोजना
आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं

लिलाम बिक्री सम्बन्धी सूचना

यस आयोजनामा रहेका विभिन्न मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अनुसार लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म वा संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र न्यूनतम मूल्यमा नघटाई लिलाम बढाबढको सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन अनुरोध छ। लिलाम बढाबढको सिलबन्दी फाराम तथा मालसामान सम्बन्धी अन्य विस्तृत जानकारी यस आयोजनाको सूचना पाटिमा टाँस गरिएको छ।

सम्पर्क नम्बर ०१-५३६२५३५,०१- ५३६२९६९ ०१-५३५६६५१

भाया नेट कम्यूनिकेशन लिमिटेड
को
विशेष साधारण सभाको सूचना

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०३/११ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णयको लागि बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरूको सादर उपस्थितिको लागि अनुरोध गर्दछौं।

सभा हुने मिति, समय र स्थान

मिति : २०८०/०३/२७
स्थान : दिनको ११:०० बजे
समय : कम्पनीको रजिष्टर्ड कार्यालय

छलफलका विषयहरु :

१. कम्पनीको वार्षिक साधारण सभा सम्बन्धमा।
२. विविध।

अध्यक्ष

शर्माले सहकारीको साढे ११ अर्ब हिनामिना गरेको ठहर

काठमाडौं/ नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले एकजना सहकारी सञ्चालकले विभिन्न सहकारी संस्थामा बचत गरिएको साढे ११ अर्बभन्दा बढी रकम हिनामिना गरेको जनाएको छ।

सिआइबीले सहकारी हिनामिनाको आरोप लागेपछि फरार भएका भक्तपुरको शिवशिखर बहुउद्देश्यीय सहकारीका निवर्तमान अध्यक्ष, मोरङको तुलसी बहुमुखी सहकारी संस्थाका अध्यक्ष तथा शिखर अर्गनाइजेसनका सञ्चालक केदारनाथ शर्माले यसरी बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा पक्राउ गरिएको जानकारी गराएको छ।

उनलाई यही असार ११ गते नेपालगन्जबाट पक्राउ गरी आज सिआइबीले सार्वजनिक गर्दै कानुनी कारबाही अघि बढेको जानकारी गराएको छ। उनीसहितको समूहमाथि शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था कौशलटार, भक्तपुरमा कार्यालय रही नेपालका ३५ जिल्लामा सेवा केन्द्र रहेको सहकारीका शाखा कार्यालयमा एक लाख ६८ हजार सात सय २५ निक्षेपकर्ता सदस्यको रु. १० अर्ब ७७ करोड ७६ लाख लाख रकम हिनामिना गरेको आरोप छ।

यस्तै, मोरङको तुलसी बहुमुखी सहकारी संस्थाका २१ हजार एक सय ५४ निक्षेपकर्ता सदस्यले एक अर्ब ५४ करोड ७५ लाख रुपैयाँ रकम प्रचलित सहकारी ऐन र नियमावलीविपरीत सहकारी संस्थाबाट आफू तथा आफ्ना नजिकका व्यक्तिको नाममा सञ्चालित ४३ विभिन्न कम्पनीमा ऋण लगानी गरी हिनामिना गरेको पाइएको छ।

उक्त रकमको साँवा-ब्याजसमेत सहकारी संस्थामा फिर्ता नगरी, सहकारी संस्थामा रहेको निक्षेप रकमबाट आफू र आफ्ना नजिकका व्यक्तिका नाममा जग्गा जमिन, सवारीसाधन खरिद गरी सर्वसाधारणको बचत रकम दुरुपयोग गरी सहकारी संस्थालाई हानि-नोक्सानी पुर्‍याएको पाइएको सिआइबीका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए।

नबिल बैंक लिमिटेड सुर्खेत शाखा, सुर्खेतको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०३/१४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०८०/०१/२६ को कारोवार दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **सुर्खेत शाखा कार्यालय सुर्खेत**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्मको नाम ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा मितिः २०७१/०६/०३ मा प्रा.फ.र. नं. ४५३६/०७१/०७२ अन्तर्गत दर्ता भएको **श्री सि. बि. सप्लायर्स।**
ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न. पा. वडा नं. ६, सुर्खेत।

ऋणी फर्मको प्रोपाइटरको विवरण

चुरामणी भुसालको नाति, राम प्रसाद भुसालको छोरा, अर्घाखाँची जिल्ला, सन्धिर्खक गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. १ बस्ने ना.प्र.नं. ८१३१/३५४१/०४४ (जारी मितिः २०६०/०९/२८, स्थान अर्घाखाँची) ठेगाना भएका **श्री केदारनाथ भुसाल।**

ऋणी फर्मका व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. चुरामणी भुसालको नाति, राम प्रसाद भुसालको छोरा, अर्घाखाँची जिल्ला, हंसपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. १ बस्ने ना.प्र.नं. ८२१२/५८२२ (जारी मितिः २०५७/०४/०८, स्थान अर्घाखाँची) ठेगाना भएका **श्री मोहन चन्द्र भुसाल।**
२. चुरामणी भुसालको नाति, राम प्रसाद भुसालको छोरा, अर्घाखाँची जिल्ला, सन्धिर्खक गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. १ बस्ने ना.प्र.नं. ४०१४१४३/५८०३/२८६२ (जारी मितिः २०६०/०७/१३, स्थान अर्घाखाँची) ठेगाना भएका **श्री प्रकाशचन्द्र भुसाल।**
३. लालमणी भुसालकी छोरी, चुरामणी भुसालकी बुहारी, राम प्रसाद भुसालकी श्रीमती, अर्घाखाँची जिल्ला, हंसपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने ना.प्र. नं. १४६२/७/८७ (जारी मितिः २०४५/१२/१८, स्थान अर्घाखाँची) ठेगाना भएकी **श्रीमती पवित्रा भुसाल।**

धितोको विवरण

अर्घाखाँची जिल्ला, हंसपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने **श्रीमती पवित्रा भुसाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स. वडा नं. २ग मा अवस्थित कि.नं. ६०१ क्षेत्रफल ४७४.१० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **सुर्खेत शाखा कार्यालय सुर्खेत**बाट कार्यालय समय भित्रप्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मितिः २०८०/०३/२८ गते ५:०० बजे भित्र यस बैंकको **सुर्खेत शाखा कार्यालय सुर्खेत**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०३/२९ गते ३:०० बजे बैंकको **सुर्खेत शाखा कार्यालय सुर्खेत**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधी भित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुने छ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सोमा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं, सुर्खेत शाखा कार्यालय सुर्खेत**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

■ ४२ स्थानीय तहले ल्याउन सकेनन् बजेट

मधेस प्रदेशका १३ गाउँपालिका र १० नगरपालिकाले बजेट ल्याएनन्

शान्ति तामाङ/नयाँ पत्रिका

आगामी आर्थिक वर्षको बजेट असार १० गतेभित्र गाउँ/नगरसभामा पेस गर्नुपर्ने भए पनि ४२ स्थानीय तहले बजेट पेस गर्न सकेनन्। आर्थिक वर्ष ०८०/८१ का लागि २९३ नगरपालिकामध्ये २८० नगरपालिकाले मात्र नगरसभामा बजेट पेस गरेका छन्। नेपाल नगरपालिका संघका अनुसार १३ नगरपालिकाले बजेट ल्याउन सकेनन्। गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अनुसार २९ गाउँपालिकाले नीति कार्यक्रम र बजेट गाउँसभामा पेस गर्न सकेनन्। ४६० गाउँपालिकामध्ये ४३१ गाउँपालिकाले मात्र गाउँसभामा नीति कार्यक्रम र बजेट गाउँसभामा पेस गरेका छन्।

नगरपालिका संघका अनुसार नगरपालिकाले बजेट ल्याउन नसक्नुको कारण बहुमत नहुनु, प्रमुख र उपप्रमुखबीचको टसल, जनप्रतिनिधिलाई साझा जनप्रतिनिधिका रूपमा स्वीकार नगरिनु, निमित्त प्रमुख प्रशासकीय अधिकृत रहनुलगायत रहेको छ। गाउँपालिका राष्ट्रिय महासंघका अनुसार गाउँसभामा बजेट पेस हुन नसक्नुको कारण गाउँपालिका अध्यक्ष अस्वस्थ भई कार्यक्षेत्रबाहिर रहनु, प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थिति, जनप्रतिनिधिबीच आपसी द्वन्द्व, बजेट विनियोजनमा विवाद तथा बजेट तयारी गर्न समय नपुगेकोलगायत छन्। नगरपालिका संघ भने असार २५ गतेभित्र बाँकी नगरपालिकाको बजेट पास गर्नका लागि रोडम्याप बनाएर अगाडि बढ्ने भएको छ। 'असार २५ गतेभित्र बजेट सभाबाट पास गर्न सकेमा गैरकानुनी हुँदैन। त्यसैले हाम्रो संघ २५ गतेभित्र बाँकी रहेका नगरपालिकाको बजेट ल्याउन रोडम्याप बनाउनतर्फ लागेको छ,' नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले भने।



■ मधेस प्रदेशका ७७ मध्ये ६७ नगरपालिकाको मात्र बजेट पेस

गत वर्षहरूमा जस्तै यो वर्ष पनि मधेस प्रदेशका धेरै स्थानीय तहले बजेट ल्याउन सकेका छैनन्। नेपाल नगरपालिका संघका अनुसार बजेट नल्याएका १३ नगरपालिकामध्ये १० मधेस प्रदेशका स्थानीय तह रहेका छन्। मधेस प्रदेशका ७७ मध्ये ६७ नगरपालिकाले मात्र बजेट नगरसभामा पेस गरेका छन्। बाँकी तीनमध्ये गण्डकी प्रदेशका दुई र कर्णाली प्रदेशका एक नगरपालिकाले बजेट ल्याउन नसकेका हुन्। यसैगरी, बजेट नल्याउने गाउँपालिकामध्ये मधेस प्रदेशकै सबैभन्दा धेरै रहेका छन्। बजेट नल्याएका २९ गाउँपालिकामध्ये मधेस प्रदेशको सबैभन्दा धेरै १३ गाउँपालिकाले बजेट ल्याउन नसकेको हो। कर्णाली र लुम्बिनी प्रदेशका ४-४ गाउँपालिकाले बजेट ल्याउन नसक्दा कोसी प्रदेश र बागमती प्रदेशका ३-३ गाउँपालिकाले बजेट ल्याउन सकेनन्। सुदूरपश्चिम प्रदेशका शतप्रतिशत गाउँपालिकाले बजेट ल्याएका छन्।

■ स्थानीय तहले समयमै बजेट नल्याएर गैरकानुनी काम गऱ्यो- संघीय मन्त्रालय

संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट १० असारभित्रै गाउँ/नगरसभामा पेस गरेर असार मसान्तसम्म पारित गरिसक्नुपर्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा १ अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नुपर्छ। उपदफा ६ अनुसार भने सभाले उपदफा १ वा ५ बमोजिम पेस भएको बजेट असार मसान्तभित्र पारित गरिसक्नुपर्नेछ। तर, स्थानीय तहले समयमै बजेट नल्याएर गैरकानुनी काम गरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव कमलप्रसाद भट्टराईले बताए। 'संघले समयमै ल्यायो, प्रदेशले पनि समयमै बजेट ल्यायो।

त्यसैगरी, स्थानीय तहले पनि समयमै बजेट ल्याउनुपर्थ्यो। समयमै बजेट नल्याएर स्थानीय तहले गैरकानुनी काम गऱ्यो,' भट्टराईले भने, 'सुरुका वर्षमा पो उहाँहरूसँग अनुभव थिएन, अहिले त कानुन छ, सिकाइ छ, अनुभव पनि छ, तैपनि उहाँहरूले बजेट ल्याउन सक्नुभएन।' उनका अनुसार स्थानीय तहले समयमै बजेट नल्याउँदा कानुनविपरीत काम भयो भनेर एकपटक फेरि सजग गराउनेछ। गएका वर्षहरूमा मन्त्रालयले समयमै बजेट ल्याउनका लागि पटक-पटक परिपत्र गर्ने गरे पनि यो वर्ष भने परिपत्र गरेको थिएन।

गाउँपालिका अध्यक्ष आफैंले भत्काए गुणस्तरहीन ग्राभेल सडक



केदार लाफा/नयाँ पत्रिका

ठेकेदार कम्पनीको लापरबाहीले दिप्रुङ चुइचुम्मा गाउँपालिकास्थित लमीबगर-पञ्चमी-छितापोखरी जोड्ने सडकखण्ड ग्राभेलको काम गुणस्तरहीन भएको पाइएको छ। ठेकेदार कम्पनी एचएसएन कन्स्ट्रक्सन प्रालि चौदण्डीगढी नगरपालिका-६ उदयपुरको लापरबाहीका कारण सो सडकको तीन दशमलव ३६० किलोमिटर सडकखण्डको काम गुणस्तरहीन भएको पाइएको हो।

निर्माणाधीन सडक गुणस्तरहीन भएको गुनासो आएपछि सोमबार गाउँपालिकाका अध्यक्ष लोकेन्द्र राई, प्रमुख प्रशासकीय अधिकृत लोकेन्द्रबहादुर राई, इन्जिनियर मुकेशकुमार यादवसहितको टोली निर्माणस्थल पुगेको थियो। सडक निर्माणका क्रममा गुणस्तरहीन सामग्रीको प्रयोग भएको पाइएको गाउँपालिका अध्यक्ष राईले बताए।

ठेकेदारले गुणस्तरहीन बालुवाको प्रयोग गरेको पाएपछि आफूहरूले ड्रेन (नाली) भत्काएको गाउँपालिका अध्यक्ष राईले जानकारी दिए। 'गुणस्तरहीन बालुवाको प्रयोग गरेर निर्माण गरिएको सम्पूर्ण ड्रेन भत्काएको छु। अब भुक्तानीसमेत रोक्का गर्छौं,' उनले भने, 'ठेकेदार कम्पनीलाई गुणस्तरीय बालुवाको प्रयोग गरेर मात्रै संरचना निर्माण गर्न भनेका छौं। अहिले काम रोकिएको छ।'

सडकको नालीलाई गुणस्तरीय तवरबाट निर्माण गर्न पटक-पटक भने पनि निर्माण कम्पनीले बेवास्ता गरेको स्थानीयवासीको गुनासो छ। ठेकेदार कम्पनीले ४३ लाख ९९ हजार ९६१ रुपैयाँको लागतमा ०७९ माघ ५ गते निर्माणकार्य सम्पन्न गर्ने गरी ०७९ जेठ २ मा सम्झौता गरेको थियो। सम्झौतापश्चात् ठेकेदार कम्पनीले काम सुस्त गतिमा अगाडि बढाएको थियो। सुस्त गतिमा निर्माण गरिरहेको कम्पनीले तोकिएको समयमा सडक निर्माण सम्पन्न गर्नुका साथै विभिन्न बहाना बनाएर म्याद थप अनुमति लिएर काम गरेको थियो। तर, एकपटक थप भएको म्याद पनि गत जेठ मसान्तमा सकिसकेको छ।

निर्माणाधीन सडकको अन्य काम भने मापदण्डअनुसार नै भए पनि नाली निर्माणमा प्रयोग भएको बालुवा खस्रो हुनुपर्नेमा कोसीको मसिनो बालुवा प्रयोग गरेको पाइएको छ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र
एकान्तकुना, ललितपुर

सिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८०।०३।१४

यस कार्यालयबाट जारी तथा नवीकरण हुने सवारीचालक अनुमतीपत्रको लागि सेवाग्राहीहरुको स्वास्थ्य परीक्षण गर्ने गराउने प्रयोजनको लागि मान्यता प्राप्त इच्छुक दर्तावाला फर्म, संस्था वा व्यक्तीहरुले देहायको शर्तको अधिनमा रही प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:-

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र इच्छुक फर्म, संस्था वा व्यक्तीहरुले यस कार्यालयमा प्रस्ताव दर्ता गरी सक्नु पर्नेछ। रित पुर्वक नभएका र म्याद गुज्रे पश्चातका प्रस्तावहरु दर्ता गरिने छैन।
२. इच्छुक प्रस्तावकले सिलबन्दी फारमको लागि कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ। सिलबन्दी फारम दस्तुर बापतको राजश्व रु. १०००।– (एक हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयको कार्यालय कोड ३७१००३४०१३, नेपाल बैंक लिमिटेड ललितपुर शाखाको खाता नं. २७२०२००००१००१००००१ वा राष्ट्रिय वाणिज्य बैंक ललितपुर शाखाको खाता नं.१०००२०००१००००, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कलै भौचर सहित स्थाइ लेखा नम्बर (PAN)को प्रमाणपत्र, आ.व. २०७८।७९ को कर चुक्ताको प्रमाणपत्र, कार्यालयको सहीछाप भएको कार्यालयबाट खरिद गरेको फारम लगायत आवश्यक अन्य कागजातहरु संलग्न गर्नु पर्नेछ।
३. १६औं दिनको ठिक १४:०० बजे कार्यालयमा उपलब्ध प्रतिनिधिहरुको रोहबरमा प्राविधिक प्रस्ताब खोलिने छ। सो दिन सार्वजनिक विदा भएमा त्यसको भोलिपल्ट प्रस्ताव खोलिनेछ।
४. व्यक्तिको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा MBBS उत्तिर्ण गरी Nepal Medical Council मा दर्ता भएको, फर्म वा संस्थाको हकमा कुनै पनि सरकारी निकायमा दर्ता भएको हुनु पर्नेछ।
५. स्वास्थ्य परीक्षणको लागि कम्तिमा २ (दुई) जना चिकित्सक (कम्तिमा MBBS उत्तिर्ण) सहित आवश्यक अन्य कर्मचारीहरु फर्म, संस्था वा व्यक्ति स्वयमले व्यवस्था गर्नु पर्नेछ। आवश्यक पर्ने प्रशासनिक खर्च कार्यालयलाई आर्थिक दायित्व नपर्ने गरी फर्म, संस्था वा व्यक्ति स्वयमले व्यहोर्नु पर्नेछ।
६. फर्म, संस्था वा व्यक्तिले सेवाग्राहीहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।
७. प्राविधिक र आर्थिक प्रस्तावहरु छुट्टा-छुट्टै बन्द खाममा प्रस्ताव गर्नु पर्नेछ। प्राविधिक प्रस्ताव स्वीकृत भएकाहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ। नि-शुल्क स्वास्थ्य सेवा प्रदान गर्ने फर्म, संस्था वा व्यक्तिहरुको मात्र आर्थिक प्रस्ताव स्वीकृत गरिनेछ। नि-शुल्क स्वास्थ्य सेवा प्रदान गर्ने फर्म, संस्था वा व्यक्ति एक भन्दा बढी भएमा अनुभवी, कार्यरत, विगतमा चिकित्सा तथा स्वास्थ्य क्षेत्रमा अमुल्य योगदान गरेको तथा नि-शुल्क स्वास्थ्य सेवा प्रदान गर्दा हुन सक्ने आर्थिक भार कुन स्रोत बाट पुर्ति गर्ने हो त्यस प्रकारको कानुन बमोजिमको स्रोतहरुको तथ्य र प्रमाणमा आधारित कागजात पेश गर्नेलाई प्राथमिकता दिइनेछ।
८. प्रस्तावदाताले यस प्रस्तावमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको वा कुनै पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा स्व-घोषणा गर्नु पर्नेछ।
९. छनौट भएको प्रस्तावकले सम्झौता गर्नु अघि ५ लाखको धरौटी दाखिला गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।
१०. समयावधि अगावै सम्झौता भङ्ग नभएमा सम्झौताको अवधि बढीमा ३ (तिन) वर्ष सम्मको रहनेछ। तत् पश्चात कानुन बमोजिम प्रस्ताव आव्हान गरिनेछ।
११. सिलबन्दी स्वीकृत गर्ने नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१२. माथि उल्लेखित बाहेकका अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ।
१३. कुनै पनि विषयमा विवाद भएमा कार्यालयको निर्णय नै अन्तिम र निर्णायक हुनेछ।

नि. कार्यालय प्रमुख

सरकारले स्याउमा भ्याट लिँदा घट्यो आयात



रामकृष्ण थापा/नयाँ पत्रिका

उत्तरी नाका तातोपानी भएर नेपाल भित्रिने स्याउ, आलु र प्याजको आयात घटेको छ। सरकारले स्वदेशी उत्पादनलाई प्राथमिकता दिने गरी विदेशी वस्तुमा मूल्यअभिवृद्धि कर (भ्याट) जोडेपछि आयात घटेको हो।

तिब्बतको जाङ्मु पोर्ट (खासा) भएर तातोपानी आउने स्याउ, आलु, प्याज र लसुनको परिमाण आधा घटेको तातोपानी भन्सारका प्रमुख भन्सार अधिकृत दयानन्द केसीले जानकारी दिए। 'फलफूलजन्य वस्तु मात्रै होइन, लत्ताकपडा, जुत्ता, इलेक्ट्रिक सामान र अन्य तयारी सामग्रीको आयात पनि आधा घटेको छ,' उनले भने।

भूकम्पपछि खुला उत्तरी नाकाबाट फलफूलजन्य सामान र रसुवाको टिमुरेबाट लत्ताकपडा, जुत्ता, इलेक्ट्रिक सामान तथा अन्य तयारी सामग्रीको आयात बढी हुने गरेको छ। स्याउ, आलु र प्याजमा २९ प्रतिशत राजस्व लाग्छ। जसमा भ्याट १३, भन्सार महसुल १०, अग्रिम आयकर पाँच र अन्य एक प्रतिशत लिने गरिएको छ। यसअघि, १५ प्रतिशत मात्रै कर लिइन्थ्यो। आर्थिक वर्ष ०८०/८१ को बजेट, नीति तथा कार्यक्रमपछि १३ प्रतिशत भ्याट जोडेर राजस्व असुल्न थालिएको छ। गत वर्ष स्याउबाट २५ करोड राजस्व उठाएको तातोपानी भन्सारले यस वर्ष ५० करोड उठाउने लक्ष्य लिएको छ। तर, केसीले भ्याटबाट व्यापार तर्सिएको बताए।

नेपाली व्यापारीले चिनियाँ बजारसमक्ष स्याउको मूल्यमा पहिल्यै सम्झौता गरेकाले भ्याट जोडिँदा नोक्सानी बेहोर्नुपर्ने अवस्था छ। नेपाल चेम्बर अफ कमर्स भोटेकोसी शाखा अध्यक्षसमेत रहेका व्यापारी फुनु शेर्पाले भ्याटका कारण चिनियाँ स्याउ, आलु र प्याज आयात गर्न कठिन हुने बताए। 'मूल्यअभिवृद्धि कर समायोजन गर्न चिनियाँ व्यापारी तयार भए भने समस्या आउँदैन। तर, उनीहरू यो विषयमा सकारात्मक छैनन्,' उनले भने, '३० टन स्याउको पाँच लाख भन्सार महसुल तिर्दै आएका व्यापारीले भ्याट थप भएपछि १० लाख तिर्नुपर्छ। भूकम्पपछि खुलेको नाकाबाट सिजनमा दैनिक १० गाडीसम्म स्याउ आयात हुन्थ्यो। आजभोलि मुस्किलले तीन गाडी स्याउ आयात हुन्छ।'

■ निकासी ठप्प

यसैगरी, नाकाबाट निकासी भने ठप्प छ। १८ वैशाखदेखि तातोपानीबाट निकासी खुला भएको थियो। सुरुको दिनमा ४२ लाखको चार गाडी सामान खासा पठाइएको थियो। त्यसयता नाकाबाट नेपाली या चिनियाँ कोही पनि आवतजावत गरेका छैनन्। खासा क्षेत्रमा पुनर्निर्माण जारी रहेकाले आउँदो नोभेम्बरबाट नेपाली गाडी र सिन्धुपाल्चोकवासीलाई खासा क्षेत्र प्रवेश गर्न दिने चिनियाँ तयारी छ। भूकम्पले भत्किएको खासा भ्यान पार्किङ, सरकारी कार्यालय र निजी आवास निर्माणकार्य जारी छ। नेपाली पक्षको बारम्बारको दबाबका कारण चिनियाँ अधिकारीले तातोपानीपारि लिपिङ क्षेत्रमा नेपालतिरका स्थानीयलाई लक्षित गरी मिनीमार्केट सञ्चालन गर्ने तयारी गरेको छ। साना व्यापार गरेर गुजारा चलाउने स्थानीय भने नाका नचल्दा निराश छन्।

सहकारीबाट नागरिक ठगिएपछि काठमाडौं महानगरको चासो

काठमाडौं/ काठमाडौं महानगरपालिकाले सहकारीबाट बचतकर्ता ठगिने सिलसिला बढेपछि मातहतका सहकारीको नियमनमा चासो देखाएको छ। महानगरपालिकाको सहकारी विभागले आज एक सूचना प्रकाशित गरी महानगरले तोकेको समयमा सबै सेयर सदस्यलाई उपस्थित गराई साधारणसभा सम्पन्न गर्न निर्देशन जारी गरेको छ। साथै, महानगरपालिकालाई संस्थाको यथार्थ स्थिति र कारोबारबारे जानकारी गराउन महानगरले आग्रह गरेको छ। यसैगरी, नगरप्रमुख बालेन शाहले पनि सहकारीको यथार्थ स्थिति र कारोबारबारे जानकारी गराउन मातहतका सहकारीहरूलाई निर्देशन दिएका छन्। सहकारी संस्था र संस्थाका सेयरधनी तथा बचतकर्तालाई अनुरोध गर्दै उनले मूल्यवृद्धि र मुद्रास्फीतिले वित्तीय क्षेत्रमा पारेको तरलताबाट सहकारी क्षेत्र पनि प्रभावित बनेको उल्लेख गर्नुभएको छ। महानगरपालिकाको सहकारी विभागमा सेयर सदस्य र सञ्चालकले दिने गरेका लिखित तथा मौखिक उजुरीको चाप बढेको उनको भनाइ छ।

उहाँले यस्तो संवेदनशील समयमा सहकारीले आफ्ना काम कारबाहीलाई जिम्मेवार, इमानदार, अनुशासित, पारदर्शी एवं विधिसम्मत तरिकाले सदस्य केन्द्रित भई सञ्चालन एवं व्यवस्थापन गर्दै सहकारी सुशासन कायम गर्न अनुरोध गरेका हुन्। *- रासस*

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १४ असार ०८०

अघि बढ्यो नेपाल–भारत दीर्घकालीन ऊर्जा व्यापार र पेट्रोलियम पूर्वाधार निर्माण प्रक्रिया

भारतको मन्त्रिपरिषद्मा दीर्घकालीन ऊर्जा व्यापार प्रस्ताव, प्रधानमन्त्री तहमा भएको समझदारी कार्यान्वयन गर्न दुवै देशका अधिकारी सक्रिय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल र भारतबीच हुने दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी अन्तरसरकारी सम्झौतापत्रको अन्तिम मस्यौदा स्वीकृतिका लागि भारतीय मन्त्रिपरिषद्मा पुगेको छ। त्यहाँको विद्युत् मन्त्रालयले स्वीकृतिका लागि उक्त मस्यौदा जुनको दोस्रो साता मन्त्रिपरिषद्मा पेस गरेको हो।

मन्त्रिपरिषद्ले स्वीकृति गरेपछि नेपाल र भारतबीच दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी अन्तिम सम्झौतापत्रमा हस्ताक्षर हुनेछ। भारतीय मन्त्रिपरिषद् बाट स्वीकृति भएपछि काठमाडौंमै विशेष समारोह गरेर सम्झौतापत्रमा हस्ताक्षर गरिनेछ। सम्झौतापत्रमा नेपालका ऊर्जासचिव दिनेश घिमिरे र भारतका विद्युत्सचिव श्री आलोक कुमारले हस्ताक्षर गर्नेछन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणको क्रममा १८ जेठमा नेपाल र भारतबीच दीर्घकालीन विद्युत् व्यापार गर्ने समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। नेपालको तर्फबाट ऊर्जासचिव दिनेश घिमिरे र भारतको तर्फबाट विद्युत्सचिव श्री अलोक कुमारले त्यसमा हस्ताक्षर गरेका थिए। त्यसलाई टुंगोमा पुऱ्याउन नेपाल र भारतबीच अन्तिम सम्झौतापत्रमै हस्ताक्षर गर्नुपर्ने थियो। सोहीअनुसार बनाइएको मस्यौदा स्वीकृतिका लागि भारतीय मन्त्रिपरिषद्मा पुगेको नेपालका ऊर्जासचिव दिनेशकुमार घिमिरेले जानकारी दिए।

'नेपाल र भारतबीच भएको द्विपक्षीय दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी समझदारीलाई टुंगोमा पुऱ्याउन छिट्टै अन्तिम सम्झौतापत्रमै हस्ताक्षर हुँदै छ। त्यसका लागि बनेको मस्यौदा स्वीकृतिका लागि भारतको क्याबिनेटमा पुगेको जानकारी आएको छ। तर, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विदेश भ्रमणका कारण स्वीकृत हुन केही ढिलाइ भएको छ,' उनले भने, 'त्यहाँबाट मस्यौदा स्वीकृत हुनासाथ सम्झौतापत्रमा हस्ताक्षर हुन्छ।' उनका अनुसार काठमाडौंमै विशेष समारोह गरेर सम्झौतापत्रमा हस्ताक्षर गरिनेछ। सम्भवतः अर्को हप्ता सम्झौतापत्रमा हस्ताक्षर हुन सक्ने उनको भनाइ छ।

यो सम्झौता भएपछि नेपाल विद्युत् प्राधिकरण र भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)बीच दीर्घकालीन विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्न बाटो खुला हुनेछ। यद्यपि, प्राधिकरण र एनभिभिएन भने त्यसका लागि आन्तरिक छलफलमा जुटिसकेका छन्। साथै, २०० मेगावाट विद्युत् खरिद-बिक्री गर्ने गरी पाँच वर्षे अवधिको सम्झौता पनि गरेका छन्। यद्यपि, औपचारिक रूपमा सार्वजनिक गरिएको छैन।

नेपालले प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणकै वेलामा यसबारे अन्तिम सम्झौतापत्रमा हस्ताक्षर गर्ने तयारी गरेको थियो। त्यसका लागि बनाइएको सम्झौतापत्रको मस्यौदालाई मन्त्रिपरिषद्बाट स्वीकृत गरेर लगिएको थियो। तर, त्यसवेला त्यो मस्यौदा भारतको मन्त्रिषरिषद्लगायतका निकायबाट स्वीकृति भइसकेको थिएन। त्यसपछि यसबारे प्रारम्भिक समझदारी मात्रै भएको थियो। अब अन्तिम सम्झौतापत्रमै हस्ताक्षण हुनेछ, जुन नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि कोसेढुंगा साबित हुने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता मधुप्रसाद भेटुवाल बताउँछन्।

नेपाल-भारतबीच विद्युत् व्यापार गर्ने गरी २०१४ मै सम्झौता भएको थियो। सोही आधारमा अहिले नेपालले भारतसँग अल्पकालीन रूपमा विद्युत् व्यापार गर्दै आएको छ। यो सम्झौताले नेपाली बिजुलीका लागि भारतीय बजार सुनुश्चित हुने पक्का भएको छ। अहिले प्राधिकरणले भारतको इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गर्दै आएको छ। तर, त्यो आफैंमा भरपर्दो माध्यम थिएन। त्यहाँ विद्युत् बिक्री गर्ने प्राधिकरणले निश्चित आयोजनालाई स्रोत मानेर भारत सरकारको पूर्वस्वीकृति लिनुपर्छ, जुन स्वीकृतिपत्र हरेक वर्ष नवीकरण गनुपर्छ।

■ प्रतियुनिट ८.४० रुपैयाँमा २०० मेगावाट पिपिए

प्रतियुनिट ८ रुपैयाँ ४० पैसा (५.२५ भारुमा) बर्खाको २०० मेगावाट विद्युत् भारतमा बिक्री गर्ने गरी नेपाल विद्युत् प्राधिकरण र एनटिपीसी विद्युत् व्यापार निगम (एनभिभिएन)बीच सम्झौता भएको छ। प्राधिकरणको विद्युत् व्यापार विभागका प्रमुख प्रवल अधिकारीले उक्त महसुलदरमा विद्युत् बिक्री गर्ने गरी एनभिभिएनसँग गत साता पिपिए सम्झौता भएको बताए। उनका अनुसार यो प्रसारण र व्यापार खर्च कटाएर प्राधिकरणले पाउने खुद महसुल हो। प्राधिकरणले बर्खामा आयोजनाबाट ४ रुपैयाँ ८० पैसामा विद्युत् किन्छ।

साथै, सम्झौताअन्तर्गत केही आयोजना स्वीकृतका लागि प्रस्ताव पठाएको पनि उनको भनाइ छ। प्राधिकरणले यसअन्तर्गत पनि विद्युत् बिक्री गर्न निश्चित आयोजनालाई स्रोत मानेर भारत सरकारको स्वीकृति लिनुपर्छ। भारतले आफूसँग विद्युत् व्यापार समझदारी गरेको देशको लगानीमा बनेको आयोजनाको मात्रै विद्युत् किन्ने नीति ल्याएको छ। सोही मापदण्डअनुरूप आयोजना स्वीकृत गरेपछि मात्रै विद्युत् बिक्री गर्न पाइन्छ।

यसअन्तर्गत प्राधिकरणले निजी क्षेत्रको सबैभन्दा ठूलो सञ्चालित आयोजना ८४ मेगावाटको सोलु दुधकोसीको विद्युत् बिक्री गर्ने प्रस्ताव गरेको छ। यस्तै, २६.१९ मेगावाटको दोर्दीखोला, १२.७९ मेगावाटको माथिल्लो चाकु ए आयोजनाको बिजुली बिक्री गर्ने प्रस्ताव पनि पठाइएको छ। यसका अलावा ४२.६८ मेगावाटको सुपरमादी र ३५ मेगावाटको माथिल्लो बलेफी एको बिजुली पनि यसैअन्तर्गत पठाउने प्राधिकरणको प्रस्ताव छ।

प्रस्तावित आयोजना स्वीकृत भएपछि यस सम्झौताअनुसार विद्युत् बिक्री गर्न सुरु गर्ने प्राधिकरणका निर्देशकसमेत रहेका अधिकारीको भनाइ छ। उनका अनुसार यो भारतीय इनर्जी मार्केट गरिने व्यापारभन्दा छुट्टै हो। त्यसअनुसार नेपालले भारतमा थप २०० मेगावाट विद्युत् बिक्री गर्न सक्ने पक्का भएको छ। प्राधिरणले भारतीय खुला बजारमा ४५२ सम्म विद्युत् बिक्री गर्न पाउने स्वीकृति पाएको छ।

अजित अधिकारी/नयाँ पत्रिका

भारतीय अनुदानमा बन्ने कम्तीमा १७ अर्ब रुपैयाँ लागतको पेट्रोलियम पूर्वाधार निर्माणका लागि कार्यदल गठन गरिएको छ। नेपाल र भारतका प्रधानमन्त्रीस्तरमा भएको समझदारीलाई कार्यान्वयन गर्न दुवै देशका सरकारी तेल कम्पनीले कार्यदल गठन गरेका हुन्। कार्यदलको पहिलो बैठक नयाँदिल्लीमा आउँदो २१ असारमा हुने भएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १७ देखि २० जेठमा गरेको भारत भ्रमणका क्रममा पेट्रोलियम पूर्वाधार निर्माण गर्ने समझदारी भएको थियो। भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा अमलेखगन्जदेखि चितवनसम्म पाइपलाइन विस्तार, भारतको सिलगुढीदेखि झापाको चारआलीसम्म नयाँ पाइपलाइन र चारआलीमा इन्धन भण्डारगृह भारतीय लागतमा बैठक बसेपछि परियोजनालाई अघि बढाउने विषयमा निरन्तर संवाद हुनेछ,' उनले भने। भारतीय लगानीमा बन्ने तीनवटा परियोजना र नेपालको खर्चमा बन्ने एउटा परियोजनाको लागत अनुमान सन् २०२० मै तयार गरिएको गोइतले जानकारी दिए। 'अब पुरानो लागत अनुमानलाई परिमार्जन गरी अहिलेको अवस्थामा वास्तविक लागत अनुमान तयार गर्ने मुख्य जिम्मेवारी कार्यदलको छ,' उनले भने।

लागत अनुमान, प्राविधिक सहयोग आदान-प्रदानलगायतका विषय टुंग्याएर आइओसी र निगमबीच आगामी ६ महिनाभित्रै अन्तिम सम्झौता (बिटुबी) हुनेछ। सम्झौता भएको ५४ महिनापछि चारवटै परियोजनाको निर्माण सम्पन्न गर्नुपर्नेछ। दुवै देशको प्रधानमन्त्रीस्तरमा भएको समझदारीमा नै निर्माण अवधि ५४ महिनाको हुने खुलाइएको छ। यसअघि ६९ किलोमिटर लामो मोतिहारी-अमलेखगन्ज पाइपलाइनसमेत लागत अनुमान गरिएको छ।

त्यस्तै, ५० किलोमिटर लामो सिलगुडीदेखि झापाको चारआलीसम्मको पेट्रोलियम पाइपलाइन निर्माण खर्च चार अर्ब ६० करोड अनुमान गरिएको छ। चारआलीमा ४१ हजार सात सय ५० किलोलिटर इन्धन अटाउने भण्डारण गृह बनाइने र यसको लागत आठ अर्ब तीन करोड रुपैयाँ अनुमान गरिएको छ। यी दुवैको खर्च आइओसीले व्यहोर्नेछ।

■ चार वर्षदेखिको निरन्तर प्रयास

भदौ, ०७५ मा मोतिहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएपछि अमलेखगन्जदेखि चितवनसम्म अर्को पाइपलाइन विस्तार गर्ने विषय सुरु भएको हो। तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले ९ कात्तिक, ०७६ मा अमलेखगन्ज-चितवन पाइपलाइनको सर्भे गर्न शिलान्याससमेत गरेका थिए।

त्यसपछि आइओसीको प्राविधिक सहयोगमा कुन बाटो हुँदै पाइपलाइन बिछ्याउने भनेर रुट सर्भे गरिएको थियो। सोहीवेला तत्कालिन कार्यकारी निर्देशक सुरेन्द्र पौडेलको पहलमा चितवन र झापामा भण्डारणगृह तथा सिलगुडीदेखि झापाको चारआलीसम्म अर्को पाइपलाइन बिछ्याउने निर्णय गर्दै लागत अनुमानसमेत तयार गरिएको थियो। उनको कार्यकाल लगत्तकै फागुन, ०७८ मा निगमको कार्यकारी निर्देशक नियुक्त भएका उमेशप्रसाद थानीले पाइपलाइन विस्तार तथा निर्माण र भण्डारणगृह निर्माणलाई प्राथमिकतामा राखेका छन्।

उनले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग गरेको कार्यसम्पादन सम्झौतामा पनि अमलेखगन्ज-चितवन र झापा-चारआली रुटमा पाइपलाइन निर्माण गर्ने र चितवन तथा झापामा भण्डारणगृह निर्माण सुरु गर्ने उल्लेख छ।

उनले डेढ वर्षयता यी परियोजनामा भारतीय लगानी भित्र्याउन लिखित पत्राचार गरिरहेका थिए। त्यस्तै, आइओसी अधिकारीसँग दिल्ली वा काठमाडौंमा हुने औपचारिक छलफलमा समेत दुई पाइपलाइन र दुई भण्डारणगृह भारतीय लगानीमै बनाइदिन भारतसँग आवश्यक सहजीकरण गरिदिन कार्यकारी निर्देशक थानीले अनुरोध गर्दै आएका थिए।

भारतले भने परियोजनामा नेपालकै लगानी हुनुपर्ने र प्राविधिक सहयोग गर्न सक्ने जवाफ दिएको थियो। तर, प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा यो एजेन्डा समावेश भएपछि भने निगमकै प्रस्तावअनुसार भारतले तीन ठूला परियोजनामा लगानी गर्ने निर्णय भएको हो।

■ पेट्रोलियम पूर्वाधार निर्माणको विषय टुंग्याउन गठित नेपाल-भारतको कार्यदल

आयल निगमको ६ सदस्यीय टोली		आइओसीको ७ सदस्यीय टोली	
नागेन्द्र शाह	नायब कार्यकारी निर्देशक	सञ्जय जिन्दल	प्रमुख महाप्रबन्धक (न्यु बिजनेस)
करुण क्षेत्री	नायब कार्यकारी निर्देशक	जेडिएस कोहली	प्रमुख महाप्रबन्धक (फाइनान्स)
वीरेन्द्र गोइत	नायब कार्यकारी निर्देशक	प्रथा प्रतिम देखियाल	प्रमुख महाप्रबन्धक (इन्जिनियरिङ)
सुरज साह	निर्देशक	अखिलेशकुमार सिंह	महाप्रबन्धक (प्राइसिङ)
दीपक बराल	निर्देशक	सुनिता मिन्ज	महाप्रबन्धक (कमर्सियल)
भरत रेग्मी	उपनिर्देशक	देवप्रथा महन्थी	महाप्रबन्धक (पाइपलाइन प्रोजेक्ट)
-	-	निरुपम रायजादा	नेपालका लागि कन्ट्री मेनेजर



निगम र आइओसी टोलीको संयुक्त बैठकबाट निर्माणको टुंगो लाग्छ

● **वीरेन्द्र गोइत**, नायब कार्यकारी निर्देशक, आयल निगम

भारतीय सहयोगमा तीन र नेपालको लगानीमा एउटा परियोजना बनाउने विषयमा निगम र आइओसीले गठन गरेको कार्यदलबीच अब निरन्तर संवाद र छलफल हुनेछ। दुवै कम्पनीका कमिटीको संयुक्त बैठकले लगानीको यकिन गर्ने, निर्माणका लागि सहजीकरण गर्ने तथा नेपालको लगानीमा बनाउनुपर्ने परियोजनाको पनि स्रोत सुनिश्चितता गर्ने काम हुनेछन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रेमिट्यान्सबाट बैंक तथा वित्तीय संस्थालाई ८८ अर्ब निक्षेप

बाह्य क्षेत्रमा सुधार आइरहेकाले १ प्रतिशत थप ब्याजदरको सुविधा हटाउन बैंकरहरूको लबिङ

पवन तिमिल्सिना/नयाँ पत्रिका


अन्य खाताभन्दा १ प्रतिशत थप ब्याजदर पाइने रेमिट्यान्समा खातामा बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप संकलन ८८ अर्ब पुगेको छ। नेपाल राष्ट्र बैंकले ०७८ मा सार्वजनिक गरेको मौद्रिक नीतिले बैंकिङ प्रणालीमा रेमिट्यान्स आकर्षित गर्न यस्तो सुविधा ल्याएको थियो। दुई वर्ष पुग्नै लाग्दा बैंक तथा वित्तीय संस्थाले रेमिट्यान्स खातामा करिब ८८ अर्ब निक्षेप संकलन गरेको केन्द्रीय बैंकको तथ्यांक छ।

आर्थिक वर्ष ०७७/७८ मा नौ खर्ब ६१ अर्ब रेमिट्यान्स आएको थियो भने ०७६/७७ मा आठ खर्ब ७५ अर्ब पुगेको थियो। रेमिट्यान्स घट्न थालेपछि केन्द्रीय बैंकले रेमिट्यान्स खातामा १ प्रतिशत बिन्दुका दरले थपेर ब्याजदर दिने सुविधा ल्याएको हो। जसअनुसार औपचारिक च्यानलमा रेमिट्यान्स आकर्षिक हुन थालेको हो।

केन्द्रीय बैंकका अनुसार चालू आर्थिक वर्षको १० महिनामा रेमिट्यान्स आप्रवाह करिब १० खर्ब पाँच अर्ब १८ करोड रुपैयाँ (सात अर्ब ७० करोड अमेरिकी डलर) पुगेको छ। गत आर्थिक वर्षमा १० खर्ब सात अर्ब पुगेको थियो। १० खर्बभन्दा बढी मात्रामा भित्रिएको रेमिट्यान्स उपयोग भई बैंक तथा वित्तीय संस्थामा ८८ अर्ब रकम निक्षेप कायम भएको हो।

केन्द्रीय बैंकले वैदेशिक रोजगारीमा रहेका नेपालीको विप्रेषण बैंकिङ प्रणालीमार्फत भित्र्याउन र बचत गर्न प्रोत्साहित गर्ने उद्देश्यले सुविधा ल्याएको थियो। यद्यपि, केन्द्रीय बैंकले कुन बैंक तथा वित्तीय संस्थाले रेमिट्यान्स निक्षेप कति संकलन गरेका छन् भन्ने विषयमा अध्ययन गरेको छैन।

केन्द्रीय बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले भने, 'हालसम्म बैंक तथा वित्तीय संस्थाहरूले रेमिट्यान्सबापत के कति निक्षेप संकलन गर्न सकेका छन् ? यसले रेमिट्यान्सलाई औपचारिक माध्यममा ल्याउन कति मद्दत पुग्यो भन्ने अध्ययन भएको छैन। तर, करिब ८८ अर्बको निक्षेप संकलन भएको भन्ने अनुमानित आँकडा हामीसामु छ।'



दुई वर्षको अन्तरालमा भित्रिएको रेमिट्यान्स उपयोग गरेर पनि ८८ अर्ब रुपैयाँ निक्षेप हुनुले राष्ट्र बैंकको यो नीति सफल भएको संकेत दिएको केन्द्रीय बैंकका प्रवक्ता डा. गुणाकर भट्टले जानकारी दिए। यद्यपि, यो पैसा वास्तविक श्रमबजारमा रहेका कामदारले पठाएको रकम भए नभएको हेर्नुपर्ने उनको भनाइ छ। उनले भने, 'रेमिट्यान्स आकर्षित गर्न लिइएको यो नीतिअनुसार आएको रेमिट्यान्स उपयोग गरेपछि पनि ८८ अर्ब रुपैयाँ निक्षेप छ। यो उत्साहजनक नै हो। तर, हामीले यो पैसा कतिसम्म श्रमबजारबाट आएको पैसा हो भने हेर्नुपर्ने हुन्छ।'

सरकारले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा समेत विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहित गर्ने उल्लेख छ। बैंक खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने सुविधालाई निरन्तरता दिने भनेको छ। रेमिट्यान्सलाई औपचारिक माध्यमबाट ल्याउन गरिएको यो प्रयास सफल भएको नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बताए। उनले भने, 'रेमिट्यान्स खाताको व्यवस्था त पहिला पनि थियो। तर १ प्रतिशत बिन्दुका दरले बढी ब्याज दिन थालेको दुई वर्ष भयो। यसले रेमिट्यान्सलाई औपचारिक माध्यमबाट ल्याउन सहयोग पुगेको हाम्रो विश्वास छ। यद्यपि, कतिपय मुलुकले त रेमिट्यान्समा विनिमयदरमै पनि छुट दिने व्यवस्था गरेका छन्।'

यद्यपि, रेमिट्यान्सको हुन्डी कारोबारलाई नियन्त्रण नगरेसम्म अनौपचारिक माध्यमबाट रेमिट्यान्स आउने प्रक्रियालाई पूर्णरूपमा रोक्न नसकिने उनको भनाइ छ। उनले भने, 'बैंकले १ प्रतिशत थपेर ब्याज दियो, हुन्डी कारोबारीले २ प्रतिशत थपेर दिन्छन्। यसले रेमिट्यान्स अवैध च्यानलबाट आउन नरोकेको भने होइन। तर, पनि अनौपचारिक माध्यमलाई नरोकेसम्म यो सफल भएको मार्निदैन।'

बैंक तथा वित्तीय संस्थाले पनि निक्षेपलाई अलगै वर्गीकरण गरेका छैनन्। पछिल्लो समय बाह्य क्षेत्रमा सुधार आइरहेको र तरलता व्यवस्थापनसमेत सहज बन्दै गइरहेकाले बैंकरहरू रेमिट्यान्स बचतमा अतिरिक्त ब्याजदर हटाउन लागिपरेको केन्द्रीय बैंक स्रोतले जानकारी दिएको छ। स्रोतले भन्यो, 'निक्षेपमा १ प्रतिशत थप ब्याज दिँदा बैंकहरूको लागत बढ्ने भएकाले उनीहरू यसलाई हटाउनुपर्ने पक्षमा छन्।'

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७४/०१/२५ मा योजना संचालन अनुमति प्राप्त २०७४/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० ज्येष्ठ मसान्तको खूद्र सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
१	शेयर	५७४,२७४,६२१	४९९,८९०,९४३
२	ऋणपत्र	-	-
	सुचीकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	३७,७९४,३८१	३०,३३५,२७७
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१४०,०००,०००	१४०,०००,०००
	कुल लगानी (क)	७५२,०६५,००२	६७०,२२६,२२०
	चालू सम्पति		
१	बैंक मौज्दात	२९३,२७६,३३०	३१७,०७३,९९०
२	अन्य सम्पति	१९,८१३,९०६	२२,४९६,७१५
	जम्मा (ख)	३१३,०५०,२३६	३३५,५७०,७०५
	चालु दायित्व		
१	चालू दायित्व	१,५३६,८४४	-
२	भुक्तानी दिनुपर्ने शुल्क	४,५७१,४९६	४,५१३,७५९
	जम्मा (ग)	६,१०८,२६०	४,५१३,७५५
	कूल सम्पत्ति (क+ख-ग)	१,०५४,०५०,४७८	१,००५,२८३,१६७
१	योजना व्यवस्थापक शुल्क	१,३९२,७२५	१,२८०,७०३
२	डिपोजीटरी शुल्क	१८५,६९७	१७०,७६०
३	कोष सुपरीवेक्षक शुल्क	९२,८४८	८५,३८०
	खुद सम्पत्ति	१,०५७,३७५,७०५	१,००३,७४६,३२३
	जम्मा जारी इकाई संख्या	१०२,०००,०००	१०२,०००,०००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	१०.३७	५.८४

२०८० ज्येष्ठ मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	५६,९४९,१९६	५५,१९९,९७५
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	६,५२६,८२२	(४७,०८६,७९८)
	जम्मा आम्दानी	६३,४७६,०१८	८,११३,१७७
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१३०,७४५	११७,७४५
२	बैंक शुल्क	७८३	७०८
३	योजना व्यवस्थापन शुल्क	१४,१६४,२३५	१२,७७१,५११
४	डिपोजीटरी शुल्क	१,८८८,५३५	१,७०२,८३८
५	कोष सुपरीवेक्षक शुल्क	९४४,२८३	८५१,४३५
६	योजना लेखा परीक्षण शुल्क	१०३,५८३	८३,३३३
७	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
८	बुक बिल्डि शुल्क	१०,०००	१०,०००
९	सफ्टवेयर खर्च	९१,१५३	६६,२९३
	जम्मा खर्च	१७,५०३,३१७	१५,७७३,८६३
	कूल नाफा/(नोक्सान)	४५,९७२,७००	(७,६६०,६८६)

नोट: १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिवेन्चर गरी योजनाले २०८० बैशाख मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.६०९,२९९,६४४.२ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।
५. युनियन लाइफ, गुर्खास लाइफ र प्राइम लाइफको शेयर १:१:१ को अनुपातमा गाभिदा हिमालयन लाइफ इन्स्योरेन्सको नाममा कायम भएको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	८५,३२२	१९,४५३,४१६
२	कृषि विकास बैंक लिमिटेड	६८,३८४	१५,७९६,७०४
३	सानिमा बैंक लिमिटेड	८०,२५९	२०,००८,५६९
४	लक्ष्मी बैंक लिमिटेड	६०,३२२	१०,८५७,९६०
५	नेपाल बैंक लिमिटेड	७२,२११	१८,४८८,५७६
६	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१७,९९८	९,४४७,१५०
७	प्रभु बैंक लिमिटेड	८६,२७५	१४,२१८,१२०
८	एभरेष्ट बैंक लिमिटेड	३७,७७१	२०,६००,३०३
९	प्राइम कमर्सियल बैंक लिमिटेड	८८,०४५	१७,१६८,७७५
१०	माछापुच्छे बैंक लिमिटेड	५७,०००	१३,३८९,३००
११	नबिल बैंक लिमिटेड	३७,६९१	२२,५३९,२१८
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	६३,५६९	२३,६५४,०२५
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६२,१९९	२४,८७९,६००
३	महालक्ष्मी विकास बैंक लिमिटेड	६५,३६४	२१,११२,५७२
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	६४,६२९	२३,१८२,४२२
	ग) जीवन विमा कम्पनी		
१	एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५३,२९६	३५,४३६,५१०
२	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	३६,१९२	२२,५८३,८०८
	घ) निर्जीवन विमा कम्पनी		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१०,९५४	८,३२५,०४०
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१६,९५८	११,८५३,६४२
३	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	११,१६६	५,७९५,१५४
	ङ) हाइड्रोपावर कम्पनी		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	५८,३१२	३२,८३५,४८७
२	बुटवल पावर कम्पनी लिमिटेड	५५,४३४	१८,९५८,४२८
३	पिप्पल्स पावर लिमिटेड	२	५७४
४	सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड	३,६८६	१,१४६,७१५
५	मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड	२,०३४	४८४,०९२
६	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१४,४५०	४,७८२,९५०
७	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	२९,७७१	११,१९३,८९६
८	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	११,०००	७,०७७,०००
९	सगरमाथा जलविद्युत कम्पनी लिमिटेड	३,२३८	९२२,८३०
१०	मकर जितुमाया सुरी हाइड्रोपावर कम्पनी लिमिटेड	१,१८०	३८९,४००
११	मेन्छियाम हाइड्रोपावर लिमिटेड	८२४	८२,४००
१२	माई खोला हाइड्रोपावर कम्पनी लिमिटेड	१,१२६	३५०,१८६
	च) म्युचुअल फण्ड		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	४,०२०,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,५२९,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	११,९५५,०००
४	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	१२,०००,०००
५	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,५००,०००
६	प्रभु स्मार्ट फण्ड	१,०००,०००	८,०५०,०००
७	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१५,८६०,०००
	छ) लघुवित्त वित्तीय संस्था		
१	आरएमडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२६,४५२	२०,६०६,१०८
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	२५,९८४	१७,४७१,६४२
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,९६६	१६,४९२,७८८
४	श्रीजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड	२०२	२२९,८७६
५	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	१०,९५८,०००
६	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,९८९	१,१९१,४११
७	विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	४३,२८२
८	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	३१९,५००
	ज) लगानी		
१	नागरिक लगानी कोष	५,२३४	१२,७९७,१३०
	झ) होटल एण्ड ट्रिजम		
१	सिटी होटेल दर्शन लिमिटेड	१,३२१	२३६,०६३
	जम्मा	८,४१६,०४१	५७४,२७४,६२१

कोष प्रवर्द्धक: NIC ASIA बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वक्स नं. ११
फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फ्याक्स: ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६८०-०१-००७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
पोखरी तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोन: ९७७-१-५१७०९९४, फ्याक्स: ९७७-१-५१७८७५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

घोराही सिमेन्टको आइपिओमा लगानीकर्ताको चार अर्ब ६१ करोड रुपैयाँ 'होल्ड'

लगानीकर्ताले बोर्डमा निवेदन दिए रकम फिर्ता हुने, छानबिन समितिको निर्णय केही दिनमा आउने

भोजराज भण्डारी/नयाँ पत्रिका

प्रिमियम मूल्यमा घोराही सिमेन्टको प्राथमिक सेयर (आइपिओ)मा आवेदन दिएका लगानीकर्ताको चार अर्ब ६१ करोड रुपैयाँ होल्ड भएको छ। कम्पनीबारे अनेक टीकाटिप्पणी भइरहँदा लगानीकर्तालाई आफूले आइपिओ भरेको पैसा अब के हुन्छ भन्ने चिन्ता थपिएको हो।

कम्पनीले ३२ जेठदेखि आवेदन खुला गरेको थियो। सेयरमा आवेदन दिएका लगानीकर्ताको रकम त्यतिबेलादेखि नै १५ दिनसम्म होल्ड भएर बसिरहँदा पनि नेपाल धितोपत्र बोर्डले कुनै चासो दिएको छैन।

तर, नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले लगानीकर्ताले पैसा फिर्ता लिन चाहेको खण्डमा बोर्डमा निवेदन दिएपछि प्रक्रिया मिलाएर रकम फिर्ता गर्न सकिने बताए। उनले भने, 'लगानीकर्ताहरूले भरेको रकम कम्पनीसँग पुगेको छैन, अहिले बैंकले रोकेको मात्र छ। हामीकहाँ निवेदन परेको खण्डमा पैसा फिर्ता हुनेछ। त्यसमा रोकेका छैनौं।' समितिले छानबिन गरिरहेको र केही दिनभित्रै अन्तिम चरणमा पुगेर निष्कर्ष निकाल्ने उनले बताए। उनले भने, 'छानबिन समितिको अध्ययन अन्तिम चरणमा पुगेको जानकारी पाएका छौं, केही दिनभित्र, उपयुक्त निर्णय लिन्छौं।' बोर्डले ६ असारमा उपकार्यकारी निर्देशक दिपेश ताम्राकारको संयोजत्वमा छानबिन समिति गठन गरेको छ। समितिले कम्पनीले रेटिङ गरे-नगरेको, फर्जी आवेदन कम्पनीमार्फत भएको वा होइन र कम्पनीको उद्देश्य र कारणलाई आधार बनाएर अध्ययन गरेको हमालको भनाइ छ।



यता घोराही सिमेन्टले पनि विज्ञप्ति जारी गरेर फर्जी आवेदन नगरेको दाबी गरेको थियो। कम्पनीको रेटिङ विशिष्ट वैज्ञानिक तरिकाले हुने भएकाले यसमा कम्पनीको कुनै पनि कैफियत नभएको बताएको थियो।

कम्पनीको सेयरमा गत ४ असारमा १२ जनाले ४३ करोड ५० लाख रुपैयाँबराबरको १० लाख कित्ताका दरले फर्जी आवेदन परेपछि धितोपत्र बोर्डको त्यसैदिन नेपाल क्लियरिङ लिमिटेड-सिडिएसीले बोर्डको निर्देशनमा आइपिओमा आवेदन रद्द गरिएको थियो।

कम्पनीले जेठ ३२ गतेदेखि सर्वसाधारणका कुल ६९ लाख ११ हजार ६७० कित्ता आइपिओ निष्कासन गरेको थियो। यसले एक सय अंकित मूल्यमा तीन सय ३५ रुपैयाँ प्रिमियम थप गरी प्रतिकित्ता ४३५ रुपैयाँका दरले आइपिओ खुला गरेको थियो।

फोनपे र नमस्तेपेबीच सहकार्यको सम्झौता

काठमाडौं/ भुक्तानी नेटवर्क फोनपे र नेपालको पहिलो सरकारी स्वामित्वको डिजिटल पेमेन्ट वालेट नमस्तेपेबीच फोनपे क्युआर भुक्तानी नेटवर्कमा आबद्ध हुने सम्झौता भएको छ। सम्झौतामा फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवसकुमार सापकोटा र नमस्तेपेका प्रमुख कार्यकारी अधिकृत प्रवणराज पोखरेलले हस्ताक्षर गरेका हुन्।

सम्झौतापछि फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवसकुमार सापकोटाले भने, 'अब नमस्तेपे प्रयोगकर्ताहरूले फोनपे क्युआरमार्फत पनि भुक्तानी गर्न सक्छन्। हामी विश्वस्त छौं कि नमस्तेपेसँगको सहकार्यले डिजिटल भुक्तानीलाई नेपालमा प्रवर्द्धन गर्न थप मद्दत गर्नेछ।'

प्रयोगकर्तालाई व्यापक र सुविधाजनक डिजिटल भुक्तानी अनुभव प्रदान गर्ने आफ्नो उद्देश्यमा यो साझेदारी महत्त्वपूर्ण रहेको उनको भनाइ थियो। नमस्तेपेसँगको साझेदारीले आफ्ना ग्राहकहरूलाई अझै बढी भुक्तानी विकल्प मिल्नुका साथै समावेशी वित्तीय इकोसिस्टममा थप बढवा पुगेको उनको भनाइ थियो।

त्यस्तै, नमस्तेपेका प्रमुख कार्यकारी अधिकृत प्रवीणराज पोखरेलले फोनपे नेटवर्कलाई आप्नो भुक्तानी प्रणालीमा समेटी प्रयोगकर्तालाई १२ लाखभन्दा बढी मर्चेन्टमा भुक्तानी गर्ने सेवा दिन पाउँदा उत्साहित भएको बताए। कम्पनी आफ्ना ग्राहकलाई विभिन्न सुविधा प्रदान गर्दै डिजिटल अनुभव सरल बनाउन सधैं प्रयासरत रहेको उनको भनाइ थियो।

सम्झौताअनुसार सबै नमस्तेपे प्रयोगकर्ताले नेपालभरका १२ लाखभन्दा बढी फोनपे मर्चेन्टमा फोनपे नेटवर्कमार्फत छिटो, सुरक्षित र सजिलो रूपमा क्युआर भुक्तानी गर्न सक्ने जनाइएको छ।

नेपाल र मंगोलियाबीच ऊनको उत्पादन, गुणस्तर परीक्षण र निर्यात प्रवर्द्धनमा सहकार्यको सहमति

काठमाडौं/ नेपालमा पस्मिना धागो र ऊनको गुणस्तर परीक्षण र विश्लेषण एवं यस क्षेत्रमा ज्ञान एवं अनुसन्धान कार्यको आदानप्रदानका लागी नेपाली व्यवसायी र मंगोलियाली अधिकारीहरू सहमत भएका छन्। नेपाल पस्मिना उद्योग संघ तथा मंगोलियाली सरकारको रिसर्च एण्ड डेभलप्मेन्ट इन्स्टिच्युट अफ लाइट इन्डस्ट्री (आरडिआइएलआई)बीच बुधबार समझदारी भएको हो।

समझदारीपत्रमा संघका अध्यक्ष विजय दुगड र आरडिआइएलआईका निर्देशक टर्मडख तोग्मिडले हस्ताक्षर गरेको जनाइएको छ। समझदारीअनुसार नेपाली पस्मिना व्यवसायीले ऊन तथा पस्मिना धागो, अर्ध प्रशोधित भू वा तथा ऊनबाट बनेका उत्पादनहरूको नमुनालाई आरडिआइएलआईमा गुणस्तर परीक्षण तथा विश्लेशण गर्ने एवं यस व्यवसायमा आफ्ना ज्ञान, अनुभव एवं अनुसन्धान कार्यबारे दुवै पक्षले आपसमा जानकारी आदान-प्रदान गर्ने उल्लेख छ। सहमतिको अवधि पाँच वर्षको हुने र दुवै पक्षको आपसी समझदारीमा यसको अवधि बढाउन सकिने जनाइएको छ। हस्ताक्षर कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनी तथा मंगोलियाका खाद्य कृषि तथा साना उद्योगका



राज्यसचिव जम्वालसेरेन उयाफ उपस्थित रहेको संघले जनाएको छ।

अन्तर्राष्ट्रिय व्यापार केन्द्रको आयोजनामा मंगोलियाको उलानबाटोरमा जारी वर्ड एक्सपोर्ट डेभलप्मेन्ट फोरम २०२३ मा नेपाली सरकारी उच्च अधिकारी तथा निजी क्षेत्रको प्रतिनिधि सम्मिलित प्रतिनिधमण्डल सहभागी भएकाको अवसरमा उक्त समझदारी भएको जनाइएको छ। चार दिने उक्त सम्मेलनमा क्षेत्रीय व्यापार सम्पर्क, भूपरिवेष्टित राष्ट्रका व्यावसायिक आवाज, व्यवसायीहरूबीचको बैठक, उद्यममा युवा तथा महिला सहभागितालगायतका छलफल सत्र सञ्चालन भएको जनाइएको छ।

युरोपियन युनियनको सहयोगमा संचालित इयु नेपाल व्यापार तथा लगानी कार्यक्रमले नेपाली पस्मिना व्यवसायीलाई उक्त सम्मेलनमा सहभागिताका लागि सहयोग गरेको संघले जनाएको छ। सम्मेलनमा निर्यात प्रवर्द्धनसँग सम्बन्धित विभिन्न छलफल सत्रहरू तथा व्यावसायिक सम्पर्कका कार्यक्रम सञ्चालन भएको उल्लेख छ।

उक्त अवसरमा सचिव मरासिनीले ऊन तथा भूवा उत्पादनमा मंगोलियाको अनुभवबाट नेपाली पस्मिना व्यवसायीहरूले फाइदा लिन र यस क्षेत्रमा विभिन्न अनुसन्धान एवं क्षमता विकासका लागि यस समझदारी महत्त्वपूर्ण रहेको बताएको उल्लेख छ।

आरडिआइएलआईका निर्देशक उयाले मंगोलियासँग सहकार्यको समझदारीले नेपालमा नेपाली काश्मिरी उत्पादनको गुणस्तर परीक्षण र विश्लेषण सहज हुनुका साथै दुवै मुलुकबीच व्यावसायिक सम्बन्ध विस्तार हुने बताएको उल्लेख छ।

ज्येष्ठ नागरिक क्लब भवन बनाउन सिटिजन्स बैंकको सहयोग



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपालगञ्जको धम्बोझीमा ज्येष्ठ नागरिक क्लब भवन निर्माणका लागी सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उपभोक्ता समितिलाई एक लाख एक हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको हो।

एक समारोहबीच बैंकले सहयोग रकमबराबरको चेक संस्थाका अध्यक्ष अजितकुमार शर्मालाई हस्तान्तरण गरेको जनाइएको छ। ज्येष्ठ नागरिक क्लबमा एक सय ६५ जना सदस्यहरू रहेका संस्थाका अध्यक्ष अजितकुमार शर्माले जानकारी दिए।

ज्येष्ठ नागरिकहरूका लागि विभिन्न सुविधा उपलब्ध गराउने उद्देश्यका साथ क्लब स्थापना गरिएको जनाइएको छ। जसले उनीहरूका विभिन्न समस्यालाई एउटै छानामुनि सम्बोधन गर्न र समाजमा कुनै पनि विषयको सन्दर्भमा उनीहरूको आवाजलाई प्रवर्द्धन गर्न मद्दत गर्ने बैंकले विश्वास व्यक्त गरेको छ।

जेष्ठ नागरिक क्लबले उनीहरूलाई आफ्ना समस्या समाधान गर्न, सदस्यहरूद्वारा पारस्परिक रूपमा लाभ उठाउन र पुनः निर्माण गर्न मद्दत गर्ने लक्ष्य राखेको उल्लेख छ।

बैंकले हाल देशभरमा एक सय ८४ शाखा, एक सय ४१ एटिएम ३ विस्तारित काउन्टरका साथै ९७ शाखारहित बैंकिङ एकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिई 'धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड' कायम हुनेसम्बन्धी सार्वजनिक सूचना

यस बैंकको सञ्चालक समितिको निर्णयानुसार इजाजतपत्र प्राप्त संस्थाहरू **धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड** र **खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड** एक आपसमा गाभिई साविकका संस्थाहरूको सम्पूर्ण सम्पत्ति तथा दायित्व गाभिएपश्चात् बन्ने संस्थामा सर्नेगरी दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार एकीकृत रूपमा मिति २०८० असार २० गते बुधबारका दिनदेखि **'धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड'** को नामबाट सञ्चालन हुने भएकोले 'बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)' को विनियम ११ को उप-विनियम (७) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, नयाँसडक, काठमाण्डौं

आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिमको सूचना तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेशको जवाफ पेश गर्ने बारेको सूचना ।

सूचना प्रकाशन मितिः २०८०/०३/१४

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका स्थायी लेखा नम्बर **६०७५८६७६५** भएका करदाता श्री **डाइमण्ड ईन्टरनेशनल नेपाल (प्रोप्राईटर श्री विपिन कोइराला)** को आ.व.२०७५/०७६ को पूर्ण कर परीक्षणमा छनौट भई कर परीक्षण गर्नुपर्ने भएकोले कर परीक्षणको लागि प्रमाण तथा कागजात पेश गर्न आयकर ऐन, २०५८ को दफा ८३ तथा मू.अ.कर ऐन, २०५२ को दफा २३ बमोजिमको सूचना बुझाउनको लागि करदातासंग पटक पटक सम्पर्क गर्ने प्रयास गर्दा सम्पर्क हुन नसकेकोले मिति २०८०/०२/०३ गते राष्ट्रिय स्तरको पत्रिकामा (नागरिक दैनिक) सूचना प्रकाशन गरिएको र तत् पश्चात समेत करदाता कार्यालयमा उपस्थित भई कारोबारसंग सम्बन्धित विवरण तथा कागजात पेश गरेको नदेखिएको हुंदा करदाताले यस कार्यालयमा आ.व.२०७५/०७६ को लागि आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम मिति २०७६/०९/२९ गते पेश गरेको आय विवरण तथा सो साथ संलग्न वासलात तथा नाफा-नोक्सान हिसाव सहितका विवरण तथा अनुसूचीहरु एवं विभागको एकिकृत कर प्रणालिमा उपलब्ध तथ्यांकको (मू.अ.कर विवरण, आशिकुडा विवरण, मिसम्याच विवरण आदि) आधारमा छानविन तथा परीक्षण गरी कार्यालयको स्वीकृत प्रतिवेदनको आधारमा उक्त आ.व.को संशोधित कर निर्धारण गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम संशोधित कर निर्धारणको सूचना तथा मूल्य अभिवृद्धि करतर्फ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएकोले तपाई स्वयं वा अख्तियार प्राप्त प्रतिनिधि मार्फत उपस्थित भई उक्त संशोधित कर निर्धारणको सूचना तथा प्रारम्भिक कर निर्धारण आदेश बुझिलिई सो सूचना तथा आदेशमा परिवर्तन गर्नुपर्ने कुनै आधार, कारण र प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन जानकारी गराईएको छ । अन्यथा संशोधित कर निर्धारणको सूचना तथा प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भए अनुसारको रकमको आयकर तर्फ आयकर ऐन, २०५८ को दफा १०२ बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मू.अ.कर तर्फ मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) बमोजिमको अन्तिम कर निर्धारण आदेश जारि गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल शैक्षिक परामर्श संघ (ECAN) को केन्द्रिय कार्यसमितिको निर्वाचन सम्वन्धि सुचना

नेपाल शैक्षिक परामर्श संघ (ECAN) को केन्द्रिय कार्यसमितिको मिति २०८०/०३/१० गतेको वैठकले मिति २०८० साल असार ३० गते शनिवार **शलिस रिसेप्सन, गौद्दिधारा, काठमाण्डौंमा** कार्यसमितिको निर्वाचन गर्ने निर्णय पारित गरेको छ । निर्वाचन प्रयोजनका लागि आधिकारीक प्रतिनिधि सञ्चालक समितिको वैठकले तोकी, सोही बमोजिमको प्रमाणीत शेयर लगतका साथ निजको फोटो समेत मिति २०८०/०३/२० गते कार्यालय समय भित्र संस्थाको कार्यालयमा प्राप्त नामावलीलाई मात्र आधिकारीक प्रतिनिधीको रुपमा मान्यता प्रदान गरिनेछ । तोकीएको समय भित्र प्राप्त नभएका नामावलीहरुलाई निर्वाचन प्रयोजनका लागि प्रतिनिधि मानीने छैन साथै निर्वाचन सम्वन्धि कार्यक्रम निम्नानुसार रहेको जानकारी सम्वन्धित सबै सदस्य महानुभावहरुमा गरिएको छ ।

निर्वाचन कार्यक्रम तालीका

क्र.सं.	कार्यक्रमको विवरण	मिति	समय
१	प्रथम पटक मतदाता नामावली प्रकाशन	२०८० असार २१ गते	विहान ११ वजे
२	प्रथम पटक प्रकाशित मतदाता नामावली उपर दावी विरोध	२०८० असार २१ गते	साँझ ०५ वजे सम्म
३	अन्तिम मतदाता नामावली प्रकाशन	२०८० असार २१ गते	साँझ ०५ : १५ वजे
४	उम्मेद्वारको मनोनयन दर्ता	२०८० असार २८ गते	विहान १० - ०१ बजे
५	दर्ता भएका उम्मेद्वारको मनोनयन उपरदावी विरोध	२०८० असार २८ गते	दिनको ०२ - ०३ बजे
६	उम्मेद्वारको दावी विरोध पछिको नामावली प्रकाशन	२०८० असार २८ गते	दिनको ०३ : ३० वजे
७	उम्मेद्वारको मनोनय फिर्ता	२०८० असार २८ गते	दिनको ०३:३०-०४:३० वजे
८	उम्मेद्वारको अन्तिम नामावली प्रकाशन	२०८० असार २८ गते	साँझ ०५ बजे
९	मतदान	२०८० असार ३० गते	विहान ११.०० वजे देखि दिनको ०४.०० वजे सम्म
१०	मतगणना	२०८० असार ३० गते	साँझ ०५ वजे
११	मत परिणामको घोषणा	२०८० असार ३० गते	साँझ ०६ : ०० वजे

पुनश्चः

१. यस निर्वाचन प्रयोजनको लागि नेपाल शैक्षिक परामर्श संघ (ECAN) को केन्द्रिय कार्यसमितिले प्रमाणित गरि निर्वाचन समितिलाई उपलव्ध गराएको नामावली बमोजिमका कम्पनीका आधिकारीक प्रतिनिधिहरु यस निर्वाचनमा मतदाता हुनेछन् ।
२. मतदाता हुन योग्य कम्पनीमा सञ्चालक पति भई प्रतिनिधी एकाघरका पत्नि भएको वा सञ्चालक पत्नि भई प्रतिनिधि एकाघरका पति भएको कम्पनीको सञ्चालकको बैठकले आधिकारीक प्रतिनिधि तोकेको निर्णय तथा नाता प्रमाणीत हुने प्रमाण प्रस्तुत भएको आधारमा त्यस्ता कम्पनीका आधिकारीक प्रतिनिधिलाई मतदाता मानी निजलाई मतदानमात्र गर्ने अवसर दिइने छ ।
३. एकैजना व्यक्ति सञ्चालक रहेको एक भन्दा बढी कम्पनी यस संस्थाको साधारण सदस्य रहेको अवस्थामा निर्वाचन प्रयोजनका लागि एकाघरका पति वा पत्निलाई कम्पनीको सञ्चालकको बैठकले आधिकारीक प्रतिनिधि तोकेको निर्णय तथा नाता प्रमाणीत हुने प्रमाण प्रस्तुत भएको आधारमा त्यस्ता प्रतिनिधिलाई मतदाता मानी निजलाई मतदानमात्र गर्ने अवसर दिइने छ । तर एकै व्यक्तिलाई एकभन्दा वढि कम्पनीको प्रतिनिधीको हैसियतबाट मतदान गर्ने अधिकार रहने छैन ।
४. यस संघको साधारण सदस्य रहेको कम्पनीमा एक जना भन्दा बढि सञ्चालक रहेको अवस्थामा कम्पनीको सञ्चालक समितिको बैठकबाट संघको साधारण सभा र निर्वाचन प्रतिनिधि तोकी निर्णयको फोटोकपी र निज कम्पनीमा सञ्चालक रहेको देखिने प्रमाण समेत प्रस्तुत गरेको अवस्थामा सम्वन्धित कम्पनीले तोकेको प्रतिनिधि यस निर्वाचनमा मतदाता हुनेछन् ।
५. यस संघमा बक्यौदा रहेका कुनै पनि कम्पनिका प्रतिनिधिले आसन्न निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । यदि कुनै कम्पनिको नाममा बक्यौता भए उम्मेदवारको प्रयोजनको निमित्त मिति २०८०/०३/२२ गते कार्यालय समय भित्र फछ्यौंट गर्नुपर्नेछ ।
६. मतदान सम्बन्धि कार्यक्रम बाहेक अन्य सम्पुर्ण निर्वाचन सम्बन्धि कार्यहरु संघको कार्यालय डिल्लीबजारबाट सम्पन्न गरिने छ ।

प्रमुख निर्वाचन अधिकृत

नेपाल शैक्षिक परामर्श संघ (ECAN)
डिल्लीबज़ार, काठमाण्डौं, नेपाल
फोन नं.: ४५२२२६७/४५२१४८७
E-mail: info@ecan.org.np / Web: www.ecan.org.np

कर्जा चुक्ता भुक्तान गर्न आउने सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रकाशित मिति : २०८०/०३/१४

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय इन्द्रचोकबाट तपाई ऋणी हिरा मणी घिमिरे (ना.प्र.नं.३६-०१-७३-०४७०९ मितिः २०७३/०७/०८ जि.प्र.का.नवलपरासी)ले सुन कर्जा लिई उक्त कर्जा लिंदा गरिदिएको लिखत बमोजिम यस वित्तीय संस्थालाई बुझाउनु पर्ने साँवा तथा ब्याज समेत नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लंघन गर्नु भएको र वित्तीय संस्थाबाट मौखिक एवं लिखत रुपमा पटक पटक तरतापेता गर्दा समेत सम्पर्क विहीन हुनु भएको साथै Viber, SMS, whats app, email मार्फत कर्जा चुक्ता गर्न आउन सम्पर्क गर्न खोज्दा समेत सम्पर्कमा नआउनु भएको हुंदा यथासिघ्र यस वित्तीय संस्थामा सम्पर्क गरी कर्जा चुक्ता गर्न आउनु हुन यो सूचना जारी गरिएको छ । अन्यथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गरी कर्जाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

राष्ट्रिय सहकारी विकास बोर्ड
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०२३७, ५०१०१५०

भाडा रकम चुक्ता गर्ने सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशन मिति २०८०।३।१४

ललितपुर महानगरपालिका वडा नं. ५, लगनखेल स्थित यस बोर्डको स्वामित्वमा रहेको साझा किनमेल केन्द्रमा व्यपार व्यवसाय गरी बस्ने व्यपारीहरुले बोर्डलाई तिनुपर्ने बाँकी भाडा रकम चुक्ता गर्न मिति २०७९।९।३ मा सार्वजानिक सूचना प्रकाशित गरेकोमा सो सूचना बमोजिम बाँकी रहेको बक्यौता रकम चुक्ता नगरी अदालतमा कानूनि प्रक्रिया अवलम्बन गरेकोमा मुद्दा अन्तिम भई फिराद खारेज भइ सकेकाले बोर्डको भाडा रकम चुक्ता गर्न गरेको पटक पटकको पत्र समेत बुझ्कन नमानेकाले पुनः भाडा रकम चुक्ता गर्न सम्पूर्ण व्यपार व्यवसायीहरुलाई ७ दिन भित्रमा भाडा रकम चुक्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
न्युरोड शाखा, खिचापोखरी, काठमाण्डौं ।
यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/०३/१४

श्री देव राज मानन्धरको नाति, श्री देव बहादुर मानन्धर/श्रीमती जगत कुमारी मानन्धरको छोरा काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. २३, बसन्तपुर, ग्वाछेमुगल बस्ने श्री लक्ष्मी नारायण मानन्धर (ना.प्र.नं.२७२०७५/४६०१, जारी मिति २०२७/०३/१५ जि.प्र.का. काठमाडौं) ले यस बैंकको शाखा कार्यालय न्युरोड खिचापोखरी, काठमाडौंमा सेफ डिपोजिट लकर नं.९८२१ लिई प्रयोग गरी आउनु भएकोमा निज लकरवालाको आफ्नै कालगतिले मिति वि.सं. २०७९/०६/०१ गते मृत्यु भएको भनी मृतकको हकवाला पत्नी नाताको मानिस विना मानन्धर (ना.प्र.नं. ३२९६/४७९९,जारी मिति २०६५/०५/१७ जि.प्र.का.काठमाण्डौ) ले यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति २०८०/०३/०१ गतेका दिन आवश्यक कागजात सहित यस बैंकको शाखा कार्यालय न्युरोड खिचापोखरी, काठमाडौंमा निवेदन दिनु भएको हुंदा निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक वाहेक अन्य कोहि कसैको हकदावी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन,२०७९ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय न्युरोड खिचापोखरी, काठमाण्डौमा हकदावी गर्न आउनु होला । अन्यथा सो म्यादभित्र हकदावी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

सूचना

यस बैंकमा हाल सञ्चालनमा रहेको महालक्ष्मी डबल बोनान्जा मुद्धती निक्षेप खाता (Mahalaxmi Double Bonanza Fixed Deposit Account) मिति २०८०/०३/१२ गते देखि लागु हुने गरी अर्को सूचना जारी नभए सम्मको लागि नयाँ खाता खोल्ने कार्य पूर्ण रुपमा स्थगित गरिएको व्यहोरा जानकारी गराईन्छ। सो पूर्व खोलिएका खाताहरु यथावत नै रहनेछन्।

यसबाट ग्राहक महानुभावहरुमा पर्न गएको असुविधा प्रति बैंक क्षमाप्रार्थी छ।

केन्द्रीय कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८७१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

■ बजेटमा विपक्षीले गरायो सरकारको शक्ति परीक्षण

पहिलोपटक मत विभाजन, बहुमतले पारित

कृष्ण रिजाल/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यसहितको विनियोजन विधेयक २०८० मा प्रमुख प्रतिपक्षी एमालेले संसद्मा सरकारको शक्ति परीक्षण गराएको छ। बजेटमा सत्तारूढ दलकै सांसदको समेत असन्तुष्टि आएका वेला विपक्षीले यसलाई सरकारको शक्ति परीक्षणको मुद्दा बनाएको थियो। तर, प्रतिनिधिसभाबाट विधेयक संशोधनसहित बहुमतले पारित भएको छ।

बहुदलपछि सदनबाट बजेटहरू ध्वनिमतका आधारमा पारित हुँदै गएकोमा यसपालि मत विभाजन गरेर विनियोजन विधेयक पारित गरिएको छ। प्रतिनिधिसभामा बुधबार ध्वनिमतबाट बजेट पारितको घोषणा सभामुख देवराज घिमिरेले गर्दा प्रमुख प्रतिपक्षी एमालेका सांसद उठेर मत विभाजनको माग गरेका थिए।

एमाले सचेतक महेश बर्तौलाले ध्वनिमत हेर्दा बजेटको विपक्षमा बहुमत देखिएको आफूहरूलाई लागेको भन्दै मत विभाजन माग गरेका थिए। त्यसपछि सभामुख घिमिरेले विनियोजन विधेयकको निर्णयलाई मतदानमा लगेका थिए। दुई सय ५५ सांसद उपस्थित रहेकोमा एक सय ४७ सांसदले बजेट विधेयकको पक्षमा र एक सय आठ सांसदले विपक्षमा मतदान गरेका थिए। जनमत पार्टीले बहिष्कार गरेको थियो।

बजेट विनियोजनमा असहमति जनाउँदै सत्तारूढ दलकै सांसदले विरोध गरेकाले मत विभाजन गराउँदा बजेट फेल हुने र सरकारमाथि नैतिक प्रश्न उठ्ने आकलन गरेर एमालेले मत विभाजनको अस्त्र फ्याँकेको थियो। एमालेको अस्त्र असफल पारेको सत्तारूढ दलका सांसदहरूको भनाइ थियो।

विधेयक पारित भएपछि विपक्षी दलका नेता केपी ओलीले सञ्चारकर्मीसँग भने, 'हामीले आफ्नो मत स्ट्यान्ड देखायौँ। प्रधानमन्त्रीमाथिको विश्वास देखियो, ९९.९९ प्रतिशतबाट ५३ प्रतिशतमा झ्र्यो। अरू त्यसमा केही भनिरहनुपरेन।' प्रधानमन्त्री प्रचण्डमाथि सदनको विश्वासको मत घटिरहेको पुष्टि मत विभाजनबाट गराएको ओलीको आशय थियो।

एमाले सचेतक बर्तौलाले बजेटले सत्तारूढ दलहरूभित्रकै अन्तर्विरोध सतहमा आएको बताए। 'जुन संख्यामा उहाँहरूको गठबन्धन छ, जुन संख्यामा मत जाहेर हुनुपर्थ्यो, त्यो रहेन। सरकारका लागि महत्त्वपूर्ण बजेटमै सत्तासाझेदार सांसदहरू अनुपस्थित भएर मत नदिएको पनि पायौँ, यसले असमझदारी छ भन्ने देखायो,' बर्तौलाले भने।

नेपालले वार्षिक रूपमा राष्ट्रिय बजेट ल्याउन थालेको ७२ वर्ष भइसकेको छ। राणाशासन अन्त्य भएको एक वर्षपछि २००८ सालमा तत्कालीन सरकारले पहिलोपटक राष्ट्रिय बजेट सार्वजनिक गरेको थियो। मातृकाप्रसाद कोइराला नेतृत्व सरकारका अर्थमन्त्री सुवर्णशमशेर राणाले संसदीय प्रणालीबाट पहिलोपटक राष्ट्रिय बजेट सार्वजनिक गरेका थिए। २१ माघ २००८ मा सार्वजनिक उक्त बजेटको आकार पाँच करोड २५ लाख रुपैयाँबराबरको थियो।

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले बजेटमा मत विभाजन गर्नु अपवाद भएको बताए। 'अहिलेसम्मको अभ्यासमा बजेटमै प्रतिपक्षले डिभिजन मागेको छैन। ध्वनिमतबाट पारित भइसकेपछि माग्न हुन्थेन। तर, माग्नै नपाइने होइन, नियमावलीले व्यवस्था गरेको छ। अर्को कुरा, बजेटमा सत्तापक्षले हुन्छ भन्ने र विपक्षी मौन बस्ने हो। तर, विपक्षी आक्रामक रूपमा आयो, सत्ता गुमेको पीडाले हो कि सदनमा के गर्न हुन्छ, के गर्नुहुन्न भन्ने विवेकपूर्ण निर्णय भइरहेको छैन। विचलित मानसिकता देखियो। अपोजिसन जिम्मेवार हुन सकेको छैन,' उनले भने।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सदनमा कहिल्यै नभएका कुरा हुन लागेको बताए। 'बजेटमा मत विभाजन अभ्यास थिएन। विपक्षी नियमअनुसार चलिरहेको छैन। उहाँहरूले किन नभएका अभ्यास गरिरहनुभएको छ, बुझ्न सकिएको छैन,' उनले भने।

एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरीले सत्तापक्षभित्रको असन्तुष्टिमा खेल्न मत विभाजनको अस्त्र प्रयोग गरिएको बताए। 'केही भइहाल्छ कि भनेर प्रयास गरेको होला, तर केही भएन। माछा ढोक्सामा परिहाल्छ कि भन्ने थियो, तर सफल भएन,' उनले भने।

जनमत अध्यक्ष सिके राउतले बजेट विधेयकले संसद्को गरिमा नराखेको, छलफलको कुनै अर्थ नरहेकाले निर्णय प्रक्रियामा सहभागी नभएको बताए। उनले मत विभाजनको पनि कुनै अर्थ नरहेको टिप्पणी गरे।

पूर्वअर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले नेपालको इतिहासमा सम्भवतः पहिलोपटक मत विभाजनबाट बजेट पास भएको बताए। 'यसअघि ध्वनिमतका आधारमा बजेट पास हुने गरेको थियो, मत विभाजनबाट बजेट पास भएको मेरो स्मरणमा छैन,' उनले भने, 'सम्भवतः यो नेपालको बजेट इतिहासमा पहिलो घटना हुनुपर्छ।'

प्रतिपक्ष दलले संसद्मा सरकारको साथमा के-कति संख्या रहेको थाहा पाउन पनि मत विभाजन माग गरेको हुन सक्ने लोहनीको विश्लेषण छ। प्रतिपक्षका अलावा सत्तापक्षले नै बजेटको विरोध गरेका कारणसमेत संसद्मा मत विभाजनबाट बजेट पारित गर्नुपर्ने स्थिति देखिएको उनको विश्लेषण छ। 'बजेट पास नहुनु भनेको सरकारले वैधानिकता गुमाउनु पनि हो,' उनले भने, 'प्रतिपक्षले सदनमा आफ्नो र सत्तापक्षको शक्ति परीक्षणका लागि समेत बजेट पारितका लागि मत विभाजनको माग गरेको हुन सक्छ।'

पूर्वमुख्यसचिव विमल कोइरालाले आफूले थाहा पाएसम्म संसद्बाट पहिलोपटक मत विभाजनमार्फत बजेट पास भएको बताए। 'ध्वनिमतबाट बजेट पास हुँदा पक्ष र विपक्षको मत स्पष्ट देखिँदैनथ्यो,' उनले भने, 'यसपटक मत विभाजनबाट बजेट पास गरियो, यसले अहिले सदनमा बजेट मन पराउनेहरू ५३-५४ प्रतिशत रहेको स्पष्टता देखाउँछ।' मत विभाजनले सदनमा सत्ता र विपक्षको संख्या-शक्ति देखिएको उनले बताए।

संशोधनसहित पारित

आगामी आर्थिक वर्षमा सेवा र कार्यका लागि संघीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन तथा खर्च गर्ने अधिकार दिनका लागि अर्थमन्त्री डा. प्रकाशशरण महतले १५ जेठमा सदनमा प्रस्तुत गरेको बजेट वक्तव्यमाथि करिब एक महिना छलफल गरेर संशोधनसहित बुधबार पारित भएको हो। अर्थमन्त्री डा. महतले १५ जेठमा संघीय संसद्को संयुक्त सदनमा आगामी आर्थिक वर्ष ०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँबराबरको बजेट पेस गरेका थिए।

अर्थमन्त्री महतले चालूतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड रुपैयाँ बजेट विनियोजन गरेका छन्। जुन कुल बजेटको ६५.२० प्रतिशत हुन आउँछ। पुँजीगततर्फ तीन खर्ब दुई अर्ब सात करोड विनियोजन गरेका छन्। जुन कुल बजेटको १७.२५ प्रतिशत हो। त्यस्तै, वित्तीय व्यवस्थातर्फ कुल बजेटको १७.५५ प्रतिशतबराबर अर्थात् तीन खर्ब सात अर्ब ४५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। अर्थमन्त्रीले आगामी आवको बजेटका स्रोतअन्तर्गत १२ खर्ब ४८ अर्ब ६२ करोड रुपैयाँ राजस्व संकलन गर्ने तथा ४९ अर्ब ९४ करोड रुपैयाँ वैदेशिक अनुदान प्राप्ति गर्ने अनुमान गरेका छन्। त्यस्तै, दुई खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ वैदेशिक ऋण र दुई खर्ब ४० अर्ब आन्तरिक ऋण परिचालन गर्ने अनुमान गरेका छन्।

सरकारले आगामी आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने लक्ष्य राखेको छ। आगामी आवमा सरकारले मूल्यवृद्धिलाई ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको छ।

विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकता र नीति तथा कार्यक्रममा भएको छलफलका आधारमा आएको बजेट आंशिक संशोधनसहित प्रतिनिधिसभाबाट पारित भएको छ। खासगरी जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयअन्तर्गत निर्वाचन एकाइ राख्ने प्रावधान संशोधन गरिएको हो।

'संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यको अनुसूची १६ को खण्ड (क)को क्रमसंख्या १० मा रहेको प्रावधान हटाई हाल कायम रहेको जिल्ला निर्वाचन कार्यालयसम्बन्धी व्यवस्था यथावत् रहेको छ,' अर्थमन्त्रीले लिखित रूपमा प्रस्तुत गरेर सदनद्वारा स्वीकृत संशोधन प्रस्तावमा भनिएको छ।

संशोधनसहित पारित भएको बजेट विधेयक राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विनियोजन ऐन, २०८० का रूपमा १ साउनबाट कार्यान्वयनमा आउनेछ। त्यसअघि राष्ट्रिय सभामा छलफल भएर पारित हुनुपर्छ, १५-२६ असारसम्म छलफल हुने कार्यसूची छ।

विनियोजन विधेयकमा प्रतिनिधिसभा सदस्यहरूले थुप्रै सुझाव दिए पनि सरकारले बजेट कार्यान्वयनका क्रममा आत्मसात् गर्ने आश्वासन दिँदै स्वीकार गरेन। यद्यपि, आगामी बजेटहरूमा सांसदका सुझाव समेट्न फागुनदेखि नै बजेट मस्यौदामाथि सदनमा छलफल थाल्ने प्रावधान यो ऐनमा राखिएको छ।

गणपूरक संख्या पुगेन

विनियोजन विधेयक पारित भएपछि प्रतिनिधिसभामा राष्ट्रको ऋण उठाउने विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेस गर्दा गणपूरक संख्या पुगेन। एमालेका ठाकुर गैरेले संविधानको धारा ९४ बमोजिम कुनै प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा एकचौथाइ अर्थात् ६९ सांसद संख्या आवश्यक पर्ने र उक्त प्रस्ताव निर्णयार्थ पेस गर्दा कोरम नपुग्ने भन्दै नियमापत्ति गरेपछि सभामुख देवराज घिमिरेले संख्या गणना गराएका थिए।

६७ संख्या मात्रै उपस्थित रहेपछि गणपूरक संख्या नपुगेर १० मिनेटका लागि बैठक स्थगित गरेका थिए। १० मिनेटपछि बसेको बैठकमा गणना गर्दा संख्या ७१ पुगेर राष्ट्रको ऋण उठाउने विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित भएको थियो।

दुई पूर्वमन्त्रीसहित...

पृष्ठ १ बाट क्रमशः

सम्बन्धित निकायका 'मेजर पोस्ट'मा रहेकाहरूको खास संलग्नता देखिन्छ। अबको कारबाही उनीहरूविरुद्ध केन्द्रित हुनेछ। उनीहरूविरुद्ध पक्राउ पुर्जीसमेत जारी भइसकेको छ,' उनले भनिन्।

सिआइबीका अनुसार थप अनुसन्धानको 'हिट लिस्ट'मा सम्बन्धित मन्त्रालयका तत्कालीन मन्त्री, सचिव, सहसचिव, उपसचिव, सम्बन्धित विभागका महानिर्देशक, प्रशासक, उपसचिव, कार्यालय प्रमुख रहेका छन्। थप अनुसन्धानपछि घटना सम्बन्धमा 'वास्तविक सिनेमा' देखिने भन्दै भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङ र पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहसहितको सात टोली पक्राउ 'ट्रेलर' मात्रै रहेको बज्राचार्यले बताइन्। 'घटनामा जोडिएका केही 'हाई प्रोफाइल' अभियुक्त पक्राउ परे। यो त 'ट्रेलर' मात्रै हो। वास्तविक सिनेमा थप अनुसन्धानपछि देखिनेछ। हेर्दै जानुहोला,' उनले भनिन्।

सिआइबी स्रोतका अनुसार थप अनुसन्धानको 'हिट लिस्ट'मा तत्कालीन उपप्रधानमन्त्रीसमेत रहेका भौतिक योजना तथा निर्माणमन्त्री विजयकुमार गच्छदार, भूमिसुधारमन्त्री डम्बर श्रेष्ठ, भौतिक योजना मन्त्रालयका तत्कालीन सचिव दीप बस्न्यात, भूमिसुधार मन्त्रालयका तत्कालीन सचिवद्वय छविराज पन्त र दिनेशहरि अधिकारी छन्। भूमिसुधार मन्त्रालयका तत्कालीन सहसचिवद्वय जितबहादुर थापा र तेजराज पाण्डे, भौतिक योजना मन्त्रालयका तत्कालीन उपसचिव (कानुन) विनोदकुमार गौतम, सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक अशोकनाथ उप्रेती, भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशकद्वय रुद्रकुमार श्रेष्ठ र पुष्पराज उपाध्याय पनि 'हिट लिस्ट'मा छन्।

मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन कार्यालय प्रमुख हरिकृष्ण तिमिल्सिना, तत्कालीन उपसचिव लक्ष्मीनारायण उप्रेती, अधिकृत दिनेशप्रसाद शर्मा पनि उक्त सूचीमा छन्।

सरकारी जग्गा व्यक्तिको नाममा ल्याउन सबै किसिमका कानुनी प्रबन्ध मिलाउने र अदालतमा बहसमा समेत उत्रिएका तत्कालीन वरिष्ठ अधिवक्ता तथा सर्वोच्च अदालतका बहालवाला न्यायाधीश कुमार रेग्मीसमेत सिआइबीको 'हिट लिस्ट'मा छन्। उनले जग्गा फिर्ता गरेको भनिएको छ। तर, फिर्ता गरिएको जग्गा पर्याप्त नभएको सिआइबीको दाबी छ।

त्यसबाहेक जग्गा हिनामिना प्रकरणका मुख्य योजनाकार मनिएका शोभाकान्त ढकाल, रामकुमार सुवेदी, लक्ष्मी ढकाल, पञ्चनारायण महर्जन पनि सिआइबीको थप अनुसन्धानको मुख्य सूचीमा छन्। गैरआवासीय नेपाली संघ काठमाडौं जिल्लाको तर्फबाट अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत राजेशशमशेर राणा पनि सिआइबीको 'हिट लिस्ट'मा रहेका छन्। उनीहरूसँगै मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख मालपोत अधिकृत टीकाराम घिमिरे, भवन निर्माण सम्भार डिभिजन कार्यालयका तत्कालीन इन्जिनियर राजेन्द्रमान श्रेष्ठ, तत्कालीन सिनियर डिभिजनल इन्जिनियर बालकृष्ण श्रेष्ठ, तत्कालीन डिभिजन प्रमुख सुरोजराज राजकर्णिकार पनि सिआइबीको 'हिट लिस्ट'मा छन्।

गुठी संस्थान प्रधान कार्यालयका तत्कालीन उपप्रशासक हरिबोल आचार्य, नापी कार्यालय डिल्लीबजारका तत्कालीन नापी अधिकृत मोहम्मद साबिर हुसैन, भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन शाखा अधिकृत इन्द्रप्रसाद ढुंगाना, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन शाखा अधिकृत कृष्णप्रसाद पौडेल, मालपोत कार्यालय भूमिसुधार कार्यालय काठमाडौंका तत्कालीन भूमिसुधार अधिकारी शंकरप्रसाद सुवेदी पनि अनुसन्धानको प्राथमिक सूचीमा छन्। त्यस्तै, नापी कार्यालय डिल्लीबजारका तत्कालीन नापी अधिकृत कमल घिमिरे, तत्कालीन सर्भेक्षक देवबहादुर लामिछाने, गुठी संस्थान प्रधान कार्यालयका तत्कालीन प्रशासक सेमन्तराज चापागाईं, तत्कालीन सहप्रशासक हेमराज सुवेदी, उपप्रशासक हरिप्रसाद जोशीलगायत ५६ भन्दा धेरै अभियुक्त सिआइबीको 'हिट लिस्ट'मा राखिएका छन्।

जग्गा किर्ते गरिँदा निर्णय प्रक्रिया हुँदाको बखत तत्कालीन प्रधानमन्त्रीद्वय डा. बाबुराम भट्टराई र माधवकुमार नेपाल सरकारको नेतृत्वमा थिए। तर, उनीहरूविरुद्ध किर्ते मुद्दा चल्ने सम्भावना न्यून छ। किनभने मन्त्रिपरिषद्बाट भएको निर्णय र उनीहरूलाई कर्मचारीले झुक्यानमा पारेको सिआइबीको अनुसन्धान प्रतिवेदनमा छ। घटनामा एमाले उपाध्यक्ष विष्णु पौडेल पनि मुछिएका छन्। तर, सिआइबीको अनुसन्धान उनीहरूको विषयमा मौन देखिन्छ।

'कार्यसम्पादनमा...

पृष्ठ १ बाट क्रमशः

यो लडाइँमा मलाई संसद् र जनताको थप समर्थन चाहिएको छ,' उनले भने। बेथितिको दुष्चक्र नभत्काएसम्म देश अगाडि बढ्न नसक्ने भन्दै प्रधानमन्त्री प्रचण्डले कुनै पनि मूल्यमा विकृतिको यो डंगुर भत्काई छाडिने विश्वास दिलाए।

अर्थतन्त्र गतिशील : प्रधानमन्त्रीले पछिल्लो ६ महिने कार्यकालमा देश श्रीलंका बन्ने भयको सामना गरेर गतिशील अर्थतन्त्रको स्थितिमा पुगेको र तथ्यांकले नै सबैजसो आर्थिक सूचक सकारात्मक देखाएको बताए। पछिल्लो ६ महिनायता कुल विदेशी विनिमय सञ्चिति २०.९ प्रतिशतले वृद्धि भएको, ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने सुरक्षित अवस्थामा पुगेको, कुल वस्तु व्यापार घाटामा १५.२ प्रतिशतले कमी आएको, विप्रेषण उल्लेखनीय रूपमा बढेको, पर्यटक संख्या दोब्बरले बढेको, बैंक दर र ब्याजदर घटेर वित्तीय क्षेत्रको स्थायित्व र लगानीको वातावरणमा सकारात्मक सुधार भएको र चुहावटलाई कडाइका साथ नियन्त्रण गरेपछि राजस्व परिचालनमा सुधार आएको उल्लेख गरे।

विद्युत् प्राधिकरण र आयल निगम नाफामा गएका छन् भने वायुसेवा निगमको आर्थिक अवस्था पनि सुधारोन्मुख रहेको प्रधानमन्त्री प्रचण्डले सुनाए। ६ महिने उपलब्धिमा करिब ३५ अर्ब वैदेशिक सहायता सम्झौतामा हस्ताक्षर भएको, उद्योग क्षेत्रमा दुई सय ७४ परियोजनामार्फत करिब ३५ अर्ब नै वैदेशिक लगानी र करिब १५ हजार रोजगारी सुनिश्चित भएको उल्लेख छ।

त्यस्तै, लगानी बोर्डबाट ९५४.३० मेगावाट विद्युत् उत्पादन हुने गरी विभिन्न ६ वटा जलविद्युत् परियोजनाका लागि एक खर्ब ६७ अर्ब लगानी स्वीकृत भएको, आर्थिक सुधारकै परिणामस्वरूप कम्तीमा २० हजार थप रोजगारी सिर्जना गर्ने गरी दुई खर्ब पाँच अर्ब लगानीका दुई सय ८४ नयाँ स्वदेशी उद्योग दर्ता भएको, उत्तरी नाकातर्फ रसुवागढी, हिल्सा, कोदारीस्थित अध्यागमन कार्यालय सञ्चालनमा आएको प्रधानमन्त्रीले बताए।

प्रधानमन्त्री प्रचण्डले यसबीचमा भौतिक पूर्वाधार विकासमा उल्लेख्य प्रगति भएको, ४०८ मेगावाट विद्युत् उत्पादन क्षमता थपिएर थप तीन प्रतिशत जनसंख्यामा विद्युत्को पहुँच पुगेको, विद्युत्मा शतप्रतिशत जनताको पहुँच हुने सबै आधार तयार भएको बताए।

नेपाल र भारतबीच दश वर्षमा दश हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर, फुकोट कर्णाली ४८० मेगावाट र तल्लो अरुण ६६९ मेगावाट निर्माण गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर, बुटवल-गोरखपुर प्रसारण लाइन (४०० केभी)को शिलान्यास, बंगलादेशसहित त्रिपक्षीय विद्युत् बिक्री सम्झौताको वातावरण बनेको बताए।

प्रधानमन्त्रीले सबैले दृढ इच्छाशक्तिका साथ सुशासन र विकासका निम्ति काम गरे छिटै नेपालमा विकासको तुफान आउने बताए। युवाहरूलाई रोजगारी दिने विषयमा सरकार गम्भीर रहेको बताउँदै विकासलाई गति दिएर रोजगारी सिर्जना गर्ने उनको भनाइ थियो।

मलको हाहाकार अन्त्य : प्रधानमन्त्री प्रचण्डले किसानले समयमा मल नपाउने बाध्यता अन्त्य गरिएको बताए। 'यस आर्थिक वर्षमा साढे ७८ हजार मेट्रिकटन रासायनिक मलको आपूर्ति सुनिश्चित भएको छ। यसबाहेक एक लाख ९५ हजार नौ सय मेट्रिकटन रासायनिक मल आयात भई एक लाख ४५ हजार नौ सय मेट्रिकटन मल अनुदानित मूल्यमा वितरण नै भइसकेको छ,' उनले भने, 'आगामी आर्थिक वर्षका लागि पनि समयमै रासायनिक मल व्यवस्थापन गर्न ३० अर्ब रकम विनियोजन गरिएको छ।' देशमै मल कारखाना खोल्ने प्रक्रिया अघि बढेको उनले बताए।

प्रधानमन्त्री प्रचण्डले मेलम्ची खानेपानी आयोजनाका आवश्यक संरचनाको मर्मतसम्भार सम्पन्न भई बाह्रै महिना नियमित पानी वितरणको सुनिश्चितता गरिएको र यस अवधिमा विभिन्न आयोजनामार्फत एक लाख ६६ हजार थप जनसंख्यालाई प्रशोधित खानेपानीको प्रत्याभूति गरिएको सुनाए। भूमिहीन दलित तथा सुकुमबासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरणमा तीव्रता ल्याइएको, गरिब पहिचान गरी परिचयपत्र वितरण गर्न थप १३ जिल्लामा तथ्यांक संकलन भई विश्लेषण प्रक्रिया सुरु भएको प्रधानमन्त्रीले बताए।

हुम्लादेखि ताप्लेजुङसम्मका दुर्गम जिल्लाका सामुदायिक विद्यालयमा शैक्षिक सत्रअगावै पाठ्यपुस्तक पुगेको, विद्यार्थीलाई नो अब्जेक्सन सर्टिफिकेट आफ्नै मोबाइलमा प्राप्त गर्ने व्यवस्था गरेको, अनलाइन आवेदनको व्यवस्था गरेर राहदानी लिन भिड लाग्ने बाध्यता अन्त्य गरेको ६ महिने उपलब्धिमा उल्लेख छ। राष्ट्रिय परिचयपत्रको छपाइ तथा वितरणमा सुधार आएको, सवारीचालक अनुमतिपत्रमा सहजीकरण गरेको, बिदाको दिन पनि सेवा प्रवाह भइरहेको उल्लेख छ।

दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको सुरक्षित हवाई उद्धार बढाइएको, देशका विभिन्न स्थानमा स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालन गर्ने, सरकारी अस्पतालहरूको स्तरोन्नति, औषधिमा आत्मनिर्भर बन्न १८ प्रकारका औषधि उत्पादनको तयारी रहेको प्रधानमन्त्री प्रचण्डले जानकारी गराए।

वैदेशिक रोजगारीमा गएका करिब दुई लाख नागरिक केही महिनाकै बीचमा सामाजिक सुरक्षा कोषमा जोडिएको, श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका क्रममा श्रमिकहरूले झेल्दै आएको सास्ती अन्त्य भएको, अवधिका लागि श्रम स्वीकृति प्रदान गर्ने र पुनः श्रम स्वीकृतिका लागि नेपाल आउनुपर्ने बाध्यताको अन्त्य भई विदेशबाट नै अनलाइन प्रणालीबाट स्वीकृति प्राप्त हुने व्यवस्था मिलाइएको, विदेशी भूमिमा समस्यामा परेका एक सय ५६ जना नागरिकको उद्धार गरिएको उपलब्धिमा उल्लेख छ। नागरिकता (पहिलो संशोधन)ऐन जारी भएर लाखौँ युवाले नागरिकता पाउने बाटो खुलेको, आठ हजार चार सय ७१ सहिदको नामावली राजपत्रमा प्रकाशित गरिएको पनि उपलब्धिमा राखिएको छ।

यति धेरै काम गरेर सकारात्मक सुधारको थालनी गरे पनि सामाजिक सञ्जालका चित्रहरूले राष्ट्रका प्राथमिकतालाई विषयान्तर गरिरहेको र जनताका वास्तविक मुद्दा हराउँदै गएर सतही सस्ता विषयले त महत्त्व पाइरहेको गुनासो प्रधानमन्त्री प्रचण्डले गरे। विगतको तानाशाही शासन र संघर्ष इतिहास थाहा नभएका नयाँ पुस्ताका मतदातालाई हिजो देशमा दूधकै नदी बहन्थ्यो भैँ भाष्य खडा गरेर लोकतन्त्रबाट दिग्भ्रमित गर्न खोजिएको उनको गुनासो थियो।

दश हजार...

पृष्ठ १ बाट क्रमशः

महानगरभित्र रहेका सहकारीहरू पनि सञ्चालकको बदनियतका कारण समस्याग्रस्त बनेको महानगरका सहकारी विभाग प्रमुख बलराम त्रिपाठीले बताए। उनका अनुसार सरकारीले ठगी गरेको भन्दै हिनहुँ महानगरमा उजुरी दिनेको संख्या बढेको छ। 'हामीकहाँ रहेका सहकारीमध्ये धेरैले रकम हिनामिना गरेको पाइएको छ,' उनले भने, 'सामान्य प्रमाण र बचतकर्ताको उजुरीका आधारमा कारबाहीका लागि हामीले ६८ सहकारीको विवरण नेपाल प्रहरीको सिआइबीलाई पठाएका छौँ।'

विभागको तथ्यांकअनुसार महानगरभित्र कार्यक्षेत्र रहेको सहकारीको जम्मा संख्या एक हजार नौ सय ४५ रहेको छ। यीमध्ये ६८ सहकारीले बचतकर्ताको रकम हिनामिना गरेपछि सिआइबीमा कारबाहीको निम्ति सिफारिस भएको हो। महानगरका अन्य १५ सहकारीविरुद्ध पनि उजुरी परेका छन्।

अख्तियारले मुद्दा...

पृष्ठ १ बाट क्रमशः

● हरिबोल आचार्य	उपप्रशासक, गुठी संस्थान, प्रधान कार्यालय
● हेमराज सुवेदी	सहप्रशासक, गुठी संस्थान, प्रधान कार्यालय
● हरिप्रसाद जोशी	उपप्रशासक, गुठी संस्थान, प्रधान कार्यालय
● बलिराम तेली	प्रशासक, गुठी संस्थान, प्रधान कार्यालय
● दिलीप भट्ट	कामु प्रशासक, गुठी संस्थान, प्रधान कार्यालय
● शैलेन्द्र पौडेल	सहायक प्रशासक, गुठी संस्थान, प्रधान कार्यालय
● जयप्रसाद रेग्मी	उपप्रशासक, गुठी संस्थान, प्रधान कार्यालय
● बद्रीबहादुर कार्की	अधिकृत, मालपोत कार्यालय, डिल्लीबजार
● दिनेशप्रसाद शर्मा	अधिकृत, मालपोत कार्यालय, डिल्लीबजार

बाँदरपीडित...

पृष्ठ १ बाट क्रमशः

कार्यक्रम ल्याएर बाँदर नियन्त्रण गर्ने प्रतिबद्धता जनाए।

निरन्तर आन्दोलनमा बाँदरपीडित किसान

धादिङको नीलकण्ठ नगरपालिका- ९ की ५० वर्षीया जुनमाया नेपालीले १० वर्षअघि श्रीमान् गुमाइन्। छोरा पनि कलेजोको अप्रेसनपछि काम गर्न नसक्ने छन्। उनको परिवार कृषिमा निर्भर छ। तर, सम्पत्तिको नाममा भएको पाँच रोपनी जग्गाको खेती पनि खाने वेला नहुँदै बाँदरले सखाप पारेपछि समस्यामा परेकी छिन्। 'मकै लगाएकी थिएँ। तर, एउटै बोट बाँकी नहुने गरी बाँदरले सखाप बनायो। दुःख गऱ्यो, मल किनेर खेती गऱ्यो, हुर्कायो। आउला खाउँला, छाक टारौँला भन्ने लागेको थियो। तर, बाँदरले मकै सखापै बनायो,' जुनमायाले भनिन्। यहाँका किसानले यसअघि १२ जेठमा धादिङ सदरमुकाम धादिङबेँसीमा रहेका सरकारी कार्यालयको गेटमा नाराबाजी गरेका थिए।

८३ वर्षीय किसान तुलबहादुर लम्सालले बाँदरले पुऱ्याएको क्षति र बाँदर नियन्त्रणका लागि सरकारी निकायसँग माग राखेको बताए। १५ रोपनी जग्गाको कृषिजन्य उत्पादनले चुलोमा आगो बलेको हो,' उनले भने, 'बाँदर लेखेट्न गयो उल्टै बाँदरले लेखेट्छ। गाउँमा सबैको मकै खेती तथा फलफूल खेती बाँदरले सखापै बनायो। बिउ-विजन, मल पनि वेलामा पाइँदैन। जेनतेन भएको बाली पनि बाँदरलाई भयो। किसान जता पनि मर्कामा पर्नुपर्ने, हाम्रो न जागिर, न त पेन्सन छ। के खाएर बाँच्नु ?' नीलकण्ठ नगरपालिका-९ का वडाध्यक्ष राजन बराइलीका अनुसार पाल्पाभञ्ज्याङ, भालुभञ्ज्याङ, निगालपानीलगायत क्षेत्रमा बाँदरको आतंक छ। 'कार्यपालिकाको बैठकमा यो कुरा उठाउँछौँ। कसरी व्यवस्थापन गर्न सकिन्छ, छलफल गरेर निचोड निकाल्नेछौँ,' उनले भने।

०७४ मै सर्वोच्चको आदेश- बाँदरबाट हुने क्षतिको क्षतिपूर्ति दिनू

सर्वोच्च अदालतले पाँच वर्षअघि नै बाँदरबाट हुने क्षतिको क्षतिपूर्ति दिन निर्देशनात्मक आदेश दिएको थियो। राष्ट्रिय कृषक समूह महासंघले ०७३ मा दायर गरेको रिटमा सर्वोच्चले १९ चैत ०७४ मा 'वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका, २०६९ मा बाँदरले कृषकलाई पुऱ्याएको हानि-नोक्सानीबापत क्षतिपूर्ति पाउने व्यवस्था गर्न प्रधानमन्त्रीको कार्यालय, वन मन्त्रालयसहितका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो। तर, सरकारले अहिलेसम्म निर्देशिका संशोधन गरेर बाँदरबाट कृषि बालीमा क्षति पुऱ्याएमा किसानलाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था लागू गरेको छैन।

हाल १४ वटा वन्यजन्तुले मानव र कृषि बालीमा क्षति पुऱ्याउँदा सरकारले राहत एवं क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले दुई वर्षअघि नै निर्देशिका संशोधन गरेर राहत सूचीमा बाँदर र नीलगाईसमेत समेटिन गृहकार्य गरेको थियो।

'सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने गरी बाँदर र मधेस क्षेत्रको समस्यालाई सम्बोधन गर्न नीलगाईलाई यो सूचीमा समेट्न निर्देशिका संशोधनको तयारी छ, यसमा सरकार सकारात्मक छ,' राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक डा. महेश्वर ढकालले भने, 'तर, मन्त्रिपरिषद्बाट स्वीकृत हुनुपर्ने हुन्छ।' बस्ती र वन सँगसँगै रहेको र पछिल्लो समय वनको क्षेत्रफल बढ्दै जाँदा मानव-वन्यजन्तु द्वन्द्व बढेकाले क्षतिको विषयलाई बिमासँग जोडेर लग्ने नीति सरकारको रहेको उनले बताए।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ अनुसार हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँचितुवा, जंगली बँदेल, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, अर्ना, मगरगोही, गौरीगाई र अजिंगरबाट मानवीय क्षति, पशुको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर-गोठको क्षति र खाद्यान्न बाली (उखु र व्यावसायिक केरा खेतीसमेत)को क्षति हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग तथा मातहतका निकायले राहत उपलब्ध गराउँदै आएका छन्। हाल हात्तीले पशुको क्षति पुऱ्याउँदा राहत पाइँदैन। तर, मान्छे घाइते र मृत्यु, भण्डारण गरेको अन्न, घर-गोठ क्षति र खाद्यान्न बालीमा क्षति पुऱ्याउँदा राहत दिइन्छ। गैँडाले पशु, भण्डारण गरेको अन्न र गोठमा क्षति पुऱ्याउँदा राहत पाइँदैन। संरक्षित क्षेत्र र राष्ट्रिय वनमा वन्यजन्तुको आक्रमणमा परी भएको मानवीय र अन्य क्षतिको हकमा राहत दिइँदैन।

सिन्धुज्वाला हाइड्रो पावर लि.
तीनकुने, काठमाडौं

निर्वाचन स्थगन गरिएको सूचना

शेयरधनी महानुभावहरु कम्पनी रजिष्ट्रारको कार्यालयको प्राप्त निर्देशन बमोजिम यस कम्पनीको विशेष साधारण सभाबाट सञ्चालक समितिको निर्वाचन गराउनु पर्ने भएकाले पूर्व मितिमा प्रकासित सूचना वमोजिम मिति २०८० साल असाढ १६ गते साधारण सभा बोलाईएकोले निर्वाचन प्रयोजनको लागि निर्वाचन समिति समेत गठन भइ पूर्व मितिमा निर्वाचन समितिको कार्यालय खडा भएको सूचना समेत प्रकाशन भएको भएता पनी सम्मानीत काठमाण्डौं जिल्ला अदालतबाट हाल निर्वाचन नगराउनु भनी मिति २०८०/३/१२ मा अल्पकालीन आन्तरिम आदेश जारी भएकोले अर्को सूचना प्रकाशन नभए सम्मका लागी हाल निर्वाचन स्थगन गरिएको व्यहोरा सबै शेयरधनी महानुभावहरुमा जानकारी गरान्छ।

प्रमुख निर्वाचन अधिकृत

नोट : हाल अदालतमा चलेको मुद्दाको कारणले निर्वाचन स्थगन भएकोमा सोहि कार्यक्रमलाई पुन : सूचारु गरिनेछ।

- निर्वाचन प्रयोजनको लागि निर्वाचन समितिबाट छुट्टै निर्वाचन कार्यक्रम प्रकाशन गरिनेछ।

काठमाडौं महानगरपालिका वडा नं. ३१ को कार्यालयबाट बुटवल ठेगाना भएको र का.म.पा.वडा नं. ३१ घर नं. ३२५ मा बहाल लिई बस्ने श्री देवराज पोखेलको नाममा जारी भएको सूचना

काठमाडौं महानगरपालिका वडा नं. ३१ अन्तर्गत साझा बस्ती घर नं. ३२५ बस्ने श्री चन्द्रकुमार बराइलीले निजको घरमा कोठा बहालमा लिने बुटवल ठेगाना भएको देवराज पोखेल घर बहाल नदिई २०७८/०८/२५ देखि नै ताला लगाई सम्पर्कविहीन हुनुभएकाले पटक-पटक सम्पर्क गर्ने प्रयास गर्दासमेत सम्पर्कमा नआएकाले (१५ दिने सूचना टाँस गर्दासमेत सम्पर्कमा नआएको हुनाले) उक्त कोठा खाली गराइपाऊँ भनी निवेदन पेस गर्नुभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित व्यक्तिले यस वडा कार्यालयमा सम्पर्क राख्नुहोला अन्यथा प्रचलित कानुनअनुसार भइजाने व्यहोरा जानकारी गराइन्छ।

हार्दिक श्रद्धाञ्जली

जन्म
२००० माघ १३ गते



स्वर्गारोहण
२०८० असार २ गते

श्रीमती रुन्नता देवी पन्थी

ओम मेगाश्री फर्मास्युटिकल्स् लिमिटेडका संस्थापक निर्देशक श्री कमल पन्थीकी पुजनीय माता श्रीमती रुन्नता देवी पन्थीको असामयिक निधन भएको आज १३ औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

Om Megashree
- PHARMACEUTICALS -
your health, our concern

बिहीबार १४ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

एक जितले नेपाल सेमिफाइनलमा



युवा बलर सन्तोष यादवले आठ रन खर्चेर पाँच विकेट लिएपछि नेपालले एसिसी यू-१६ इस्टर्न रिजन कपमा थाइल्यान्डलाई दुई सय २५ रनले हरायो

नयाँ पत्रिका
काठमाडौं, १३ असार

नेपाली युवा क्रिकेट टोली एक जितका साथ एसिसी यू-१६ पुरुष इस्टर्न रिजन कप २०२३ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। मलेसियामा बुधबारदेखि भएको प्रतियोगितामा नेपालले थाइल्यान्डमाथि दुई सय २५ रनको फराकिलो अन्तरले जित निकाली अन्तिम चारको स्थान पक्का गरेको हो।

नेपाली युवा खेलाडीले बलिङ र ब्याटिङमा सानदार प्रदर्शन गरे। समूह 'ए'बाट नेपाल एक खेलअगाडि नै अन्तिम चारमा पुगेको हो। यस समूहमा मलेसियाले पनि दुई अंक जोडेको छ। लगातार दुई खेलमा पराजित थाइल्यान्ड प्रतियोगिताबाट बाहिरिएको छ। शुक्रबार नेपालले मलेसियाविरुद्ध खेल्नेछ। यस खेलको विजयी टोली समूहविजेता बन्नेछ। नेपाल प्रतियोगिताको साबिक दुईपटकको विजेता हो।

सन्तोषको ह्याट्रिकसहित पाँच विकेट

युवा बलर सन्तोष यादवले ह्याट्रिकसहित पाँच विकेट लिएपछि लक्ष्य पछ्याएको थाइल्यान्डको ब्याटिङ धराशायी भयो। नेपालले थाइल्यान्डलाई दुई सय ७० रनको लक्ष्य दिएको थियो। थाइल्यान्डले प्रत्युत्तरमा १३.२ ओभरमा ४४ रन मात्र जोड्यो। थाइल्यान्डका आठ खेलाडी शून्यमा पेभिलियन फर्किए। प्लेयर अफ दी म्याच सन्तोषले ३.२ ओभरमा मात्र आठ रन खर्चिँदै ५ विकेट लिएका हुन्। सन्तोषले इनिङ्सको १४औँ ओभरमा ह्याट्रिक पूरा गरेका हुन्। सन्तोषले १२.६ ओभरमा आठौँ नम्बरका सुथिमोन थाङसोमलाई एलबिडब्लू धरापमा पारे। १४.१ ओभरमा प्रियावत नोर्दीलाई बोल्ड गरे। १४.२ ओभरमा सुफानत मुआंगसाईलाई एलबिडब्लू गर्दै सन्तोषले ह्याट्रिक पूरा गरेका हुन्। सन्तोषले ओपनर दानुफोन फुयाङ्गोतपिनितलाई ९.४ ओभरमा १२ रनमा पेभिलियन पठाए। राथासत वानितचाखामलाई ११.४ ओभरमा शून्यमा पेभिलियन फर्काए। स्पिनर अशोक धामीले तीन ओभरमा २ मेडनसहित ४ रन खर्चेर तीन विकेट लिए। अभिषेक तिवारीले २ विकेट हात पारे। थाइल्यान्डका ब्याट्सम्यान ईशान बेनर्जीले १६ रन तथा डानुफोनले १२ रन बनाए।

नीरज र सूर्यांशुको शतकीय साझेदारी

नेपालका ओपनरद्वय नीरजकुमार यादव र सूर्यांशु कोइरालाले शतकीय साझेदारी गरेपछि पहिलो ब्याटिङ गरेको नेपालले ३५ ओभरमा ८ विकेट गुमाउँदै दुई सय ६९ रनको विशाल योगफल तयार पारेको हो। ओपनर नीरजकुमारले ४३ बलमा सात चौका र ६ छक्काको मद्दतमा सर्वाधिक ७४ रन जोडे। सूर्यांशुले ५५ बलमा तीन चौकासहित ४० रनको योगदान गरे। नीरज र सूर्यांशुले पहिलो विकेटका लागि एक सय १० रनको साझेदारी गर्दै नेपाललाई उत्कृष्ट सुरुवात दिलाएका थिए।

तेस्रो नम्बरका नरेन भट्टले ४३ बलमा पाँच चौकाको मद्दतमा अविजित ५५ रन जोडे। सन्तोषले आक्रामक ब्याटिङ गर्दै ३६ बलमा चार चौका र एक छक्कासहित ४२ रन बनाए। नरेन र सन्तोषले चौथो विकेटका लागि ५५ बलमा ७१ रनको साझेदारी गरेका हुन्। कप्तान अभिषेक तिवारीले १४ रन र विकेटकिपर आशिष लुहारले १३ रनको योगदान गरे। नेपालले अतिरिक्त १९ रन पाएको थियो। थाइल्यान्डका निटपाखन मनुवन, फानुवात र ईशान बेनर्जीले समान दुई विकेट लिए।

आइसिसी वरीयतामा नेपाल यथावत्

एकदिवसीय विश्वकपअन्तर्गत ग्लोबल छनोटबाट बाहिरिएको नेपाल अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सार्वजनिक गरेको नयाँ वरीयतामा यथावत् स्थानमा छ। आइसिसीले बुधबार सार्वजनिक गरेको वरीयतामा नेपाल १४औँ स्थानमा छ। ग्लोबल छनोटको सुपर सिक्समा स्थान बनाउन चुकेको नेपालले अमेरिकालाई मात्र हराएको थियो। ग्लोबल छनोटको समूह 'ए'मा नेपाल जिम्बावे, वेस्ट इन्डिज र नेदरल्यान्ड्ससँग पराजित भयो। नेपालले आइतबार सातौँ र आठौँ स्थानको प्लेअफ खेलका लागि युएईसँग खेल्ने तालिका छ।

आइसिसीको वरीयतामा नेपालले ३८ खेलमा ३५ रेटिङ अंक पाएको छ। नेपालअघि १३औँ स्थानमा आयरल्यान्ड, १२औँमा स्कटल्यान्ड र जिम्बावे ११औँ स्थानमा छन्। सुपर सिक्समा स्थान बनाएको नेदरल्यान्ड्स १५औँ स्थानमा छ। अमेरिका १६औँ र नामिबिया १७औँ स्थानमा छन्। सुपर सिक्समा स्थान पक्का गरेको ओमान एकदिवसीय वरीयताका १८औँ स्थानमा छ। युएई १९औँ र पपुवा न्युगिनी २०औँ स्थानमा छन्।

नयाँ वरीयतामा अस्ट्रेलिया शीर्ष स्थानमा छ। पाकिस्तान दोस्रो, भारत तेस्रो, न्युजिल्यान्ड चौथो, इंग्ल्यान्ड पाँचौँ र दक्षिण अफ्रिका छैटौँ स्थानमा छन्। बंगलादेश सातौँ, श्रीलंका आठौँ, अफगानिस्तान नवौँ र वेस्ट इन्डिज १०औँ स्थानमा रहेको आइसिसीले जनाएको छ।

आसिफ र सोमपालको सुधार

आइसिसीको ब्याटिङ वरीयतामा ओपनर आसिफ शेख र अलराउन्डर सोमपाल कामीले स्थान सुधार गरेका छन्। आसिफ एक स्थान माथि उक्लँदै ७२ औँ स्थानमा रहे। बलिङतर्फ सोमपालले पनि एक स्थान सुधार गर्दै ७४औँ स्थान प्राप्त गरे। ब्याटिङमा कप्तान रोहित पौडेल ७०औँ स्थानमा यथावत् छन्। बलिङतर्फ दीपेन्द्रसिंह ऐरी ५९औँ, लेगस्पिनर सन्दीप लामिछाने २९औँ, करण केसी ९२औँ र ललितनारायण राजवंशी ९६औँ स्थानमा छन्।

खेल संक्षेप

बास्केटबल र फुटसल आजदेखि

काठमाडौं/ हिमालय कलेजको आयोजनामा प्रथम हिमालय एसइई बास्केटबल तथा फुटसल प्रतियोगिता बिहीबारदेखि हुने भएको छ। बास्केटबल पुरुषमा ५० तथा महिलामा १६ टोलीको सहभागिता रहने हिमालयका प्रमुख कार्यकारी अधिकृत नरेन्द्रबहादुर अधिकारीले जानकारी दिएका छन्। प्रतियोगिताका खेल नकआउट आधारमा हुनेछ। फुटसलमा आठ पुरुषले प्रतिस्पर्धा गर्नेछन्। बास्केटबल र फुटसलका विजेताले समान १० हजार रुपैयाँ पाउनेछन्। उपविजेताले १० हजार र तेस्रो स्थानमा रहने टोलीले पाँच हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ। पहिलो र दोस्रो हुने टोलीका सदस्यलाई ७५ प्रतिशत छात्रवृत्ति दिइनेछ। सहभागी टिमका प्रत्येक सदस्यलाई पनि ५० प्रतिशत छात्रवृत्ति प्रदान गरिनेछ।

सेमिफाइनल समीकरण पूरा

काठमाडौं / मोक्षदा टी-१० कप क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। बुधबारको खेलसँगै सेमिफाइनल पुग्ने चारै टोलीको टुंगो लागेको हो। फाइनल प्रवेशका लागि आयोजक मोक्षदा स्कुलले युनाइटेड स्कुलको सामना गर्नेछ। अर्को सेमिफाइनल एलआरआई र एपिएल स्कुलबीच हुनेछ। ललितपुरको हात्तिवनस्थित ग्रेट हिमालयन क्रिकेट एकेडेमीमा भएको पहिलो क्वार्टरफाइनलमा ईशान शाहको उत्कृष्ट प्रदर्शनमा मोक्षदाले डिएभी स्कुललाई हरायो। एलआरआईले सेन्ट जेभियर स्कुलाई पाखा लगायो। युनाइटेडले जेम्समाथि जित निकाल्यो। अन्तिम क्वार्टरफाइनलमा एपिएलले अक्षरा स्कुललाई हरायो। ११ टोली सहभागी प्रतियोगिताका विजेताले दश हजार र उपविजेताले पाँच हजार रुपैयाँ पाउनेछन्।

सफ्ट टेनिस सुरु

विराटनगर/ कोसी प्रदेश खेलकुद विकास बोर्डको प्रायोजनमा बुधबारदेखि राष्ट्रिय सफ्ट टेनिस प्रतियोगिता विराटनगरमा सुरु भएको छ। पहिलो दिन महिला एकलमा चार र पुरुष एकलतर्फ १५ खेलाडी प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। श्रेया राई, जर्जिया चौधरी, विमला मन्थी र ऋषिका चौधरीले महिलातर्फ अन्तिम १६ को स्थान पक्का गरे। वर्षाका कारण महिलातर्फको तीनवटा खेल रोकिएको छ। पुरुषतर्फ युकेश योन्जन, आशिष ढकाल, सुरज चौधरी, कमल भण्डारी, प्रदीप खत्री, निर्मल स्थापित र ब्रिजेश पाण्डेले बाई पाउँदै प्रिक्वार्टरफाइनल स्थान पक्का पारे। प्रतियोगिताका विभिन्न विधामा प्रथम हुनेलाई ३५ हजार, दोस्रो हुनेलाई २५ हजार र तेस्रो हुनेले १० हजार रुपैयाँ पाउनेछन्।

सेमिफाइनलमा भारतले लेबनानको सामना गर्ने

काठमाडौं/ १४औँ दक्षिण एसियाली फुटबल (साफ) च्याम्पियनसिपको सेमिफाइनलमा आयोजक भारतले आमन्त्रित टोली लेबनानको सामना गर्ने भएको छ। प्रतियोगिताअन्तर्गत समूह 'बी'को बुधबार भएको अन्तिम खेलमा लेबनानले माल्दिभ्सलाई १-० ले हरायो। जितसँगै लेबनान समूह 'बी'को विजेता बन्यो। लेबनानले फाइनल प्रवेशका लागि समूह 'बी'को उपविजेता टोली भारतसँग भिड्न लागेको हो। माल्दिभ्सविरुद्धको खेलमा लेबनानका कप्तान हसान मातुकले निर्णायक एक मात्र गोल गरेका थिए। उनले खेलको २३औँ मिनेटमा गोल गरेका हुन्। उनले डिबक्सबाहिरबाट उत्कृष्ट फ्रिकिक गोल गरेका थिए।

प्रतिस्पर्धामा लेबनानले धेरै गोल अवसर चुकाएको थियो। लेबनानले माल्दिभ्समाथि दबाब राखेको थियो। समूह 'ए'मा कुवेत विजेता हो। कुवेतले सेमिफाइनलमा समूह 'बी'को उपविजेता बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ। बंगलादेशले बुधबारै भएको खेलमा भुटानलाई ३-१ ले हराउँदै दोस्रो स्थान रक्षा गर्दै अन्तिम चारको स्थान पक्का गरेको हो।

भुटानले बंगलादेशलाई हराउँदा माल्दिभ्स अन्तिम चारमा पुग्ने समीकरण थियो। समूह 'बी'मा लेबनानले तीनवटै खेल जित्यो। बंगलादेशले दुई खेलमा जित निकाल्दै ६ अंक बनायो। माल्दिभ्सले तीन अंक जोडेको छ। भुटान अंकविहीन छ।

समूह 'ए'बाट नेपाल र पाकिस्तान बाहिरिइसकेका छन्। नेपाल पहिलो खेलमा कुवेतसँग ३-१ र दोस्रो खेलमा भारतसँग २-० ले पराजित भएको थियो। नेपालले मंगलबार आफ्नो अन्तिम खेलमा पाकिस्तानलाई १-० ले हराएको थियो।

अंक तालिका

समूह 'ए'

टोली	खेल	जित	ड्र	हार	अंक
कुवेत	३	२	१	०	७
भारत	३	२	१	०	७
नेपाल	३	१	०	२	३
पाकिस्तान	३	०	०	३	०

समूह 'बी'

टोली	खेल	जित	ड्र	हार	अंक
लेबनान	३	३	०	०	९
बंगलादेश	३	२	०	१	६
माल्दिभ्स	३	१	०	२	३
भुटान	३	०	०	३	०

बायर्नको नजर केनमाथि



लन्डन/ टोटनह्यामका मुख्य स्ट्राइकर ह्यारी केनलाई नयाँ सिजनमा अनुबन्ध गर्न जर्मन बुन्डेस लिग च्याम्पियन बायर्न म्युनिख अग्रसर देखिएको छ। बायर्नले फिनिसिङ लाइन बलियो बनाउन इंग्ल्यान्डको राष्ट्रिय खेलाडीसमेत रहेका केनलाई मुख्य प्राथमिकतामा राखेको छ। गत वर्ष बायर्नका प्रमुख स्ट्राइकर रोबर्ट लेवान्डोस्की बार्सिलोनामा आबद्ध भएका थिए। लेवान्डोस्कीको बार्हिगमनपछि बायर्नको फिनिसिङ लाइन कमजोर बनेको छ।

बायर्न अगाडि बढिरहँदा टोटनह्यामले केनलाई जस्तोसुकै प्रस्ताव आए पनि नबेच्ने जनाएको छ। यद्यपि, केन र टोटनह्यामबीचको सम्झौता यसै वर्षसम्म मात्र छ। इंग्लिस क्लब टोटनह्याम केनसँगको सम्झौता नवीकरणको प्रयासमा छ।

बायर्नले केन भित्र्याउन टोटनह्यामलाई ६० मिलियन पाउन्ड प्रस्ताव राखेको छ। यसैबीच, म्यानचेस्टर युनाइटेड पनि केनप्रति नै लक्षित रहेको एजेन्सीले जनाएको छ। म्यानचेस्टर सिटीले गत वर्ष केनलाई भित्र्याउन नसकेपछि हालान्डलाई अनुबन्ध गरेको थियो।

चार भारोत्तोलन खेलाडी छनोट

काठमाडौं/ चीनको हाङझावमा हुने १९औँ एसियाली खेलकुद प्रतियोगिताका लागि भारोत्तोलनका चार खेलाडी छनोट भएका छन्। अन्तिम छनोट प्रतियोगिताबाट समान दुई पुरुष र महिला खेलाडी छनोट भएको नेपाल भारोत्तोलन संघका अध्यक्ष राम श्रेष्ठले जनाएका छन्। पुरुष ८१ केजीमा कञ्चनपुरका विकास भट्ट तथा ९६ केजीमा नेपाल प्रहरीका विशालसिंह विष्ट छनोट भए। महिला ५५ केजीमा प्रहरीकी टीकामाया गुरुङ र ६४ केजीमा नेपाल आर्मीकी शारदा चौधरी छानिए। एसियाली खेलकुद ६ असोजदेखि हुँदै छ।

पविन र विजित दोस्रो चरणमा

काठमाडौं/ तेस्रो प्रधानमन्त्री कप खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता बुधबारदेखि सुरु भएको छ। प्रतियोगिताको पहिलो दिन पुरुष एकलमा त्रिभुवन आर्मी क्लबका पविन लिनथेप र एपिएफका विजित थापामगर दोस्रो चरणमा पुगेका छन्। पविनले बिवाइसीका अरुण अधिकारीलाई २-० को सेटमा हराए। विजितले रुपन्देहीका प्यारजंग थापामाथि २-० को सहज जित निकाले। अर्को खेलमा एपिएफका सुजन थापाले काठमाडौं ब्याडमिन्टन एकेडेमीका सुजल श्रेष्ठलाई २-० ले हराए। आर्मीका हिमाल चन्दले काभ्रेका अंकितलाई २-० ले निराश पारे। यसअघि प्रतियोगिताको उद्घाटन युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले गरेका थिए। मन्त्री लिम्बूले खेलकुदका माध्यमबाट राज्यको आर्थिक स्तर उकास्ने कार्यमा सबै लाग्नुपर्ने बताए।

सरकारले भारत जाने स्वीकृति दिएको छैन : पिसिबी

कराँची/ अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिसकेको छ। खेल तालिकाअनुसार भारत र पाकिस्तानबीचको खेल १५ अक्टोबरमा नरेन्द्र मोदी अन्तर्राष्ट्रिय रंगशालामा हुनेछ। क्रिकेट समर्थकका लागि यो खेल बहुप्रतिष्ठित हुनेछ। आइसिसीको अनुसार पाकिस्तानले विश्वकपमा सहभागिता जनाउन भारत जानुपर्छ। यसपटक प्रतियोगिताको आयोजक भारत हो। तर, पाकिस्तानले एकदिवसीय विश्वकपमा सहभागिता जनाउन भारतमा जाने स्वीकृति प्राप्त नभएको जनाएको छ। पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले बुधबार विज्ञप्ति जारी गर्दै भारतमा जान आफ्नो सरकारले अनुमति प्रदान नगरेको स्पष्ट पारेको छ।

सरकारले स्वीकृति दिएको अवस्थामा मात्र पाकिस्तानी क्रिकेट टोली भारत जान पाउनेछ। सरकारले स्वीकृति नदिँदासम्म पाकिस्तानको एकदिवसीय विश्वकपको सहभागिता अन्योलमा परेको छ। 'हामीले भारतमा खेल्न सरकारसँग अनुमति लिनुपर्छ,' पिसिबीले विज्ञप्तिमा भनिएको छ, 'विश्वकप आउन अझै समय छ, छिमेकी राष्ट्रमा विश्वकप खेल्नका लागि हामी सरकारसँग अनुमति लिन निरन्तर रूपमा सम्पर्कमा छौं।'

पाकिस्तान सरकारले छिमेकी भारतमा हुने एकदिवसीय विश्वकपमा सहभागी हुन आफ्नो टोलीलाई स्वीकृति दिएको छैन



आइसिसीसँग सम्झौता

पाकिस्तानमा हुने एसिया कप क्रिकेट प्रतियोगितामा भारतले पाकिस्तानमा नखेल्ने घोषणा गरेको थियो। भारत सरकारले आफ्नो क्रिकेट टोलीलाई पाकिस्तान नपठाउन अडान लिएपछि एसिया कप नै श्रीलंकामा हुने भएको छ। पाकिस्तानले एसिया कपकै 'विवाद' उठाउँदै एकदिवसीय विश्वकपमा आफ्नो उपस्थितिबारेमा स्पष्ट नभएको जनाएको हो। यसैबीच, आइसिसीले विश्वकपमा सहभागी हुने सबै राष्ट्रसँग सम्झौता गरेको जनाएको छ। सम्झौताअनुसार जस्तोसुकै परिस्थिति आए पनि क्रिकेट टोलीले अर्को देशमा गएर खेल्नुपर्छ। विश्वकप अवधिभरि आइसिसीको नियम पालना गर्नुपर्ने र सम्झौताविरुद्ध जान नहुने भनिएको छ। 'पाकिस्तानले विश्वकपको सम्बन्धमा हामीसँग सम्झौता गरेको छ,' आइसिसीले भनेको छ, 'यही नियमअनुसार पाकिस्तान भारतमा गएर खेल्नुपर्छ।'

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवदह, तनहुँ
गण्डकी प्रदेश

ठेक्का किन नतोड्ने ? सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८०।०३।१४ गते

तपसिलमा उल्लेखित निर्माण व्यवसायीले यस कार्यालयसँग निम्नानुसारको निर्माण कार्य गर्ने सम्झौता गरी सम्झौताबमोजिम तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगरेको हुँदा निर्माण कार्य सम्पन्न गर्नका लागि यसअघि पटक-पटक लिखित पत्र तथा मौखिक निर्देशनमार्फत आग्रह गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्नेतर्फ कुनै चासो नदेखाएको/प्रयास नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा देवघाट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ र निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौताबमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्न पर्ने कुनै मनासिव कारण भएमा ७ (सात) दिनभित्र विश्वसनीय स्पष्टीकरणसहित यस कार्यालयमा उपस्थित हुन यसै सूचनाबाट सूचित गरिन्छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरू, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा देवघाट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ बमोजिम ठेक्का सम्झौता रद्द गरी तत्पश्चात् गरिने सम्पूर्ण कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

क्र.सं.	ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम
१.	NCB/DRM/TRSM/35/2077/078	Construction of Ghantachuli Tourism Area Development Project at Devghat Rural Municipality	M/s Mrit Sanjiwani–Shiva Shakti–Eco J.V.

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
सडक डिभिजन हर्कपुर, ओखलढुंगा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०।०३।१४

यस कार्यालयबाट तपशिलको मर्मत कार्यको लागि मिति २०७९।०९।२७ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. 02-RDHKR/2079-80 बमोजिम e-GP system thttp://www.bolpatra.gov.np.egp बाट रितपूर्वक प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये निम्नलिखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	स्वीकृत बोलपत्रको नाम	कबोल अंक रु. (भ्याट र पि.एस. समेत)
RDHKR/33701176/079-80/021	Upgrading of Road to Blacktop Standard with Roadway Excavation, Structural works and Drainage works in Salleri-Silgudhidadha-Kaku-Basha-Orlanghat-Jubing-Kharikhola-Lukla Jodna Khumbu Road, Solukhumbhu.	M/S Shree Champeshwor - P.M. Nirman JV, Balkhu 14, Kathamandu.	40,90,84,938.04

डिभिजन प्रमुख

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com